गीता-बोध

श्रीमद्भगवद्गीता

नेपालीमा रूपान्तर

डा. भीष्मराज प्रसाई

गीता-बोध

श्रीमद्भगवद्गीता
नेपालीमा रूपान्तर

डा. भीष्मराज प्रसाई
एम० बी० बी० एस, डी० सी० पी० (लण्डन),
सह-प्राध्यापक, प्याथोलजी,
चिकित्साशास्त्र अध्ययन संस्थान,
काठमाडौं ।

प्रकाशिका–
श्रीमती सुभद्रा प्रसाई,
क. १/१४७ कोपुण्डोल, ललितपुर, नेपाल ।
☎ २१६१०

प्रथम संस्करण- २०३७ भाद्र
(१००० प्रति)
मूल्य रू. १२।– बाह्र मात्र

मुखपृष्ठको आवरण –
श्री अनील पाण्डे 'अकेला'

मुद्रक–
जगदम्बा प्रेस (प्रा.) लि.
श्रीदरबारटोल, पाटनढोका ।

यो पुस्तक

मलाई चेतना र विवेक दिने अनि
यो रूपमा लेख्न प्रेरणा दिने ईश्वरलाई

समर्पण

गीता – बोध

विषय सूची

गीता-बोध

भूमिका

त्यस पुस्तकका लेखको केटाकेटी अवस्था, धर्मकर्म पूजा-पाठको सामान्य नेपाली परम्परामा हुर्केको हुंदा साँउअक्षर खुलेपछि नेपाली भाषामा लेखिएका रामायण, महाभारत र 'कृष्ण चरित्र'का कथा पढ्ने र गाउँघरका साँउअक्षर नखुलेका बूढीआमैहरूलाई कथा सुनाइदिने काममा हुर्कियो । आधुनिक स्कूलले पहाड-पर्वतका कन्दरामा चिन्हाउनुभन्दा अघिको परंपरा यस्तै थियो । यस्तै परंपरामा हुर्केका अनेक केटाकेटी आजकल वयष्क र अझ अधबैंसे पनि भइसके ।

संभवत: २००० सालतिरको कुरो होला, 'कोमल गीता' नामको एक पुस्तक हाम्रो घरमा आइपुग्यो, कोमल मन भएकै बाल्यवस्थामा यस पुस्तकका मीठा लयमा लेखिएका श्लोकहरू-मध्ये मलाई धेरै श्लोक कण्ठ थिए । सबै श्लोकको अर्थ नबुझे पनि कुनैकुनै श्लोकको गहिरो छाप पर्‍यो, त्यस्तै छाप पार्ने श्लोकमध्ये यो एउटा थियो–

गाई हात्ती र चाण्डाल कुत्ता सर्वज्ञ वाहुन
ज्ञानीका दृष्टिमा एकै ठहर्छन् बुझ अर्जुन
कोमल गीता ५।१८

त्यति बेलाको नेपाली समाज अशिक्षाको अन्धकारले ढाकिएको ता थियो नै त्यसभन्दा पनि बढी तत्कालीन राणा

शासन व्यवस्थाले धर्मको आडमा नेपालीलाई 'छुवाछुत' को परिधिभित्र तल्लो जात, माथिल्लो जात, पानी नचल्ने, पानी चल्ने, भात चल्ने नचल्ने आदिमा कानूनी तवरले विभाजन गरी अमेलको वातावरण कायम गर्न सफल भएको थियो। पानी र भातको आधारमा मानिस सानो–ठूलो अझै पनि मानिन्छ। मूर्ख अनि ज्ञानीको भेद ज्ञानद्वारा होइन भात पानीद्वारा हुने स्थिति प्रचलनमा अझै छ तापनि शिक्षाको प्रचार र मुलुकी ऐनले यस्तो कुसंस्कारलाई हटाउन केही हदसम्म सफल भएको छ।

सन्दर्भ यहाँ उपरोक्त श्लोकको हो। १९४६ तिर अंग्रेजी शिक्षाको पठन–पाठनका निमित्त म सर्वप्रथम दार्जीलिङ गएँ। त्यहाँको उन्मुक्त वातावरण, जात भात विहीन नेपाली समाज वाहुन, क्षेत्री, लिम्बू, राई, दमाइँ, कामी, सार्की सबै जात भित्र आत्मीयता, आवत जावत, खान–पिनको वन्धनमुक्त र सबै जात बीच विहावारी भाइचाराका अवस्था देख्ता दमाइँले जदौ, वाहुनले स्वस्ती भन्नुपर्ने, तल्लो जातले माथिल्लो जातको घरभित्र पस्नु नहुने, भोज-भत्यार नचल्ने संकुचित एवं विभाजित ग्रामीण वातावरणको म एक युवकको अन्तरात्मामा द्वन्द्व हुनु स्वाभाविक थियो। त्यसै बेला एक साँझमा कागझोरा स्थित आर्य समाजी मित्रको घरमा हवन हेर्ने मौका पाएँ। आर्य समाजीहरू वेदमा वताइएअनुसार हवनद्वारा अर्चना गर्दछन्। त्यहाँ चारै जातका ज्ञानी पुरुष मिलेर परमात्मामा अर्पण गरी हवन गरेको देखें (यस्तो हवन नेपालमा ब्राह्मणले मात्र गर्दथे)! पवित्र गायत्री मन्त्र चारैतिर भित्तामा ठूला ठूला अक्षरले लेखिएका थिए; यहाँ-मैले पहिलो पल्ट शूद्रले पनि ब्राह्मणले गर्ने हवन गरेको देखें–त्यस बेला मेरो मनस्पटमा छाप लगाउने उपरोक्त कोमल गीताको श्लोक आयो। उक्त श्लोकमा ज्ञानी पुरूषले सबैलाई एउटै देख्छ भनिएको छ। स्वभावतः जातपात– प्रथामाथि पहिलो पल्ट मेरो मनमा विद्रोह उत्पन्न भयो। मानिस मानिस बराबर हुनु–

पर्दछ भन्ने पहिलो धारणा त्यसबेला उत्पन्न भयो अनि उपरोक्त श्लोकको अर्थ पनि खुल्न लागेको अनुभव गरे ।

समाज शृँखला समयानुसार परिवर्तन हुँदै जान्छ । हिजोको समाज आज छैन । आजको भोलि रहँदैन भोलि हाम्रो समाजको आकृति कस्तो हुनेछ कल्पना गर्न सकिँदैन । तर सत्य भने सधैं एकै रहनेछ । यो नास हुँदैन । सत्य ईश्वरको रूप हो । ईश्वर युगौंयुग परिवर्तन नहुने अविनाशी वस्तु हो । गीतामा यत्रतत्र यो कुरालाई दोहो-याइएको छ ।गीतामा ज्ञान–प्राप्त ज्ञानी पुरुष र मूर्ख, मूढ, अज्ञानीको विभेद गरिएको छ । ज्ञानप्राप्त पुरूषका निमित्त–गाई, हात्ती र कुकुर तथा चाण्डाल र सबै कुरो जान्ने ज्ञानी बाहुन (पण्डित) एकैं हुन् भनिएको छ । गीतामा सर्वत्र सम्पूर्ण चराचर भूत प्राणीमा रहने परमेश्वर तत्व-आत्मा, एउटै ब्रह्म हो भनिएको छ । भिन्नभिन्न आतमा हुन्नन्, आत्मा एउटै छ । त्यही एउटै आत्माको अंश मात्र अनेक प्राणीमा रहेको छ । नाश हुने स्थूल शरीर मात्र भिन्नभिन्न हो । स्थूल शरीर क्षणिक छ नाशवान् छ, आत्मा अजरअमर हुन्छ ।

आत्मा, इन्द्रिय र स्थूल शरीरको संयोग पुरुष हो या व्यक्ति हो स्थूल शरीर धान राख्ने कोठो (भकारी) सरह मात्र हो । आत्मा, इन्द्रिय र स्थूल शरीरको संयोग यो व्यक्ति या पुरुषले-कर्मअनुसारको फल भोग्नु पर्दछ – असल कर्म गरे मुक्ति, मध्यम कर्म गरे जन्म मरणको वन्धन र नीच कर्म गरे अधोगति प्राप्त । गीता पाठ गरेपछि कुन असल, कुन मध्यम र कुन नीच कर्म हो स्वत ज्ञान हुन्छ । यो कुराको निरूपण गर्न म पाठक–वर्गलाई नै छोडदछु ।

एउटा कुरो के प्रष्ट हुन्छ भने – मानिस सानो ठूलो वास्तवमा कर्मको भेदले हुन्छ । ठूलो त्यो हो जसमा दैवी गुण हुन्छन् । दैवी गुण ब्राह्मण, क्षेत्री वैश्य र शूद्र सबैमा हुन सक्तछन्-

दैवी गुण उत्पन्न गर्न निष्काम कर्म गर्नु पर्दछ । इन्द्रिय निग्रह नगरी, एक चित्त नभै, त्याग नगरी कर्म योगी बन्न सकिंदैन । तर इन्द्रियनिग्रह गरी फलको चाहना नगर्ने कर्म योगीमा–बोली वचन र मनको संयम गर्नु, नडराउनु, हिंसा नगर्नु, क्रोध त्याग्नु, दया गर्नु, मृदुभाषी बन्नु, धैर्य लिनु, मान अपमान नसंम्झनु, घमण्ड त्यागनु, छलकपट नगर्नु, दान गर्नु, डाह नगर्नु जस्ता दैवी गुण स्वत: पलाउछन् । आसुरी प्रवृतिको रूप-निष्ठुरी, क्रूर, अभिमानी, कर्तव्य अकर्तव्य छुटयाउन नसक्ने, अज्ञानी, आकांक्षा र कामना धेरै भएको मै खाउँ मै लाउँ भन्ने खालको हुन्छ । तपाइँ हामी सबैमा यी दुवै प्रकारका गुण वा एकको प्राधान्य वा एक किसिमका मात्र गुण हुन सक्छन् । दैवी गुण सफलता (मुक्ति) को बाटो हो भने आसूरो प्रवृति खराब बाटो हो, सर्व नाशको बाटो हो । मुक्तिको वा विनाशको कुन बाटो हिंड्ने हो– हामी आफैंले तय गर्नु पर्दछ । यहाँ मलाई स्वर्गीय लक्ष्मीप्रसाद देवकोटाको मुनामदनको एक पंक्तिको संझना हुन्छ–

"मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन"

दिल-हृदय हो । हृदय ठूलो हुनु भनेको संकुचित नहुनु, दुष्ट नहुनु, दयामायाले भरिएको हुनु हो । यस कविताको पंक्तिमा गीता भाव दर्शेको पाइन्छ । यस दु:खैदुखले भरिएको युगमा गीता मनन गरेर हामी सबैले एक अर्कालाई ईश्वरकै आत्मायुक्त, एकै परमेश्वरका संतान संझेर सबैको दु:खसुखमा कर्म, वचन र मनले सम भाव राख्न सक्नु नै ईश्वर प्राप्तिको बाटो लिनु हो ।

फेरि, गीतामा यो पनि भनिएको छ– मानिसले गर्ने कर्म, कर्मको स्वरूप त्रिगुणात्मक नियमले बेरिएको छ, अर्थात्, सत्व, रज, तम भन्ने तीन प्रकृति वा गुण छन्; तीनैले अघिल्लो जन्मको कर्मअनुसार कर्म गराउने प्रेरणा गराउँछ वा कर्म नै नगराई

छोड्दैन । तात्पर्य के भने –हिन्दू धर्म मान्नेले पुनर्जन्म र कर्म-फल को चक्र मान्नु पर्दछ । संपूर्ण हिन्दू दर्शन नै एक ईश्वर र यसको मायाले जगतमा जन्म मरणको सनातन चक्र चलाई रहन्छ भन्ने धारणामा अडेको छ । अतएव एक जन्ममा गरेको असल कर्म संचितभई अर्को जन्ममा भोग गर्न पाइन्छ वा भनौ, आज तपाई हामी जो जति भोग गर्दछौं त्यो अघिल्लो जन्मको संचित पुण्य वा पाप हो । हामीले अरू कसैको हित गर्नु भनेको, आफ्नै हित गर्नु हो । आज असल कर्ममा तत्पर भयौं भने भोलिको अन्धकार पन्छिन्छ ।

महाभारतको युद्ध अन्यायको विरूद्ध लडिएको लडाई थियो । यसले के दर्शाउँछ भने – अन्यायका विरूद्ध लड्नु पाप होइन, कर्तव्य हो । सत्यको सधैं वीजय हुन्छ । कर्तव्य बोधले नैतिकता पढाउँछ । आफूलाई सुंपेको काम गर्नु कर्तव्य हो; व्यवहारमा रहेका हामी सबैको आफू, परिवार, समाज र राष्ट्रप्रति कर्तव्य रहन्छ । फलको कामनारहित गरिएको कर्तव्यले आत्म–सुख ल्याउँछ । यस्तो आत्म–सुख अलौकिक हुन्छ । कामनायुक्त कर्म गरेपछि फल पाइएन भने रीस उठ्तछ, रीसले अविवेक पैदा गर्दछ, विवेकै हराएपछि मानिस मानिस रहँदैन पशु बन्दछ । सांसारिक कर्ममा तीव्र आकांक्षाले मानिसलाई पशुतुल्य बनाई दुःखको गहिरो खाडलमा पुऱ्याउँछ ।

गीता पढेर मानिस बौलाउँछ, झोली तुम्बा लिएर जंगल पस्तछ भन्ने गलत धारणा धेरै नेपालीमा भएको भान मैले अनुभव गरेको छु । यस्तो भ्रम हुनु अज्ञानता हो । बरु, गीताको ज्ञानमय समुद्रमा डुब्नेले सहजै मोती भेट्तछ । गीता मानिसहरूलाई कर्ममा होम्ने यज्ञ हो ।युद्धको बीचमा धनु त्यागेर "बन्धु मार्नुभन्दा बरू आफैं मारिन्छु, युद्ध गर्दिनं" भनी कर्म त्याग्न तत्पर भएका अर्जुनलाई -उठाउने, जगाउने, कर्तव्य अकर्तव्यको बोध

गराउने, ज्ञान–अज्ञान बुझाउने, परमात्माको अनन्त सुखमय अविनाशी रूप चिनाउन समर्थ पार्ने यही गीता हो; यसले आत्मविश्वासको अजय शक्ति सृजना गर्दछ। गीताले कर्म त्याग होइन कर्मतन्मय गराउँछ। श्री कृष्ण भगवान्‌बाट सपूर्ण कर्म–योग, ज्ञानयोग र भक्तिमार्गका भिन्नता र महात्म्य सुनिसके–पछि अर्जुन बिन्ती गर्दछन्–

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादन्मयाच्युत
स्थितोस्मि गत संदेहः करिष्ये वचनं तव ।
गीता १८।७३

अर्थात्:– जनार्दन ! यस भक्तउपरको अपार करुणाले गर्दा मेरा सबै मोह नष्ट भएका छन्, म मेरो कर्तव्य गर्न तत्पर भएको छु; म हजूरको दिव्यउपदेश अनुसार युद्ध गर्नेछु।

गीताले यसरी कर्मयोगमा लगाउँछ, आत्मज्ञानको जागृति गराउँछ, तथा मोक्ष प्राप्तिको आफ्नो वाटो आफैंलाई वनाउन सिकाउँछ। ज्ञानमार्ग, भक्ति र कर्मयोग तीनै मार्गको लक्ष ईश्वर प्राप्ति हो तापनि यस जगत्‌मा कर्मयोग नै यस्तो सहज मार्ग हो जसले जीवन सार्थक वनाउन सहयोग पुऱ्याउँछ। मानिस भित्र रहेको आसूरी प्रवृत्तिलाई असल काम र आचरणले जित्न सक्नु कर्मयोगको पहिलो पाइलो हो।

गीताको पुस्तक नपाइने नेपाली घर विरलै होलान्। तर गीताको ज्ञान भने धेरैजसो श्रुति (सुनिएको) भरमै प्राप्त गरेको हुन्छ; बूढापाका, गुरुहरू वाट छुट्पुट् ज्ञान सबैले पाएको हुन्छ। मूल गीता संस्कृतमा भएको हुँदा त्यो ज्ञानको भण्डार सवा करोड नेपाली (संस्कृत बुझ्ने नेपाली कति होलान् र!) लाई खुला छैन। गीताज्ञान प्रचार गर्न सक्षम पहिलो पुस्तक पं. कोमलनाथ अधिकारीज्यूको 'कोमल गीता' हो। सामान्य नेपालीले बुझ्ने

पद्य तथा टीका समेत राखी लेखिएकाले त्यो पुस्तक अनुपम ग्रन्थ मानिन्छ। मु. हरिलाल थपलिया कृत "श्री मदभगवत् तात्पर्यं वोधिनी भाषाटीका", स्वामी ईश्वरा नन्द, पं. धरणीधर कोइराला, डा. क्षितीश चन्द्र चक्रवर्ती, पं. लेखनाथ कृत श्री मदभगवद् गीता पनि अप्राप्य नै भइसकेका छन्। यस्तै अरू पनि छुटपूट गीता ग्रन्थहरू छन् तापनि ती पुस्तकहरू मूल गीता, अर्थ, भाषाटीका र तात्पर्य समेत खुलाई लेखिएकाहुनाले स्वभावतः ठूला आकारका छन् र धेरै फुर्सद भएका वा ज्ञान खोज्न तत्पर भएका पुरुषलाई संदर्भ ग्रन्थको रूपमा लिन सकिन्छ।

यो पुस्तक लेख्दा उल्लेख भएका ग्रन्थहरूको सहयोग लिएको हुँदा म ती ग्रन्थकारहरू प्रति कृतज्ञता ज्ञापन गर्दछु। केही संदर्भ ग्रन्थ सूची पुस्तकको अन्त्यमा समावेश गरिएको छ, अरू खोज गर्न इच्छा राख्नेहरूको निमित्त उपयोगी नै होलान्।

सानो, छरितो, सरल र सबैले बुझ्ने भाषामा लेखिएको गीताको खाँचो महसूस गरी यो 'गीता–वोध' तयार भएको छ। युवकहरूमा अझ भनौं स्कूलका हाम्रा बालकको कलिलो स्मृति-पटमा चरित्र निर्माण गर्ने खालका नैतिक वल उत्पन्न गर्ने पुस्तक-हरूको अति खाँचो छ। 'गीता-वोध'को सरलताले यो खाँचो केही हदसम्म पूर्ति गर्न सफल भएछ भने म मेरो प्रयास सफल भएको सम्झन्छु।

अन्त्यमा, यो पुस्तकको रूप तयार गर्न सहयोग गर्ने मेरा मित्रहरू श्री केदार नेउपाने, श्री नवीनप्रकाश जङ्ग शाह, श्री वासुदेव शर्मा लुइँटेल प्रति म ऋणी छु।

–डा. भीष्मराज प्रसाईं

क १/१४७ कोपुण्डोल,
ललितपुर, नेपाल।
२०३७ भाद्र १६, श्री कृष्णाष्टमी।

गीता-बोध

महाभारतको युद्ध र गीताको पूर्वाधार

कुरूकुलको संरक्षण गर्ने धृतराष्ट्र, पाण्डु र विदुर वेद-व्यासबाट जन्मेका तीन छोरा थिए तर जेठा धृतराष्ट्र अन्धा भएकाले माइला पाण्डुले राज पाएका थिए। केही समयपछि पाण्डुले राज-पाठ आफ्नै अन्धा दाज्यू धृतराष्ट्रलाई सुम्पेर वनवास गए। पाण्डुका युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव गरी पाँच भाइ छोरा र सबै छोराकी साझा बुहारी द्रुपद राजाकी छोरी द्रौंपदी थिइन्। पाण्डुका छोराहरूको सामूहिक नाउँ पाण्डव थियो। धृतराष्ट्रका एकसय छोराहरू थिए। यिनीहरू सामूहिक रूपले कौरव भनिन्थे, धृतराष्ट्रका जेठा छोराको नाम दुर्योधन थियो।

भाइ पाण्डुबाट राज-पाठ पाएका धृतराष्ट्र महाराजले पनि भाइका छोरा र आफ्ना छोरामा कुनै प्रकारको भेदभाव नगराइकनै यिनीहरूको लालनपालन गरी सुयोग्य गुरु द्रोणा-चार्यबाट शिक्षा दीक्षा दिलाए। पाण्डवहरू सानैदेखि सोझा र धर्मात्मा प्रवृत्तिका थिए तर कौरव भने कपटी, छलछाम गर्ने इर्ष्यालु र दुष्ट प्रवृत्तिका थिए,। दुर्योधनले सानैदेखि पाण्डवप्रति छुल्याइँ गर्ने गर्दथे र आफ्ना भाइहरूलाई एक्कोहो-याएर पाण्डव-हरूको विरुद्धमा यिनीहरूको नेतृत्व गर्दथे।

महाराज धृतराष्ट्रले लोकाचार राख्न राजपाठ बाँडेर कमसल राज्य पाण्डव र रमणीय हस्तिनापुर सहितको राज्य आफ्ना छोराहरूलाई दिए। पाण्डवमध्येका जेठा युधिष्ठिर राजा भए। धर्मपूर्वक राज गरी आफ्नो राज्यमा सुख, सम्वृद्धि

फैलाएका थिए। तिनताक पाण्डवहरूले एउटा ठूलो राजसूय यज्ञ गरे, त्यस यज्ञ गरेको समयमा सबै इष्टमित्रका साथ दुर्योधन आदि कौरव पनि निम्तारू थिए। त्यहाँ पाण्डवहरूको वैभव देख्ता इर्ष्यालु दुर्योधनको मन कुडिनु त स्वभाविकै थियो भने क्न् त्यहाँ आफू अपमानित् समेत भएको हुनाले वदला लिने र पाण्डवलाई तहसनहस पार्ने विचार लिन लागे अनि त्यहीं महाभारतको युद्धको विष वृक्षको विजारोपण भयो। केही समय-पछि षडयन्त्रको योजनानुसार पाण्डवलाई दुर्योधनले जूवा खेल्न निम्त्याए; धृटराष्ट्रले पनि मोहवश आफ्ना छोराले गरेका कुकृत्य-हरू रोक्न सकेनन्। यो जूवामा यिनीहरूले छल गरेर पाण्डवको जोउ धन सर्वस्व जिते अनि पाण्डवकी पत्नी द्रौपदीलाई पाण्डवकै सामने निर्वस्त्र पार्न खोजी अपमानित पारे। दुर्योधनको हाइहुकूम ठूलो थियो। भीष्म लगायत कसैले पनि दुर्योधनको इच्छा विपरीत केही गर्न सक्तैनथे। धृतराष्ट्रलाई पनि मनमा पाप उब्जिसकेको थियो अनि पाण्डवको नाशै भए पनि आफ्ना छोराको हाइकम चलेको हेर्न चाहन्थे।

जूवामा सर्वस्व हारेका पाण्डव शर्तबमोजिम १२ वर्ष वनबास र १ वर्ष गुप्तबासको कठिन शर्त पालन गरी फर्केर आए र दुर्योधनसँग आफ्नो राज्य फिर्ता मागे। दुर्योधन शक्ति शाली र पराक्रमी थिए। पाण्डवको समेत राज्य उनको राज्यमा गाभिएको हुनाले वरपरका सबै राजा रजौटाले उनलाई नै मानेका थिए। आफ्नो बलको घमण्डमा परी दुर्योधनले पाण्डव-लाई उनीहरूको राज्य फिर्ता गर्न इन्कार गरेको हुनाले युद्ध हुने नै भयो। पाण्डवले कौरवलाई जिते मात्र यो राज्य पाउने भए।

दुबैतर्फको तयारी हुन लाग्यो, आफ्नो आफ्नो पक्ष मजबूत बनाउन सहयोगी साथीको खोजी भयो। राजा, रजौटा, योद्धा-हरूले दुई पक्षमध्ये आफ्नो पक्ष छाने। बलेको आगो नै त

मानिस मन पराउँछन् । दुर्योधनका पक्षमा त्यस समयका धेरै जसो शूरवीर लागे । यादव वंशमा जन्मेका भगवान् श्री कृष्ण, अर्जुनका जेठान पर्ने नातादार मात्र होइन, यिनीहरूको बीचमा ठूलो घनिष्ठता थियो । अर्जुनलाई भगवान् कृष्णले प्यारो साथी र मन परेको भक्त पनि संझेको थियो । यो दु:खको घडीमा पाण्डवहरू कृष्णकै शरणमा परे । दुर्योधनको अन्याय पूर्ण र दुष्ट-व्यवहारले पाण्डवप्रति कृष्णको सहानुभूति रहनु स्वाभाविक थियो ।

पाण्डवका पक्षमा धर्म र न्याय थियो तापनि यस गृह-युद्धमा ठुलठूला शूर, वीर, राजा योद्धा मात्र होइन करोडौं नर-नारी युद्धको मुखमा पर्ने संभावना थियो । कृष्ण एक सुयोग्य नेता, गुरु, विद्रोही, ज्ञानी, मोक्ष दिने ईश्वर मात्र होइन शान्तिका पूजारी पनि हुनुहुन्थ्यो । त्यसैले दुर्योधनलाई यो युद्ध नगर्न र पाण्डवसँग मेलमिलाप गर्न अनेक आग्रह गर्नु भयो, दुर्योधनले पटक्क मानेनन् । उता कपटी धृतराष्ट्रले पनि भरसक पाण्डव-हरूले हक छोडी उतै जंगल वास गरुन् भनी संजयलाई पाण्डव-छेउ उनीहरूलाई हतोत्साह पार्न चतुऱ्याइँ साथ कुरा गर्न पठाएका थिए । त्यस वखत विचित्रको शीत युद्धको वातावरण छाएको मात्र होइन युद्धको वादल छाइसकेको थियो । हुनुहुनामी नभई छोड्दैन भनेझैं दुर्योधनले भगवान् कृष्णको शान्ति–प्रस्ताव टुक्र्याएर युद्ध गर्ने नै भए । शायद ईश्वरको यही इच्छा थियो होला । श्री कृष्ण भगवान्ले धर्मको रक्षा गर्न यस युद्धमा पाण्डवको पक्षमा अर्जुनको सारथी भै लड्ने वचन दिनु भयो । यही युद्ध महाभारतको युद्ध भन्ने प्रसिद्ध नाउने चिनिन्छ । यो युद्धलाई दुर्योधनको अन्यायको विरुद्धको लडाइँ भएकोले धर्मयुद्ध पनि भनिन्छ ।

युद्धको संपूर्ण तयारी भएपछि दुई शैन्यका वीचमा रथ अड्याएर श्री कृष्ण भगवान् र अर्जुनको वीचमा भएको संवाद

गीता हो । अठार अध्यायको ज्ञानोपदेशको पूर्ण विवरण यो गीता–बोधमा रूपान्तर गरिएको छ । यो संवादको प्रत्यक्ष वर्णन अन्धाराजा धृतराष्ट्रलाई दिव्य दृष्टि पाएका संजयले बताए-अनुसार उल्लेख भएको छ । महाभारतको युद्धमा भाग लिने मुख्य वीर योद्धाको छोटकरी विवरण यस प्रकार छ–

पाण्डवका तर्फ

युधिष्ठिर– कुन्तीको विवाह राजा पाण्डुसँग भएपछि एक दिन शिकार खेल्न जांदा मृग र मृगिणी रूपमा विहार गरिरहेको ऋषिलाई राजाले बाँड हाने । मृग रूप ऋषिले मर्ने बेलामा "तिम्रो पनि पत्नीसँग क्रीडा गर्न लागेका बखतमा मृत्यु होस् !" भन्ने श्राप दिएका थिए । तसर्थ आफ्नी पत्नीसँगको संबन्धबाट उनको सन्तान नहुने भएकोले कुन्तीलाई कुनै पराक्रमी पुरुष-सँग संवन्ध राखी संतान पैदा गर्ने आज्ञा दिए । युधि-ष्ठिर, कुन्ती–धर्मराजको संयोगवाट जन्मेका जेठा पुत्र हुन् । उनी अति धर्मात्मा र निष्ठवान् वीर पुरुष थिए । भाग्य र नियतीको खेलमा विश्वास राख्ने भएकोले जे जस्तो आइपर्दा पनि खुशी साथ बेहोर्ने उनको प्रवृत्ति थियो । यस युद्धमा पाण्डव पक्षको सर्वाधिकारी अधिनायक उनै थिए ।

भीमसेन– वायुदेव पट्टिवाट जन्मेका कुन्तीका माहिला पुत्र । अति वलवान् र पराक्रमी भएकोले वलको काम पर्न आएमा यिनैको जिम्मा लगाइन्थ्यो । आमा कुन्ती र दाज्यू युधिष्ठिरको सेवामा सधैं तत्पर रहन्थे । वाल्यकालमा भीमसेनको वल देखी कौरव भीमसेनको डाह गर्थे । कुशल योद्धा भएकाले महाभारतको युद्धमा पाण्डव पक्षका सेनापति भएका थिए ।

अर्जुन– देवराजा इन्द्र पट्टिवाट जन्मेका कुन्तीका साहिला छोरा । अर्जुन अति पराक्रमी, धनुर्धारी र सर्वगुणसंपन्न वीर थिए । यिनको वराबरको वीर त्यसवखत अरू कोही थिएन । द्रुपद राजाकी छोरी द्रौपदीलाई स्वयं-वरको वेलामा अद्‌भूत निसान वाजी देखाई जितेर ल्याएका थिए । पछि तिनीसँग कुन्तीको इच्छा अनुसार पाँचै पाण्डव भाइले विबाह गरी पत्नी वनाए । अर्जुनको चातुर्य, वीरता, अनुर्विद्यामा निपुणता देखेर कर्ण, दुर्योधन यिनीप्रति तीव्र कलुषित भाव राख्तथे । वसुदेवकी छोरी सुभद्रासँग यिनको दोस्रो विवाह भएकोले श्री कृष्णजीसँग जेठान नाता लाग्दथ्यो । कृष्णजी अर्जुनका आत्मीय मित्र र वालसखा पनि थिए । पारिवारिक नाता समेत भएको हुँदा द्वारका र हास्तिनापुरको वीच यिनीहरूको आवतजावत खूव थियो । अनेक युद्धमा अर्जुनले आफ्नो गान्डिब धनुद्वारा रण कौशलता देखाएका थिए तापनि महाभारतको युद्धमा यिनको जिम्मेवारी अति ठूलो थियो ।

नकुल– पाण्डुकी कान्छी स्वास्नी माद्रीले अश्विनीकुमारबाट जन्माएको छोरो । रोलले काइलो । अति राम्रा र पराक्रमी अनि कुशल योद्धा थिए ।

सहदेव– अश्विनीकुमार पट्टिबाटै माद्रीले जन्माएका कान्छा छोरा । यिनीसाह्रै बुद्धिमान र पराक्रमी योद्धा थिए ।

श्री कृष्णजी–विष्णु भगवान्‌ को आठौं अवतार । धर्मको रक्षा गर्न द्वापरको अन्त्यमा यदुकुलमा जन्म लिएको हो । पाण्डवहरूसँग दोहोरो नाता पर्दछ । अर्जुनसँग विशेष प्रेम र मैत्री थियो । महाभारतको युद्ध रोक्न कृष्ण भगवान्‌वाट भएका धेरै प्रयाश असफल भएपछि उहाँ

अर्जुनको सारथी बनी युद्धमा भाग लिन तत्पर हुनुभयो । भगवान् स्वयंले पाण्डवको पक्षमा लड्न तत्पर भएबाट युद्धको परिणामको संङकेत शुरुमै पाइन्छ ।

युयुधान सात्यकीको अर्कोनाम युयुधान हो । यिनी श्री कृष्ण भगवानका सारथी हुन् । यिनी अति वलवान् महारथी थिए । यिनलाई अर्जुन बराबरको धनुर्धारी वीर मानिन्थ्यो ।

धृष्टद्युम्न- द्रुपद राजाका छोरा, बुद्धिमान् र बीर पाण्डवका सामूहिक जेठान हुन् । यिनले पनि कौरव पाण्डव सबैका गुरु द्रोणाचार्यबाटै शिक्षा पाएका थिए ।

राजा विराट–विराट देशका राजा । पाण्डवहरूको बनबासको अन्तिम वर्षमा गुप्तबास वस्ता राजा विराटकै दरवारमा सामान्य जागीर खाई छद्ममेषमा वसेका र राजा विराटलाई आपद पर्दा लडाइँमा मद्दत गरेकोले यिनी पनि महाभारत युद्धमा पाण्डवको पक्षमा लड्न तत्पर भएका थिए ।

द्रुपद– द्रौपदीका बाबु, पाञ्चाल देशका पराक्रमी, शूरवीर राजा ।

धृष्टकेतु- चेदीका राजा; शिशुपालका छोरा । नाताले कृष्णका फुपुको नाति ।

चेकितान– यादव कुलका एक पराक्रमी योद्धा ।

काशीराज- काशीका राजा, वीर योद्धा ।

कुन्तीभोज र पुरुजित–कुन्तीका भाइहरू ।

शैब्य– शिवी देशका राजा, युधिष्ठिर महाराजका ससुरा ।

युधामन्यु र उत्तमौजा–पान्चाल राजा द्रुपदका छोराहरू ।

अभिमन्यू– सुभद्राका छोरा, अति वीर युबक ।

शिखण्डी– राजा द्रुपदकी पहिली छोरी तर जन्मने साथ छोरो जन्म्यो भनी घोषणा भएकोले छोरोकैं पालीएकी, कालान्तरमा स्थूलकर्ण नाम गरेको पक्षराजले शिखण्डी-को स्त्रीत्व ग्रहण गरी आफ्नो पौरुषत्व साटेको। शिखण्डी महाभारत युद्धका कौरव पक्षका शूर वीर महारथी भीष्म पितामहको मृत्युको कारण बन्दछन्।

अरू वीर– द्रौपदीका प्रत्येक पाण्डवबाट एकएक गरी पाँच छोराहरू थिए। यिनीहरू सबै वीर थिए। यी बाहेक लाखन लाख अरू शूर वीर योद्धाहरू यो युद्धमा भाग लिन तत्पर भएका थिए। यस युद्धमा पाण्डवको पक्षमा लड्न सात अक्षौहीणी सेना जम्मा भएका थिए अर्थात् लगभग १६ लाख।

कौरवका तर्फ

दुर्योधन– धृतराष्ट्र महाराजका जेठा छोरा। यिनी जन्मेको वखतमा अनेक उल्का, उत्पात् मच्चिएको थियो। यिनी ज्यादै घमण्डी र दुष्ट प्रवृत्तिका थिए। केटाकेटी काल देखिनै पाण्डवलाई दुःख दिने गर्दथे। द्रोणाचार्यका चेला। दुर्योधन जे गर्न चाहन्थे त्यो गरिहाल्दथे, चाहे त्यसको परिणामले सर्वनाशै किन नहोस्। यिनको घमण्ड र इर्षालु स्वभावले गर्दा महाभारतको युद्ध रचियो। यस युद्धमा कौरवका पक्षको सर्वोपरि अधिनायक; वीर योद्धा।

विकर्ण– दुर्योधनका अन्य ९९ भाइमध्येका एक। यिनी अति वीर मानिन्थे। न्यायका पक्षपाति भएकोले द्रौपदीको अपमान गर्ने दुर्योधनको प्रयाशलाई यिनले मात्र साहस देखाई विरोध गरेका थिए।

द्रोणाचार्य– कौरव पाण्डव का राज गुरू । शिष्यहरूलाई उनीहरूको योग्यताअनुसारको युद्ध कौशलताको शिक्षा दिन्थे । उन्का सबैभन्दा मन परेको चेलो अर्जुन हुन् । यिनी साह्रै पराक्रमी थिए ।

भीष्म– आजीवन ब्रह्मचर्य धारण गर्ने व्रत लिएका धृतराष्ट्र महाराजका काका भीष्मको इच्छामरण हुने भएकोले उनी जस्तो पराक्रमी योद्धा कोही थिएनन् । धृतराष्ट्र राजकाजमा यिनको सल्लाह लिन्थे, यिनीले गरेको नीतिको उपदेश दुर्योधनको कानभित्र पटक्कै पसेन तर यिनले दुर्योधनको पक्ष भने छाडेनन् । स्वास्नीमानिस उपर हतियार उनी चलाउदैन थे । त्यसैले युद्धमा शिखण्डी (स्त्रीबाट पुरुष भएको) उपर उनले बाँड प्रहार नगर्दा घायल हुन्छन् र अशक्त बन्दछन्, पछि उनले मर्ने इच्छा गर्दछन् । मनले पाण्डवको वीजय चाहन्थे तर व्यवहारमा कौरव पक्ष अन्त्यतक छाडेनन् ।

कर्ण– कुन्तीको पाण्डुसंग विवाह हुनुभन्दा अघि सूर्यबाट जन्मेको कुन्ती पुत्र; लोकोपवादको भयले खोलामा फालिएको; पछि कौरवकै दरबारमा काम गर्ने सयसले भेट्टाएर पालेको । अर्जुन सरह बलवान्, वीर र धनुर्विद्यामा निपुण । अति दानी; अर्जुनसंग विशेष रूपले शत्रुभाव भएकोले यिनीहरूको सर्वनाश गर्नमा दुर्योधनलाई सधैं साथदिने योद्धा ।

कृपाचार्य– गुरू, धनुर्विद्यामा निपुण । महाभारतको युद्धमा बाँच्नेहरू मध्ये एक । युद्धपछि अभिमन्युका गर्भेछोरा परीक्षितका गुरू ।

शल्य– मद्र देशको राजा, माद्रीका दाजु अर्थात्, पाण्डवका मामा ।

अश्वस्थामा– द्रोणाचार्यका छोरा । महाभारतको युद्धमा कौरव सेनामा सबै मारिएपछि खुट्टा भाँचिएर घायल भै लडेका दुर्योधनका अश्वस्थामा अन्तिम सेनापति हुन् । युद्धको समाप्तिमा कौरवपट्टी बाँचेका तीन योद्धामध्ये दोश्रा । तेश्रो चाहिं कृतबर्मा ।

भूरिश्रवा– सोमदत्ती अर्को नाम । शान्तनु महाराजका दाजुका नाति ।

यी उल्लेख भएका सूरवीर बाहेक लाखन लाख अरू योद्धाहरू कौरव पक्षमा थिए । कौरव पक्षको सेनाको संख्या ११ अक्षौहीणि भनिन्छ, अर्थात्लगभग २४ लाख ।

गीता-बोध

गीता-बोध

अध्याय-१

अर्जुन विषाद योग

कुरुक्षेत्रमा पाण्डव र कौरव सेनाका वीच युद्ध हुन लागिरहेथ्यो । दुर्योधन आदि कौरवका पिता धृतराष्ट्र अन्धा थिए । पाण्डवहरू र उनका छोराहरूको वीचमा हुने युद्धमा के हुने हो, कसले जित्ने हो जान्न उनी अति इच्छुक हुनु स्वाभाविक थियो तसर्थ उनले वेदव्यासवाट दिव्यदृष्टि पाएका संजयसँग सोधें "संजय, धर्मस्थल कुरू क्षेत्रमा युद्ध गर्न तम्सिएका मेरा दुर्योधनहरू र पाण्डवका छोराहरू के गर्दैछन्, मलाई वताऊ ।"

कुरु क्षेत्रमा युद्धको तयारी

राजदरवारमै वसिवसी कुरुक्षेत्रमा भएका घटना यथावत् देख्न र सुन्न सक्ने संजय घटनाको वर्णन यसरी गर्दछन्–

"महाराज ! पाण्डव–सेनाले रचेका वज्राकारको व्यूह देखेर दुर्योधन गुरु द्रोणाचार्यसँग भन्न लागे–

"गुरू ! हजूरकै बुद्धिमान् शिष्य धृष्टद्युम्नले हाँकिएको पाण्डव–सेनालाई हेर्नुहोस्, यस सेनामा महा-धनुर्धारी भीम र अर्जुन जस्तै पराक्रमी युयुधान, राजा विराट र महारथी द्रुपद, धृष्टकेतु, चेकितान, काशीराज, कुन्तीभोज, शिवी देशका राजा, उत्तमौजा, युधामन्यु, अभिमन्यु (सुभद्राका पुत्र), द्रौपदीका छोराहरू छन् । यी सबै युद्धमा अति सुर वीर छन् । यता, हाम्रो सैन्यमा

योद्धा हरूको विवरण

जो ठुलाठूला सेनापतिहरू छन् उहाँहरूको नाम म बताउँ-दछु- हजूर आफैं भीष्म, कर्ण, अश्वस्थामा, विकर्ण (धृत-राष्ट्रकै एक छोरा), भूरिश्रवा, कृपाचार्य तथा म भन्दा मरिमेट्ने अति पराक्रमी युद्ध-प्रवीण अनेकौं योद्धा छन्। अरु भीष्मले हाँकिएको हाम्रो सैन्य भीमले हाँकिएको पाण्डव सेनाको तुलनामा अगाध छ।

"यस्तै अवस्थामा दुर्योधन आफ्ना सेनालाई आज्ञा दिन्छन्-

"तिमीहरू सबैले अब चारैद्वारमा आफ्नो ठाउ सह्माली भीष्मको रक्षा गर्नू।"

दुर्योधनले द्रोणाचार्यसँग कुरा गरी सक्नासाथ वृद्ध सेनापति भीष्मले युद्ध-शुरुवातको संकेत दिंदै गर्जायमान शंख वजाएपछि शंख, कर्नाल, नगरा, ढोल, मादल र अन्य संग्रामका वाजा भूमण्डलै घन्कने गरी बजे।

उता, सेतो घोडाले हाँकिएको रथमा सवार श्रीकृष्ण र अर्जुन तथा अनेक वीरले हामी तयार छौं भनी आफ्ना-आफ्ना शंख वजाए। श्री कृष्णले पाञ्चजन्य नाम भएको शंख, अर्जुनले देवदत्त शंख, भीमले पौण्ड्र, धर्मराजले अनन्त विजयी, नकुल र सहदेवले मणिपुष्पक र सौघोष भन्ने शंख, शिखण्डी, काशीराज, सात्यकी, घृष्टद्युम्न, राजा विराट, द्रौपदीका पाँच भाइ छोराहरू, अभिमन्यु, राजा द्रुपदले आफ्ना आपना शंख फुकेर, हामी पनि तयार छौं, भन्ने संकेत दिंदा गगनभेदी ध्वनिले कौरव सेनाको मुटु चरचरी चिरियो।

यस्तो युद्ध शुरू हुनै आँटेको बखतमा कुरु-सेनाको तैयारी देखेर हनुमानध्वज भएका रथमा चढेका अर्जुन श्री कृष्णसँग विन्ती गर्दछन्-

दुई सैन्य बीच अर्जुन-को रथ

"कृष्ण, यो रथ दुई सेनाका बीचमा लैजानुहोस्, दुष्ट दुर्योधनको पक्षमा लड्न आएका को–को माथि मैले शस्त्र उठाउनु पर्ने हो, हेर्दछु।"

कृष्णले अर्जुनको विन्ती सुनेर रथ त्यतैतिर लैजानु भयो। उत्तम रथलाई भीष्म, द्रोण र अरू राजाका बीचमा पुऱ्याएपछि अर्जुनलाई आज्ञा भयो–

"अर्जुन ! लौ हेर लडाइँ गर्न आएका सब कौरव यी हुन् !" अर्जुनले त्यहाँ बाबु, बाजे, साथी, मामा, गुरु, दाइ, भाइ, छोरा, नाति, ससुरा आदि हजारौं बन्धु-बान्धवहरू सब एक अर्कालाई मार्न तम्सिएको देखेपछि अति दिक्दार भएर भने–

अर्जुनको दिक्-दारी

"कृष्ण ! आफ्नै स्वजनहरू यसरी युद्धमा तम्सि-एको देखेर मेरा सबै अङ्ग थाकेका छन्। मुख सुक्न लाग्यो, शरीर काम्दै छ, शरीरै रोमाञ्चित भएको छ। हातबाट धनू पनि खस्ला जस्तो हुन्छ, छाला भतभत पोलिरहेछ, अडि नै नसक्ने गरी रिंगटा लागिरहेछ। यी सारा लक्षणहरू राम्रा छैनन्, कृष्ण ! आफ्ना बन्धु मारेर मेरो कल्याणै के होला ? जसका निमित्त राज्य सुख भोगको इच्छा थियो उनीहरू नै मर्न मार्न धन-प्राण छोडी तयार भएका छन्। गुरु, बाबु, बाजे, साला, मामा, साथी, छोरा, नाति, भाइबन्धु, ससुरालाई पृथ्वी त के तीनै-लोक पाए पनि म मार्न तयार छैन। यी कौरवलाई मार्नाले हाम्रो के भलो होला र ? त्यसमा पनि आफ्ना भनेका आततायी (बिष ख्वाउने, आगो लगाउने, काट्ने, धन हर्ने, खेत लुट्ने, स्त्री हरण गर्ने) बन्धु मार्नाले पनि पाप लाग्छ भन्ने नीतिमा छ। तसर्थ, हे माधव ! हामीले आत्मीय बन्धु मार्नु हुन्न, बन्धु मारेर कसरी सुखी हौंला ?

जनार्दन, हुनत लोभमा परेर यिनीहरू मित्रद्रोहको
कुल पाप र कुल नाशको दोष देख्तैनन् तर हामी बुझ्ने,
नाशको जान्नेले त यसबाट अलग हुनुपर्दछ। कुलको नाश भए-
भय पछि सनातन कुलधर्म नाश हुन्छ, धर्मै नाश भएपछि
भीषण पाप फैलिन्छ। कुलमा पाप फैलिएपछि कुलका
स्त्रीहरू दुष्ट हुन्छन्, दुष्ट स्त्रीबाट वर्णसंकर (खच्चर
सन्तान) बड्दछन्, खच्चर सन्तानबाट पितृले पिण्डपानी
पनि नपाउने हुनाले पितृ नरक जान्छन्, वर्णसंकर दोष-
बाट सनातन जातीय धर्म नाश हुन्छ। फेरि, हामीले
सुनेका छौं— जसको कुलधर्म नाश हुन्छ उनीहरू नरक-
वासमा जान्छन्।

"अहो! हामीले जान्दाजान्दै पनि राज्यको लोभले
पश्चा- बन्धु मार्न आँटेर कत्रो पाप गर्न तत्पर भएका छौं, बरु
ताप दुर्योधनादिले नै मलाई मारुन् म शस्त्रास्त्र केही लिन्न
जनार्दन! यसैमा भलो छ।"

धनु यति भनेर शोकले व्याकुल भएका अर्जुन धनुर्वाण
परि- फ्याँकेर रथभित्र पसी धुरुधुरु रुन लागे।
त्याग

—१—

गीता-बोध

अध्याय-२

सांख्य योग

संजय रणभूमिमा देखेअनुसार बताउँदैछन्-

"आँसु खसाली रोइरहेका अर्जुनलाई जनार्दन भन्नुहुन्छ-

"पार्थ ! यस्तो संकटको वेलामा स्वर्ग, कीर्ति दुवै नमिल्ने छोटाले आचरण गर्ने मोह (अज्ञान) तिमीमा कतावाट आयो! वीरले यस्तो कातर हुनुहुन्न ! मनको कमजोरी छोड र लडाइँ गर्न कम्मर कस !"

"मधुसूदन ! ती पूजा गर्न योग्य भीष्म, गुरु द्रोण-लाई युद्धमा मैले कसरी वाँण हान्नु ! गुरुलाई बचाउन वरु भिक्षा मागेर खानेछु, गुरुको रगतले मुछिएको राज्यको कसरी भोग गरूँ ! जसलाई मार्दा वाँच्नु नै अयोग्य ठानिरहेको छु उनीहरू नै आज मार्न तत्पर छन् भने हामीले जितेमा वा हारेमा कुन श्रेय छ त ? मन दुर्बल भएको हुँदा धर्म (कर्तव्य) छुट्ट्याउन सक्तिनँ, यी दुई मध्ये के गर्नु श्रेय छ यस शिष्यलाई आज्ञा होस् । मेरो मनमा जुन सन्ताप उत्पन्न भएको छ त्यो पृथ्वी, शत्रु-विनाको उच्च राज्य, स्वर्ग वा इन्द्रको राज्य-प्राप्तिले पनि मेटाउन सक्तैन । हे कृष्ण ! म युद्ध गर्दिनँ !"

यति भनी वीर अर्जुन चूप भएपछि "राजन्! कृष्णले दुवै सैन्यका वीच शोकाकुल भैं वसेका अर्जुनलाई मुसुक्क हाँसेर भन्नुभयो-

जन्म पुनर्जन्म

"कुरा त खूब पण्डितको जस्तो गर्दछौ, तर शोच्तै नशोच्नु पर्ने चीजको व्यर्थ शोक गरिरहेछौ, कुनै बाँचून् वा मरून्, विद्वान् यस्तो शोक गर्दैनन् । तिमी, म, यी सबै राजा पहिले पनि थियौं, पछि पनि हुने नै छौं भने किन यो मूढता लिन्छौ ? जीवात्माको बाल, जवान र वृद्ध अवस्था हुन्छ, देहधारी आत्माले एक शरीरलाई छोडेर अर्को शरीरमा प्रवेश गर्दछ । तसर्थ, धीर पुरुषले यसरी आत्तिनु हुन्न । बाहिरी वस्तुसँग इन्द्रियहरूको संयोग नै चीसो, तातो, सुख, दु:ख दिने संयोग हो, यो कहिले हुन्छ, कहिले नासिन्छ, यो अनित्य छ, यसलाई सहू । इन्द्रियको विषय-सँगको संयोगले आउने दु:ख सुखलाई एकैनास सम्झने धीर पुरुष कत्ति डग्दैन र त्यस्ताले मुक्ति पाउँछ ।

आत्मा सर्व-व्यापी **आत्मा अमर** **अविनाशी आत्मा**

"जो छैन, त्यो हुन्न, जो छ त्यो सधैं छ अर्थात् 'सत्' र 'असत्' को सार ज्ञानीहरूले देख्तछन् । यो जगत्-लाई ढाक्ने आत्मस्वरूप ब्रह्म अविनाशी छ । कहिल्यै ननाशिने आत्मा (तत्त्व)को नाश कसैले गर्न सक्तैन । मनको गतिभन्दा पर रहेको, सधैं रहिरहने (नित्यात्मा) शरीरको स्वामी आत्मा अमर छ, नाशिने ता यो देह मात्र हो । जसले आत्मालाई मार्छ वा मारिन्छ भन्ने ठान्दछ त्यो कूट हो, आत्मा त न मारिन्छ नत मर्दछ नै । आत्माको आफ्नो जन्ममरण छैन, जन्मदा पनि जन्मन्न, मर्ने पनि होइन, यो देह मार्दा आत्मा मर्दैन । जुन पुरुषलाई आत्मा ननाशिने, नमारिने, नजन्मने तीनै कालमा रहिरहने भन्ने ज्ञान छ त्यसले कसलाई मार्ला वा मराउला ।

आत्मा का गुण

"पुराना लुगा त्याग गरी नयाँ लगाएझैं यस जीव (आत्मा)ले पनि बूढो शरीर त्यागेर नयाँ शरीर लिन्छ । यसलाई न शस्त्रले काट्तछ, न आगोले नै जलाउँदछ, न पानीले गलाउँदछ, न हावाले सुकाउँछ; आत्मा कसैले

काटिने, डढाइने, गलाइने (क्लेद्य), सोचिने (सुकाउने) होइन; यो त सर्वव्यापी, सधैं रहिरहने हो। स्थिर र सनातन छ। आत्मालाई अगम्य जान्न नसकिने (देख्न नसकिने), चिन्तन गर्दा पनि जान्न नसकिने, कुनै प्रकारको विकाररहित (अविकारी) हो भन्ने जानेर यस उपर शोक गर्नु हुन्न। हे पार्थ ! यदि आत्मालाई सधैं शरीरसँग मर्ने र जन्मने भनी ठान्दछौ भने पनि यसका निम्ति तिमी शोक नगर।"

जन्म मरण "जन्मेपछि अवश्य मर्दछ, मर्नेको जन्म हुन्छ नै भने यस्तो नभई नहुने घटनाप्रति तिम्रो शोक ठीक छैन। सब प्राणी (मानिस) नजन्मेको अवस्थामा देखिदैन, बीचमा देखिन्छन् फेरि नदेखिने हुन जान्छन्, तसर्थ शोक नगर ! अमर आत्मालाई कसै कसैले आश्चर्य भई हेर्दछन्, वर्णन गर्दछन् वा सुन्दछन् तापनि यसलाई वास्तविक तिनीहरू कोही जान्दैनन्। कुनै प्राणीकै आत्मा मारेर मारिन्न भन्ने जानेपछि शोक नै किन गर्नू ?

स्वधर्म पालन "स्वधर्म (जात अनुसारको धर्म) पालना गर्नु सर्वोत्तम धर्म हो र क्षेत्रीयका निमित्त धर्मोचित युद्ध नै श्रेष्ठ मानिएको छ। फेरि यो युद्ध ता ढोका खुलेको स्वर्ग-द्वार नै हो यस्तो मौका भाग्यमानी क्षेत्रीहरूलाई मात्र प्राप्त हुन्छ। यस्तो धर्मयुद्ध तिमीले छाडयौभने तिम्रो धर्म र कीर्ति दुबै नाश हुनेछ, बदनाम हुनेछ, पराक्रमीका निमित्त अपजश मर्नुभन्दा ठूलो हुन्छ। तिमीले युद्ध छाडयौभने दुर्योधन आदिले डरले भाग्यो भन्नेछन् अनि तिमीलाई जो वीर भनी ठान्दथे डर पोक भगुवा ठान्ने

[..]ठकाम [..]र्मको [..]फल छन्। तिम्रा दुश्मनले तिम्रो सामर्थ्यको निन्दा गर्दै धेरै दुर्वाच्य बोलेभने यसभन्दा दुःखदायी के हुन सक्छ, मरे स्वर्ग प्राप्त हुने बाँचे पृथ्वीको भोग पाइने यस्तो मौका

कहिले आउँछ, लड्ने निश्चय गरी उठ ! हार–जितमा सुख दुःख बराबर सम्झेर संग्राम गर, यसो गर्नाले पाप लाग्दैन ।

सांख्य र कर्म योगको भिन्नता

" अहिलेसम्म मैले सांख्य अथवा सन्यास निष्ठाको आत्मा सम्बन्धी ज्ञान बताएँ । अब म कर्मयोगको ज्ञान बताउँछु । यो आत्मामा लीन भएको आसक्तरहित योग बुद्धिको प्रभावले तिमीले सुख–दुःख, पाप पुण्य, जन्म-मरणको कर्म बन्धन छोड्नेछौ । यस बुद्धिले एक पल्ट शुरू गरिएका कर्म संचित हुँदै जान्छन्, पाप भने लाग्दै-लाग्दैन, यस्तो धर्म भने अलिकति पनि गरिएको रहेछ भने ठूला–ठूला भयबाट रक्षा हुन्छ ।

स्वर्ग-भोगी लम्पट

" कार्य र अकार्य छुट्याउन सक्ने (व्यवसायात्मक बुद्धि) एकाग्र बुद्धि नै यस मार्गमा मुख्य हुन्छ किनभने एकाग्रता नहुँदा विषय वासनाका करोडौं हाँगा निस्कन्छन् । वेदका फलश्रुति युक्त वाक्यहरूलाई मात्र लिएर वादविवादमा भुलेका, कर्मकाण्ड मार्गमा मात्र चल्नेहरू, स्वर्गभन्दा अरू सुख देख्दैनन् । अनेक प्रकारका यज्ञ आदि कर्मबाट स्वर्गको भोग जन्म जन्मान्तर मिल्दछ भन्ने यी सबै निर्बुद्धि हुन् । स्वर्गको भोगमा लम्पट भएका यस्ता

बेद र ब्रह्म-ज्ञान

अज्ञानीको बुद्धि एकाग्रमा स्थिर हुन सक्तैन । कर्म-काण्डात्मक वेद यस अर्थमा सत्व–रज–तम त्रिगुणात्मक छन् तसर्थतिमी सत्वगुणी, निःस्वार्थी (जीविकाका निमित्त मतलबी नभएको), सुख दुःख, द्वन्द्व - धर्मरहित, आत्मवान् होऊ । सबैतिर पानी पाइएमा कूवाको प्रयोजन नभएझैं ब्रह्मज्ञानीलाई पनि वेदको आवश्यक पर्दैन ।

कर्म योग

" अर्जुन ! कर्ममा तिम्रो हक छ, फलमा छैन, कर्मको फलको आशा नराख, कर्म नगर्ने इच्छा पनि नराख । कर्मको फल सिद्धि–असिद्धि जस्तोसुकै होस् आसक्ति छोडेर

परमेश्वरमा मन राखेर (योगी बनी) कर्म गर, यस्तो कर्मलाई 'कर्म योग' भन्दछन् । यो कर्मयोगी बुद्धिको तुलनामा फलको इच्छा राखी गरिने कर्म सबै तुच्छ छन् तसर्थ यो साम्य बुद्धि लेऊ, फलको कामना गर्ने कृपण (तल्लो दर्जाका) सम्झिन्छन् । पाप पुन्य दुवैबाट अलग रही, पाप पुन्यबाट बचेर कर्म गर्ने कुशलता साम्य- बुद्धि-युक्तजनले पाउलान्, अतएव त्यही योगमा लाग, यस्तो कुशलतालाई 'कर्म योग' भनिन्छ ।

योग प्राप्ति को समय

"समता बुद्धि भएका ज्ञानीहरू कर्मको फल छोड्दछन्, एवं जन्म मरणको बन्धनबाट मुक्त भएर परमात्माको मोक्ष पदमा पुग्दछन् । तिमीले मोहबाट पार पाएपछि, अहिलेसम्म सुनेका कुरा वा भविष्यमा सुनिने कुराप्रति पनि वैराग्य भाव उत्पन्न हुनेछ । वेदका वाक्यहरूले चक्कराएको तिम्रो बुद्धि जब स्थिर र एकाग्र होला त्यसै बखत साम्य बुद्धि रूपी यो योग तिमीलाई प्राप्त हुनेछ ।

योग प्राप्ति कसरी पाइन्छ भनेर दिव्यउपदेश पाएपछि अर्जुन कृष्णजीसँग सोद्धछन्–

समाधिमा रहने

"केशव ! स्थिर बुद्धि भएको (स्थितप्रज्ञ) समाधिमा रहने योगी कसलाई भन्नु ? यस्ताले कसरी बोल्ने, हिंड्ने, बस्ने गर्दछन् ?

अर्जुनको कौतूहललाई शान्त पार्ने भगवान् कृष्ण भन्नु हुन्छ–

स्थित प्रज्ञको अर्थ

"अर्जुन ! जुन पुरुषले आफूमै तृप्त भई आफ्ना मनमा उब्जने अनेक कामनालाई छोड्छ र सन्तुष्ट रहन्छ त्यसैलाई स्थितप्रज्ञ भन्दछन् । सुखमा आसक्त नहुने, दुःखमा दिक्क नहुने तथा राग द्वेश र भय त्यागी इन्द्रिय-

हरूलाई रोक्न सक्ने पुरुषलाई स्थितप्रज्ञ मुनि भनिन्छ। जो कसैलाई माया (प्रेम) पनि गर्दैन, शुभ-अशुभ आइ पर्दामा खुसी वा खेद प्रकट गर्दैन, कसैको निन्दा वा प्रशस्ति गाउँदैन त्यस्तो पुरुषको बुद्धि स्थिर भइसकेको हुनाले स्थितप्रज्ञ भनिन्छ। कछुवाले आफ्ना अंगलाई चटक्क खुम्च्याएर भित्र हुलेजस्तै गरी जसले दशै इन्द्रिय-हरूलाई खिचेर नियन्त्रणमा लिन्छ त्यसैलाई स्थित बुद्धि भएको भनिन्छ। आहारा त्याग गरेका योगीहरूलाई विषय त्याग गरेपछि ती विषयहरूको रस (स्वाद) को

वासना र ब्रह्म ज्ञान

इच्छा भने छुटेको हुन्न तर ब्रह्मज्ञान भएपछि भने यस्ता विषय वासनाको इच्छा पटक्क हुन्न। विषय वासना त्याग नगरी जबरजस्ती इन्द्रिय नियन्त्रण गर्न खोज्ने विद्वान्को मन बलिया इन्द्रियले विचलित पार्दछन्। तर मेरो शरणमा परी इन्द्रियलाई जसले बसमा राख्तछ त्यही स्थिर बुद्धि हुन्छ। विषयहरू चिताउनासाथ तिनमा आसक्ति बढ्दछ, आसक्तिले कामना (इच्छा) बढ्दछ, इच्छा पुगेन भने रीस उठ्छ, रीसले अविवेक ल्याउँछ, अविवेकले बुद्धिमा भ्रान्ति ल्याउँछ त्यसपछि बुद्धि नासिन्छ, बुद्धि नै नासिए-पछि सर्वनाश हुन्छ। इन्द्रियहरूलाई वशमा राखी अन्त-ष्करणले राग द्वेशविहीन भई विषयभोग गरे पनि भित्री मन निर्मल हुन्छ। जसको अन्तष्करण स्वच्छ छ त्यस्ताको बुद्धि स्थिर हुन्छ तथा दुःख पनि हराउँछ। योग नगर्नेको, न स्थिर बुद्धि हुन्छ न भावना (निष्ठा) नै। भावनाविना शान्ति हुन्न र अशान्तलाई सुख मिल्दैन। इन्द्रियहरूका साथै मन बरालिँदै गयो भने वायुले पानीको नाउलाई उडाएर लगेजस्तै बुद्धि उडाउँछ। त्यसकारणले यी सबै विषयबाट जसको मन हटिसकेको छ त्यही स्थिर बुद्धि मुनि हो। यस्ता मुनिका निमित्त चराचर जगत्को दिन (काम गर्ने समय) बेकाम रात्री तुल्य हुनेछ।

अनि जगत्‌को काम नलाग्ने रात्रीलाई दिन जस्तै उपयोगी ठह्‍र्‍याई उपयोग गर्दछन् । विशाल सागर नदीका पानीका प्रवाहले विचलित नभएझैं कामवासना आइपर्दा जो पुरुष समुद्र झैं शान्ति भङ्ग नगराई आफूमा इच्छा-तरंग विलीन गराउन समर्थ हुन्छ, त्यसैले शान्ति पाउँछ । विषयकी कामना गर्नेलाई शान्ति मिल्दैन । कामनाको जाल, इच्छा, ममता, अहंकार छोडी जो हिंड्छ त्यसैले पूर्ण शान्ति पाउँछ । यो पूर्ण शान्तिको स्थिति ब्राह्मी स्थिति हो, यस्तो स्थितिमा मर्ने ब्रह्ममै लीन हुन्छन् ।

—।—

गीता-बोध

अध्याय-३

कर्म योग

अर्जुनलाई कर्म र बुद्धिका विषयमा द्विविधा उत्पन्न भएपछि भगवान् कृष्णजीसँग सोध्दछन्–

"कृष्ण ! कर्मभन्दा साम्य बुद्धि नै श्रेष्ठ हो भने युद्धको यो घोर कर्ममा मलाई किन लगाउनु हुन्छ ? द्विविधाले गर्दा मेरो मनस्थिति ठीक छैन । यी दुइमध्ये जुन ठीक छ त्यही मलाई बताउनु होस् ।"

श्री कृष्ण भगवान् अर्जुनलाई सम्झाउ नुहुन्छ–

ज्ञान योग र कर्म योग

"अर्जुन ! सांख्य मतानुसार ज्ञान योगीका निमित्त कर्म योगका दुई भिन्न वाटा बताएँ । कर्म शुरू गरेको छैन भन्दैमा नैष्कर्म्य अर्थात् निष्काम कर्म नगर्ने भइँदैन, त्यस्तै कर्म गर्न छोड्दैमा सिद्धि पनि पाइन्न । प्रकृतिका सत्व, रज, तम आदि गुणको प्रभावले गर्दा सम्पूर्ण प्राणी कुनै-न-कुनै कार्य गरिरहेका हुन्छन्, एकै क्षण कर्म नगरी को वस्तछ ?

कर्म अकर्म

"कर्म गर्ने इन्द्रिय (हात, खुट्टा आदि)लाई बाँधेर मनले रूप, रस वासना सम्झिरहने मूर्ख मिथ्याचारी हो; तर कर्मेन्द्रियलाई मनले नियन्त्रण गरेर जसले कर्मयोग गर्दछ त्यही श्रेष्ठ मानिस ठहर्छ । आफ्नो सधैं गर्ने कर्तव्य-कर्म, 'अकर्म' भन्दा उत्तम हो, गरिरहनु पर्दछ, फेरि कर्मै

छोडियोभने यो जीवन निर्वाह नै कसरी चल्दछ र ? फलको इच्छा नराखी गरिएको यज्ञकर्म बाहेक अरू कर्मले यस लोकमा बाँध्दछ, त्यसै कारणले कर्म गर्दा फलको
यज्ञको महत्व इच्छा राख्नु हुन्न । सृष्टिको शुरूमा ब्रह्माजीले जगत्का मानिस र यज्ञ श्रृष्टि गरेर भने – "यज्ञ नै तिम्रो उन्नति गर्ने कामधेनु (इच्छानुसार फलदिने) बराबर हुनेछ ।" यज्ञ गरेर देवता मान; देवताले तिम्रो भलाई गर्नेछन् । परस्परको भलाइले पछि श्रेय मिल्नेछ । यज्ञले प्रशन्न भएर देवताले इच्छा गरेबमोजिमको भोग दिनेछन्, उनीहरूले दिएको वस्तु (अन्त) उनीहरूलाई अर्पण नगरी खाने त चोरै सरह हो । खानकै निमित्त पकाउनु पाप हो, यज्ञ गरेर बचेको चीज खाने योगीका पाप छुट्तछन् ।

"अन्नबाट प्राणी उबजन्छन्, वृष्टिले अन्न उमार्दछ,
ब्रह्म चक्र यज्ञले वृष्टि गराउँदछ अनि कर्मले यज्ञ चल्दछ । कर्म-ब्रह्म (प्रकृति–सत्व, रज, तम) बाट उत्पन्न हुन्छ औ ब्रह्म अक्षरबाट (परब्रह्मबाट) तसर्थ सर्वव्यापी यो 'ब्रह्म' यज्ञमा नित्य बस्तछ ।

"सृष्टिकर्ता ब्रह्माबाट संचालन गरिएको यो चक्रदेखि बाहिर अर्थात् कर्मयोगको चक्रबाहिर गएर मोजमजामा मात्र लंपट भैरहने पापी पुषरुको जीवन व्यर्थ छ । तर जुन पुरुषलाई आत्मा नै प्रेम र आनन्द तथा सन्तोषलाग्दछ त्यसका निमित्त भने यस लोकमा अरू केही
आत्म ज्ञानी र मक्ष कर्तव्य बाँकी रहेको हुँदैन । यस्ता पुरुषलाई यस लोकमा कुनै कर्म गर्नु या नगर्नुमा केही अन्तर छैन, यस्तालाई मोक्षका निमित्त केहीले पनि अड्काउँदैन । अतएवं स्वकर्तव्य अर्थात् आफ्नो गर्नुपर्ने कर्तव्य सधैं फलको इच्छा नराखी गरिरह्यो भने मानिसले मोक्ष पाउँछ ।

"हेर अर्जुन! जनक आदि राजा पनि कर्म गरेर नै मुक्त भएभने तिमी सारा संसारलाई सुमार्गमा लगाउनेतर्फ दृष्टि दिएर कर्म गर। श्रेष्ठ पुरुषले जे जे गर्दछन् अरू सामान्य मानिस पनि त्यस्तै देखासेखी कर्म गर्दछन्। मैले यो त्रिलोकमा गर्नुपर्ने काम केही छैन, न पाउने नै केही छ तापनि म कर्ममै (सामान्य लौकिक काममा) व्यस्त छु। मैले कर्म गर्न छोडेँभने अरू मानवले पनि कर्म गर्न छाड्नेछन्। यसरी मैले कर्म गर्न छोडेपछि जगतै नाशिने छ र खच्चर जाति उत्पन्न गर्ने र प्रजा नाशने पनि मै बन्नेछु। ज्ञानीले लोक शिक्षाका निमित्त गरिने आचरण वा कर्म त्यत्तिकै आसक्तिरहित हुनुपर्दछ जति अज्ञानीको विषयप्रतिको आसक्तियुक्त चालचलन हुन्छ। ज्ञानी पुरुषले आफू योगयुक्त भएर सबै कार्य गरोस् र अरूलाई पनि गराओस्। ज्ञानीले आफ्नो आचरणले आसक्त वा अज्ञानीको बुद्धिमा कुनै भ्रम उत्पन्न नगराओस्।

कर्म र मुक्ति प्राप्ति

अज्ञानी र सदाचारी

"मोह (अहंकार)ले ढाकिएको मूर्ख जीवधारीले यो सबै कर्मको कर्ता "म हूँ" भन्ने धारणा गर्दछ, यो सत्य होइन, प्रकृतिका सत्व, रज, तम आदि गुणका प्रभावले सबै कर्म चल्दछन्। महाबाहु ! तत्वज्ञानी पुरुष कर्म र गुण (सत्व, रज, तम) मबाट अलग छन्, यो संसार गुणैगुणको खेल–तमासा हो भन्ने जानी आसक्ति छोड्दछन्। प्रकृति गुणले बहकिँदै उन्माद (बेहोश) भएका अज्ञानीहरू कर्ममा आसक्त रहन्छन्, यस्ता मूर्खलाई विज्ञ-पुरुषले नचलाउनू।

"अर्जुन ! अध्यात्म बुद्धिले सबै कर्महरू ममै समर्पण गरी, युद्धको फल के हुन्छ भन्ने सबै कुरा त्यागी

अज्ञानीको गति

बेफिक्रीसँग युद्धमा लड । जो श्रद्धालु पुरुष कर्मवन्धनवाट यो दोष नदेखाई यो मेरो मत धारणा गर्दछ त्यस्तो पुरुष कर्मबन्धनवाट मुक्त हुन्छ । मेरो मत या देखाइएको वाटोमा दोष देखाई अनुसरण नगर्ने अविवेकीहरू सबै नासिन्छन् ।

प्रकृति नियम

"ज्ञानीहरू अनि अरू समस्त प्राणी पनि प्रकृतिको स्वभाव अर्थात् आफ्नो आफ्नो प्रकृति अनुसार नै चल्दछन् । नियन्त्रण गर्न सक्ने कुरै छैन ! इन्द्रिकहरूमा स्वभावत: रीस राग द्वेश आदि छन् भनेर तिनका वशमा पर्नुहुन्न । प्रेम, निन्दा द्वेश आदि आसक्तिहरू आत्माका शत्रु हुन् ।

स्वधर्म र पर धर्म

"अरूको राम्रो धर्मभन्दा आफ्नो धर्म दोषयुक्त छ भने पनि श्रेष्ठ मानिन्छ । स्व–धर्मपालन गर्दा मर्नुपरे पनि श्रेयष्कर हुन्छ, तर पर–धर्म भने भयाबह अर्थात्, डर लाग्दो हुन्छ ।

अर्जुन शंकाहरू निवारण गर्न अरू प्रश्न गर्दछन्–

"भगवान् कृष्ण ! आफ्नो इच्छा नहुँदानहुँदै जबरजस्ती ठेलेझैं गरेर पुरुषलाई पाप गर्न कसले प्रेरणा दिन्छ वा कसले लगाउँछ ?"

श्री कृष्ण उत्तर दिनु हुन्छ–

ज्ञान अज्ञान इन्द्रिय र पाप

"अर्जुन, यो रजोगुणबाट उत्पन्न काम (आसक्ति) क्रोध (रीस)नै ज्ञानको शत्रु संहारकारी महापापी हो । जसरी गर्भलाई सालले, आगोलाई धूँवाले र ऐनालाई धूलो मैलोले ढाक्तछ त्यसरी नै आसक्ति र रीस रूपी पापले ज्ञानलाई ढाकेको हुन्छ । ज्ञानीको सधैंको कामरूपी वैरी कहिल्यै नअघाउने अग्नि हो र कामरूपी अज्ञानले

ज्ञानको रूपलाई सबैतिर छोपेको छ। काम वासनाका घर मन, इन्द्रिय र बुद्धि हुन्; यिनीहरू नै ज्ञानलाई छोपेर मोहमा फसाउँदछन्। तसर्थ, अर्जुन! सपूर्ण इन्द्रिय-लाई नियन्त्रणमा लिएर ज्ञान (अध्यात्म ज्ञान) र विज्ञान (परमात्मा संवन्धी ज्ञान) को शत्रु यस काम वासनालाई नाश गर।

"इन्द्रियहरू वाहिरी स्थूल शरीरभन्दा टाडा छन्, इन्द्रियहरूभन्दा पनि पर मन छ त्यसभन्दा पनि टाडा बुद्धि छ त्यसभन्दा पनि पर जो छ त्यो आतमा (ब्रह्म) हो। ब्रह्मलाई बुद्धि मन भन्दा पर रहेको जानी स्वयं मनलाई संयम (स्थिर) गरेर कामरूपी कठिन बैरीलाई मार।"

गीता–बोध

अध्याय–४

ज्ञान कर्मसन्यास योग

संजय महाराज धृतराष्ट्रलाई अरू विवरण सुनाउँछन्–

"श्री कृष्ण भगवानबाट अर्जुनलाई आज्ञा हुन्छ–

"अघि सृष्टिको शुरूमा यो कहिल्यै नाश नहुने कर्मयोग मैले श्री सूर्यलाई बताएको थिएँ। त्यसपछि मनुलाई बताएँ, अनि मनुले इक्ष्वाकु (श्री रामचन्द्रका च्याब्जु बाजे खलक) लाई बताएका थिए। पछि जनक आदि राजर्षिहरूले परम्पराबाट यो कर्मयोग जान्न पाए, अनि धेरै कालसम्म यो लुप्त भएर गयो। अर्जुन, तिमीलाई मेरै भक्त र साथी समेत संझेर त्यही पुरातन योग म बताइरहेछु, यसको रहस्य अति गहिरो मात्र होइन उत्तम पनि छ।

"अर्जुन सोद्धछन्–

"कृष्ण, हजूरको जन्म ऐले भएको छ, सूर्यको जन्म धेरै पैले भएको हो तर हजूरले सूर्यलाई यो कुरा बताएको हो भनेर मैले कसरी जान्नु त?

"अर्जुनको प्रश्नको उत्तरमा कृष्णबाट यसरी आज्ञा हुन्छ–

"वीर अर्जुन, तिम्रा र मेरा यस अघि धेरै जन्म भए तर तिमीलाई ज्ञान छैन, मलाई सबै थाहा छ। म कहिल्यै ननासिने नजन्मने सबैको ईश्वर (स्वामी) हुँ, म

धर्मको स्थापना र अवतार

आफ्नो स्वभावमा रही आफ्नै इच्छाले जन्म लिन्छु। अर्जुन, जुन समयमा धर्मको नाश हुन्छ अथवा पाप बढ्दछ त्यसै त्यसै समयमा म अवतार लिने गर्दछु। सत्य, त्रेता, द्वापर, कली यी चारै युगमा धर्मको स्थापना गर्न, साधु-हरूको रक्षा गर्न र दुष्टहरूको नाश गर्नका निमित्त म अवतार लिन्छु।

तत्व बोध मोक्ष

"मेरो यो अलौकिक जन्म र कर्मको तत्व (ज्ञानको सार) जान्ने मानिस मरेपछि मैमा मिल्न आउँछ; त्यस्ताले जन्मनु पर्दैन। रीस, राग र डर त्याग गरेर मैमा तन्मय (अरूलाई नचिताउने) हुने ज्ञानरूपी तपले शुद्ध भएका धेरै पुरुषहरू ममै लीन भएका छन्। मलाई भज्नेले जे जस्तो इच्छाको कामनाले भज्ने गर्दछन् म तिनीहरूलाई त्यस्तै फल दिन्छु, त्यसैले सबै मानिस मेरै मार्गको पछिपछि आउँछन्। सामान्यतया मानिस फलको इच्छा राखेर देवपूजन गर्दछ र यस्तो देवपूजनले मनुष्य लोकमा फलप्राप्ति पनि छिटै हुन्छ।

"मैले ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र यी चार जात बनाएको छु; यो विभाजन गुण कर्मको आधारमा भएको छ, यसलाई रचना गर्ने पनि मै हुँ र यसको अकर्ता अथवा रचना नगर्ने पनि मै हुँ। म कर्म फलको बन्धनभित्र छैन न कर्मको लेप नै ममा लाग्दछ, जुन पुरुष यो तत्त्व बुझ्दछ त्यसलाई जन्म मरणको कर्मबन्धन लाग्दैन। यो ज्ञान बुझेर पहिलेका मुक्ति पाउनेहरूले यसै प्रकार (मोक्ष प्राप्ति) को कर्म गरेका थिए। पार्थ! त्यसैले तिमी पनि पुर्खाहरूले गरेझैं कर्म गर! कर्म अकर्मको भेद छुट्ट्याउने विद्वान्‌लाई पनि कठिन पर्दछ, म तिमीलाई त्यस्तो कर्म बताउँछु जो जानेपछि तिमी पापको खाडलमा पर्ने छैनौ।

कर्म विकर्म र अकर्म

“कर्म (असल काम), विकर्म (पाप वा विपरीत कर्म) र अकर्म (कुनै काम नगर्नु) यिनको स्वरूप कस्तो छ ?अर्थ के हो ?अनि कर्मको गहिरो अर्थ के हो ?यो सव बुझन आवश्यक छ ।

“कुनै कर्म गरिरहे पनि फलको इच्छा राखिएको छैनभने अर्थात् आसक्तिविहीन कर्म गर्दछभने त्यो पुरुष कर्मलाई अकर्म देख्तछ । अकर्म भनेको कर्मको त्याग गर्नु हो । ज्ञान प्राप्तिका निमित्त विभिन्न अंतस्करण शुद्ध पारी कर्म गर्नुपर्दछ । तसर्थ कर्म नगरी कर्मत्याग (अकर्म) नहुने हुनाले अकर्मलाई कर्म देख्ने र कर्मलाई अकर्म संझ्ने ज्ञानी सबै कर्म गरे पनि योगी ठहर्दछ ।

निष्काम्य कर्मको

“ज्ञानरूपी आगोले कर्म फल पोली कुनै फलको इच्छा नराखी कर्म गर्ने पुरुषलाई ज्ञानी वा पण्डित भनिन्छ ।

पाप लाग्दैन

“कर्म फलको इच्छा नराखी, तृप्त भै जो कर्म गर्दछ त्यो कर्म गरेको ठहर्दैन ।

“संयमित एक चित्त भै कर्मफलको इच्छा नराखी संपूर्ण विषयवस्तु त्यागेको छ भने स्थूल शरीर वा कर्मेन्द्रिहरूले गरेको कर्मको पापको भागी बन्दैन ।

“सुख दुःख रीसरागको द्वन्द्वबाट वाहिर रहने, सन्तोष लिने, कर्मको फल वा सफलता असफलतालाई बराबर देख्ने पुरुष कर्म गरे पनि कर्म फलको (पाप पुण्यको) बन्धनबाट मुक्त हुन्छ ।

यज्ञका रूप

“जो साम्य बुद्धि प्राप्त पुरुष आसक्ति छाडेर ज्ञानमै स्थिर चित्त राखी यज्ञ (होम)गर्ने गर्दछ त्यसका सबै कर्म बन्धन छुट्दछन् अर्थात् ब्रह्ममै लीन हुन्छ ।

"अर्पण (होम) गरिने वस्तु ब्रह्म हो, खाने आगो पनि ब्रह्म हो अनि अर्पण क्रिया पनि ब्रह्म नै हो, सबै क्रिया कर्ता र कर्महरू ब्रह्ममय छन् भन्ने कुरो बुझ्ने ज्ञानी ब्रह्मै मिल्दछ ।

यज्ञ होम र त्याग

"कोही कर्म योगीहरू इन्द्रादि देवदेवतालाई खुशी गराउने उद्देश्यले यज्ञ गर्दछन्भने अरू ब्रह्मज्ञानीहरू ब्रह्ममय ज्ञानको आगोमा ब्रह्मज्ञान यज्ञ गरेर आत्मालाई हवन गर्दछन् । संयम रूपको आगोमा सुन्ने, देख्ने इन्द्रियलाई होम गर्ने कोही छन्भने कोही शब्द आदि इन्द्रियका विषयलाई होम गर्दछन् । अर्थात् त्याग गर्दछन् । कसैले इन्द्रियका कर्महरू र स्वास प्रस्वासका प्रक्रियाहरूलाई ज्ञानको ज्योतिर्मय संयमद्वारा बालिएको अग्निमा हवन गर्दछन्भने अरू परमात्माको व्रत गर्नेहरू (उपाशकहरू) कोही द्रव्य दान, कोही तपस्याले, कोही चित्त वृत्ति नियन्त्रण गरी समाधिरूप यज्ञ, कोही नित्यकर्म पठनपाठन यज्ञ आदि यज्ञहरू गर्दछन् । स्वास प्रस्वास (प्राण अपान-बाहिर निस्कने, भित्र पस्ने) रोकी प्राणायाम गर्ने योगीहरू अपान (प्रस्वास) वायुलाई प्राण (स्वास) वायुमा होम गर्दछन् अनि प्राण वायुलाई अपानमा होम गरेर एवं दुबै प्रक्रियालाई रोकेर प्राणायम गर्दछन् । अरू कोही आहारलाई नियमित गरी प्राणेन्द्रियलाई प्राणमा आहुति दिन्छन् (भोजन कम खाएपछि प्राणको गति कम हुन्छ, अनि मन नियन्त्रण गर्न सकिन्छ) सबै यज्ञवेत्ता ज्ञानीहरू यस्तै यज्ञद्वारा पापको नाश गर्दछन् ।

इन्द्रिय र ब्रह्म ज्ञान

संयम यज्ञ पाप नाश

"यज्ञमा बचेको अमृत खाएर सनातनहरू (परंपरादेखि नित्य भैरहेका) ब्रह्म प्राप्त गर्दछन्, जो यज्ञ गर्दैनन् त्यसका निमित्त भने न यस लोकमा सुख छ न परलोकमै ।

यज्ञ र कर्म सिद्धि

"यस्ता धेरै यज्ञहरूको वर्णन ब्रह्माकै मुखबाट भएको हो। यी सबै यज्ञहरू कर्मबाटै सिद्ध हुन्छन्। यस्तो ज्ञान भएपछि अर्जुन, तिमी मुक्त हुनेछौ।

"धन दान गरेर हुने यज्ञभन्दा ज्ञानयज्ञ श्रेष्ठ मानिन्छ किनकि सबै प्रकारका कर्महरूको समाप्ति ज्ञानमा नै हुन्छ।

"तत्त्व देखेको पुरुषको भक्तिपूर्ण सेवा गरी प्रश्न सोधेर ज्ञान सिक, ती ज्ञानीले तिमीलाई ज्ञानको उपदेश दिनेछन्। यस्तो ज्ञान जानेपछि तिमी कहिल्यै फेरि मोहमा पर्ने छैनौ। ज्ञान जानेपछि तिमी संपूर्ण प्राणी आफूमै देख्न सक्नेछौ या संपूर्ण प्राणीलाई मभित्र देख्न समर्थ हुनेछौ।

ज्ञान प्राप्तिको समय

"यो ज्ञानमय डुंगाले जतिसुकै पापी भए पनि पापमय सागरबाट तिमीलाई तार्दछ। बलेको आगोले काठलाई भष्म गरेझैं यो ज्ञानले अज्ञानतालाई डढाउँछ। ज्ञानभन्दा पवित्र यस लोकमा अरू केही छैन, कर्मयोग सिद्ध भएपछि योगीले यस्तो ज्ञान आफूमा स्वतः प्रस्फुटित भएको पाउँछ। गुरुजनको सेवामा संधैं तत्पर रहने, श्रद्धा गर्ने, इन्द्रियहरूलाई नियन्त्रण गर्ने व्यक्तिले ज्ञान पाउँछ र यसरी ज्ञान पाप्त भएपछि अगाध शान्ति पनि मिल्दछ। शंकालु, श्रद्धा नभएको, अज्ञानीका निमित्त यो लोक र परलोक दुबै ठाँउमा ठाउँ पाउँदैन, त्यसले सुख पनि पाउँदैन, त्यसको त विनाशै हुन्छ। योग गरी (कर्मयोग) कर्म बन्धनबाट मुक्त भएका, ज्ञानले मनको मैलो निखारेका आत्मज्ञानीलाई कुनै कर्मको बन्धन हुँदैन।

"पाण्डव! अज्ञानले उत्पन्न भएको सबै मनका संदेहहरूलाई ज्ञानमय तरबारले काटी निष्काम कर्म योग लिएर उठ।"

—§—

गीता-बोध

अध्याय ५

कर्म सांख्य योग

सन्यास र कर्मयोग तत्त्ववोध, मोक्ष, कर्म, अकर्म, यज्ञको महत्त्व र ज्ञानप्राप्तिका बाटाहरूको उपदेश पाए-पछि अर्जुन पुनः प्रश्न गर्दछन् –

" कृष्ण ! संन्यास (ज्ञानयोग) र कर्मयोग दुबैको तारिफ तपाईंले मलाई वताउनुभयो । अब यी दुबैमध्ये कुनचाहिं उत्तम छ वताइदिनु पर्‍यो, म द्विविधामा छु ।

"कृष्णजी अर्जुलाई सम्झाउनु हुन्छ –

सांख्य र कर्म-योग

"कर्मयोग र संन्यासयोग दुबै मुक्तिदायक छन् तापनि संन्यासयोग भन्दा कर्मयोग नै उत्तम छ । संन्यासी त्यसैलाई भनिन्छ जसमा न रीस छ न आकांक्षा, यस्तो रीस-राग, पाप-पुण्य नभएका योगीको वन्धनहरू सजिलै छुट्तछन् । सांख्य (कर्म संन्यास) र कर्मयोगलाई भिन्न देख्ने विवेकी होइनन्, मूर्ख हुन्; राम्रो गरी कुनै एक मार्ग अपनाएमा दुबैको फल मिल्न सक्तछ । सांख्यले पाइने ब्रह्मप्राप्ति कर्मयोगले पनि मिल्दछ र सांख्य र कर्मयोगलाई एकै देख्ने वास्तवमा तत्वज्ञानी हुन् ।

सन्यासीका गुण

"कर्म नगरी संन्यास प्राप्त गर्न अति नै कठिन पर्दछ तर कर्मयोगी ज्ञानीले ब्रह्मज्ञान छिटै पाउँदछ । मन र इन्द्रियलाई जित्ने, सबै प्राणीको आत्मामा आत्मा देख्ने,

शुद्ध अन्तस्करण हुने कर्मयोगीका निमित्त कर्मको लेप वा बन्धन रहँदैन ।

"हेर्नु, सुन्नु,सुँघ्नु, छुनु, खानु, सास फेर्नु, हिंड्नु, बोल्नु, लिनु, छाड्नु आँखा चिम्लनु, सुत्नु यी सबै कार्यमा इन्द्रियहरू आफ्ना आफ्ना काम गरिरहन्छन् । 'म केही गर्दिनँ' भन्ने तत्त्वज्ञान बुझ्ने ज्ञानीले संझनुपर्दछ । कमलको पातमा पानी नटाँसिएजस्तै ब्रह्ममै कर्म अर्पण गरी फलको इच्छा छाड्ने कर्मयोगीलाई पाप टाँसिदैन ।

"योगीहरू देह, मन र बुद्धिले गरिने कर्म आसक्ति-रहित आत्मशुद्धिकै निमित्त मात्र गर्दछन् । कर्मफल त्याग गरी गरिने कर्मबाट योगीले पूर्ण शान्ति पाउँछभने फलको आसक्ति राखी गरिएको कर्मले पाप पुण्यको बन्धन मिल्दछ ।

"इन्द्रियहरू सबैलाई नियन्त्रणमा राखी मनले कर्म छाडेको एकचित्त भै ईश्वरको ध्यान गर्ने योगी यो नौ ढोका भएको शहर रूपी (नौ द्वारहरू–मुख, आँखा, नाक, कान मलद्वार आदि) शरीरमा न केही गराउँछ न गर्दछ केवल आनन्दसँग बसिरहन्छ ।

आत्माले कर्म गराउँदैन

"ईश्वर प्राणीले गर्ने क्रियाको उत्प्रेरक वा कर्म वा कर्मफलहरूको संयोगको सृष्टिकर्ता होइन वास्तवमा स्वभाव या प्रकृतिले नै सबै कुरा गराएको हुन्छ ।

"आत्माले कसैको धर्म या पाप लिंदैन ज्ञानलाई अज्ञानताले ढाकेको हुँदा सबै प्राणी मोह (माया) मा लुटपुटिएका हुनाले भ्रान्तिमा छन् ।

"आत्मज्ञानले जसको अज्ञानता नाश हुन्छ त्यसको सूर्य जस्तो तेजिलो ज्ञानको प्रकाशले मोक्षपदलाई नै उज्यालो पार्दछ ।

"परमार्थ तत्त्व या मोक्षपदमा जसको बुद्धि, मन र निष्ठा रहेको हुन्छ त्यस्ता पापलाई फालेका ज्ञानीले मुक्ति पाउँछन् ।

सम दर्शी ज्ञानी

"ज्ञानीका निमित्त गाई, हात्ती, कुकुर, चाण्डाल र सर्वज्ञ ब्राह्मण बरावर हुन्, यिनीहरूमध्ये कोही उचनीच छैन ।

"सबै प्राणीलाई बरावर देख्ने ज्ञानीहरूले यस लोकलाई जितेको हुन्छ। ब्रह्म निदोर्षी छ अनि सबैमा सम भाव राख्ने हुन्छ । तसर्थ ती ज्ञानीहरू पनि ब्रह्ममै स्थित हुन जान्छन् ।

"प्रिय वस्तु पाउँदा खुसी नहुने, अप्रिय पाएमा दुःखी नहुने यस्तो स्थिर बुद्धि भएको विवेकी ब्रह्मतत्व जान्ने पुरुष ब्रह्ममै रहेको सम्झिन्छ ।

चीर सुख र क्षणिक सुख

"बाहिरी विषयभोगमा लोभ नभएको व्यक्तिले जो भित्री सुख (आत्मा सुख) पाउँदछ त्यो ब्रह्मयुक्त कहिल्यै ननासिने सुखको अनुभव गर्दछ । विषयभोगहरू ठुला ठुला दुःखका कारण हुन् , तसर्थ विद्वान्हरू क्षणिक आउने–नाश हुने सुख दुःख आदि भोगलाई रुचाउँदैनन् ।

"यो शरीर रहेसम्म कामक्रोध आदिबाट उत्पन्न हुने वेगलाई इन्द्रिय दमन गरेर सहने पुरुष यस लोकमा योगी ठहर्दछ र सुखी पनि हुन्छ ।

"जो अन्तष्करणबाटै सुखी छ, खुशी छ त्यस्तै पुरु-लाई भित्री ज्योति मिल्दछ, त्यस्तो ब्रह्मस्वरूप, ब्रह्मज्ञानी योगीले मोक्ष पनि पाउँछ ।

" ईश्वर एउटै छन् भन्ने ठान्ने, मनलाई नियन्त्रण गर्न सक्ने, सबैको हित चाहने निष्पाप ऋषिलाई ब्रह्म-निर्वाण रूप मोक्ष प्राप्ति हुन्छ ।

" काम क्रोध नभएका, मन रोक्न सक्ने, आत्मज्ञान पाएका मुनिका निमित्त ब्रह्मनिर्वाण मोक्ष वसिबसी स्वतः आउँछ ।

ध्यानातीत हुने उपाय

" इन्द्रियादि सुख दु:ख शब्दादिको स्पर्शलाई बाहिरै पन्छाएर दुबै आँखिभौंको बीचमा आँखालाई एकत्रित गरी नाकवाट वहने स्वासप्रस्वासलाई समान राखी इन्द्रिय, मन, बुद्धिलाई बाँधेर मुक्तिका लागि तत्पर भएको, काम क्रोध जितेको मानिस मुक्त हो ।

" तपस्या तथ यज्ञ भोग गर्ने, सम्पूर्ण जीवात्माकै भित्र सबैलोकको ईश्वर मलाई नै संझने योगीले कहिल्यै नाश नहुने शान्ति पाउँछ ।"

–§–

गीता-बोध

अध्याय-६

ध्यान योग

" कृष्ण भन्नु हुन्छ –

" कामना छोडी शास्त्रअनुसार स्वकर्तव्य गर्ने नै संन्यासी योगी हो। अग्निहोत्रादि कर्म वा अन्य कुनै कर्म नगरी वस्ने संन्यासी वा योगी हुन सक्तैन। संन्यास भन्ने नै योग हो किनभने कामना त्याग नगरीकन कोही योगी हुन सक्तैन।

" योगको इच्छा राख्ने मुनिका निमित्त कर्मलाई कारण वा साधना वताइएको छ भने योग सिद्ध भइसकेका-हरूलाई शान्ति चाहिं कर्मको साधन हुन्छ।

मित्र र शत्रु

" इन्द्रियहरूको विषयमा र कर्मफलको कामना र आसक्ति छोडेको व्यक्ति पूर्ण योगमा चडिसकेको भनिन्छ। आफू नै आफ्नो शत्रु वा मित्र हो, आफ्नो उद्धार आफूले नै गर्नुपर्दछ, आफूले आफैंलाई कहिल्यै गिर्न नदिनू। आफ्नो मन जित्ने व्यक्ति आफ्नो मित्र हो, जसले आफ्नो मन जित्न सक्तैन त्यो आफू नै शत्रु बराबर हुन्छ। गर्मी, सर्दी, सुख, दु:ख र मानअपमान सबैलाई एकै समान संझने र मन-जितेका शान्त चित योगीको समाधिमै परमब्रह्म प्रस्फुरण हुन्छ।

" ज्ञान विज्ञानले परिपूर्ण भै सबै इन्द्रिय जितेका, मूल प्रकृति (कुटस्थ) मा पुगिसकेका योगीलाई सुन र

पत्थर एकै प्रकारको लाग्दछ र यस्ता कर्मयोगीलाई "युक्त" पुरुष अर्थात् सिद्ध स्थितिमा पुगेको भनिन्छ ।

समान भाव राख्नु

"मित्र, बैरी, सुहृत (उपकारी), उदासीन (कसैको वास्ता नभएको), मध्यस्थ, खेदो गर्ने, वन्धु, पापी तथा साधु सबैलाई समान रूपले हेर्ने नै लोकमा सर्वश्रेष्ठ हुन्छ ।

योग साधन गर्ने तरीका

"नाश हुने वस्तुप्रतिको आसक्ति छोडेर अंतस्करणलाई संयममा लिई एकान्तमा योग–अभ्यास योगीले गर्नुपर्दछ । कुशमाथि मृगचर्म त्यसमाथि तन्ना राखी चलढल नगर्ने स्थिर आसन पवित्र स्थानमा ठीक्कको अग्लो बनाई, त्यसमाथि वसी इन्द्रियजन्य सबै कामहरूलाई रोकी एकाग्र भै आत्मशुद्धिका निमित्त ध्यान गर्नू । यसरी ध्यान गर्दा शरीर, घाँटी तथा शिरलाई सिधा राखी एकाग्र भै नाकको टुप्पो मात्र हेर्नु, शान्त हुनु, सबै डर पन्छाउनु हृदयदेखि नै ब्रह्मचर्य व्रत ली मन रोकेर ईश्वरमै एक चित्तभै योग लिएर ममै समर्पण हुनु ।

योग सिद्धि गर्ने उपाय

"इन्द्रिय जितिसकेका, परमात्मामा लीन हुनका निमित्त योग गर्नेले, ममै लीन हुने निर्वाण पद पाउँछन् । यस्तो कर्मयोगको सिद्धि खन्चुवा, निराहार, सुताहा, वा जागो बसिरहनेहरूलाई प्राप्त हुँदैन । जस्ले आपनो आचरण ठीक राख्तछ, जो नियमसँग खानपिन, सुत्नुउठ्नु गर्दछ त्यसैले यो दुःख नाश गर्ने योग गर्न सक्तछ । यसरी समालिएको चित्त अन्तरात्मामा स्थिर बस्तछ; त्यस अवस्थामा कुनै कामना हुँनैनन् अनि त्यो योगाभ्यास गर्ने युक्त योगी हुन्छ । हावा नचलेको ठाउँमा बालिएको बत्ती स्थिर भएकैं मन रोकेर योग गर्ने मुनिहरू पनि स्थिर हुन्छन् । योग अभ्यासले रोकिएको चित्त जुन ठाउँमा छ त्यही आफूमै आत्मा पाएर आफैं संतुष्ट हुन्छ ।

" इन्द्रियहरूको संवन्धै नभएको बुद्धिले मात्र चाल पाइने, कहिल्यै ननाशिने आत्मा सुख प्राप्तिको अनुभव भएपछि त्यही सुखमा जब स्थिर हुन्छ त्यो योगी आत्मा-रूप ब्रह्मवाट कहिल्यै डग्दैन । यस्तो सुखप्राप्ति भएपछि यसभन्दा अरू पाउनु पर्ने कुनै आकांक्षा पनि रहँदैन । यस्तो स्थितिमा पुगिसकेपछि कुनै कठिन दुःखले डगाउन पनि सक्तैन । यो दुःखको स्पर्श नाश गर्ने 'योग' मनलाई कति डगमगाउन नदिई गर्नुपर्दछ ।

" सबै तिरबाट मममा उत्पन्न हुने कामना छोडि-

मन-लाई रोक्ने उपाय

दिनु, इन्द्रियहरूको समूहलाई जित्नु । धैर्य लिई बुद्धिविवेक प्रयोग गरी शान्त हुनु, मनलाई आत्मामा स्थिर गरी अरू केही नसंक्नु । अस्थिर चन्चलमनलाई बरालिन नदिनु बरालिएको मनलाई पनि फकाई एक चित्त भै आत्मामै लगाउनु ।

" रजोगुण रहित, निष्पाप शान्तमन भएको ब्रह्ममै तन्मय भएको कर्मयोगीलाई अगाध सुख प्राप्त हुन्छ । यस्तो योगाभ्यास गर्ने योगी निष्पाप बन्दछ र ब्रह्ममै निहित सुख पनि भोग्दछ ।

" योगले युक्त भएका समदर्शीहरू सर्वत्र प्राणीमा आफूलाई र आफू पनि सबै प्राणीभित्र भएको अनुभव गर्दछन् । यसरी, मलाई सर्वत्र देख्ने वा ममै सबै देख्ने व्यक्ति मवाट टाढा हुन सक्तैन, न मनै त्यसबाट टाढा हुन सक्तछु । सर्वत्रलाई ढाकेर रहने म ईश्वरलाई जो एकाग्र भै भज्दछ त्यो योगीले जे जे कर्म गरे पनि अन्त्यमा मैमा लीन हुन्छ । संसारको सुख दुःख आफूलाई भएसरह हेर्न सक्ने सम भाव भएको योगी सर्वश्रेष्ठ हो ।

" अर्जुनलाई समता योग संवन्धमा केही शंका उत्पन्न भएको हुनाले प्रश्न गर्दछन् -

" मधुसूदन! यो साम्यबुद्धि प्राप्त हुने योगका विषयमा आज्ञात भयो तर चित्त चन्चल भएको हुनाले यसको स्थिरता हुँदैन कि भन्ने लाग्दछ । मन अति चन्चल, हठी र बलियो हुन्छ तसर्थ यसलाई नियन्त्रण गर्नु भनेको हावाको कुम्लो कस्नु जस्तो कठिन हुने त होइन ?

" कृष्ण उत्तर दिनु हुन्छ–

"धनञ्जय ! यो मन रोकिनसक्नु चन्चल छ तापनि वैराग्यको अभ्यासले यसलाई नियन्त्रण गर्न सकिन्छ । अभ्यासद्वारा अनेक उपायले मन रोक्न सक्नु पर्दछ, यसरी मन नरोकेसम्म त योग प्राप्ति हुँदै हुँदैन ।

" अर्जुन फेरि सोद्धछन्–

"कृष्ण! यदि कुनै योगीको साधना अधूरो भै छुट्यो भने त्यस योगीले सिद्धि विना कसरी गति पाउला त ? ब्रह्म प्राप्तिका निमित्त थालिएको कर्मयोगको साधना बीचमै छुट्न जाँदा छिन्नभिन्न भएको मेघ झैं घरको नघाटको पो हुने हो कि ? मधुसूदन ! हजूरविना यो मेरो शंका कसले हटाउन सक्तछ?

अधुरो साधनाको परिणाम

" कृष्णजी उत्तर दिनुहुन्छ–

" अर्जुन ! असल काम गर्ने व्यक्तिको दुर्गति त हुँदै हुँदैन, दुबै लोकमा त्यस्ता व्यक्तिको कुनै नोक्सान हुँदैन । त्यस्तो व्यक्ति धर्मात्माहरू रहने लोकमा गई धेरै वर्ष भोग गर्दछ र त्यसपछिको जन्म कुनै पवित्र धनीका घरमा वा सुयोग्य कर्मयोगीको कुलमा हुनेछ । यस प्रकारको जन्म यस लोकमा पाउन साँचै दुर्लभ छ । यसरी यस लोकमा जन्मेपछि पनि अघिल्लो जन्मको बुद्धि संस्कार पाउँछ अनी सिद्धिमा उसको मन लाग्दछ । यस्तो पुरुष उस जन्मको फलले इच्छा नरहे पनि पूर्ण सिद्धितर्फ तानिन्छ

भने, रुन् अलिकति योग जान्ने इच्छासम्म राख्यो भने पनि शब्द ब्रह्म (कर्मकाण्ड रूप वेद) भन्दा पर पुग्दछ । यसरी निष्पाप भई बराबर कोशिश गरिरहेपछि कर्मयोगी सिद्ध पुरुष कुनै जन्ममा मोक्ष गति प्राप्त गर्दछ । जंगलमा घुम्दै तपस्या गर्ने तपस्वी, संन्यासी (ज्ञानी) तथा कर्म काण्ड गर्नेहरू भन्दा पनि ठूलो कर्मयोगी मानिन्छन्; त्यसैले तिमी पनि कर्मयोगी बन ! यस्ता कर्मयोगीहरूमध्ये पनि त्यहीं योगी श्रेष्ठ हो जो अन्तरात्मा ममानै अर्पण गरी श्रद्धापूर्वक भक्ति गर्दछ ।"

-६-

गीता-बोध

अध्याय-७

ज्ञान विज्ञान योग

संजयले धृतराष्ट्रलाई भनिरहेका छन्–

" श्री कृष्ण भन्नुहुन्छ–

" मैमा भक्तिको आधार वनाएर कर्मयोग गर्दै जाँदा तिमीले मलाई पूर्ण (मेरो सन्देह रहित ज्ञान पूर्ण स्वरूप) चिन्न सक्ने उपाय सबै सुन ! म तिमीलाई विज्ञानसहित सबै ज्ञान बताउँछु, यस्तो ज्ञान जानेपछि अरू जान्न केही वाँकी रहेको हुन्न ।

" हजारौं मानिसमा कसैले योग सिद्धिको प्रयत्न गर्दछभने हजारौं सिद्धमा एकाधले मात्र मेरो सच्चा ज्ञान प्राप्त गर्दछ ।

परा र अपरा प्रकृति

"पृथ्वी, पानी, आगो, वायु, आकाश, मन, बुद्धि, अंहकार यी आठ मेरा जड प्रकृति हुन् । जडस्वरूपिणी "अपरा" प्रकृति हो र जीवस्वरूपिणी 'परा' प्रकृति अर्की छ, यसैले यो जगत पनि थाम्दछे । सारा प्राणीहरूको सृष्टि यिनै जीवस्वरूपिणी 'परा'वाट हुन्छ, तसर्थ उत्पत्ति र नाशको स्थान मै हुँ तर म कहिल्यै नाश हुन्न । म वाहेक अरू केही छैंदैछैन, सबै चीज धागोमा माला उनिएझैं ममै उनिएका छन् । जलमा रस हुँ, सूर्य चन्द्रको ज्योती हुँ, पुरुषको पुरुषार्थ हुँ, आकाशमा शब्द हुँ, वेदमा ॐ हुँ, पृथ्वीमा

सुवास हुँ, आगोको तेज हुँ, प्राणीमा जीव हुँ, तपस्वीमा तप हुँ, प्राणीको बीज हुँ, बुद्धिमानको बुद्धि हुँ। तेजस्वीको म तेज हुँ, बलवानको काम बासना रहित बल हुँ, प्राणीहरूको काम पनि मै हुं।

"धर्म विरूद्ध नजाने सत्व रज तम आदि गुण सबै मबाट निस्कछन् तर म तिनमा कहिल्यै छैन वरु ती ममा रहन्छन्।

"सत्व तम रज त्रिगुणादि भावले छोपिएको यो जगत् यी गुणभन्दा पर रहेको मेरो अविनाशी पनलाई देख्तैनन्। दिव्य गुणयुक्त यो मेरो माया नाघ्न नसकिने खालको छ र मेरै शरणमा पर्नेहरू मात्र यो मायालाई पार गरेर जान्छन्। मायाले ज्ञान नाश भएको पापी, मूर्ख, अधमहरू राक्षसी प्रवृत्ति लिएर मेरो शरण पर्दैनन्।

त्रिगुणात्मक माया

"रोगी, ज्ञान जान्न चाहने, धन चाहने र ईश्वर मात्र चाहने ज्ञानी यी चार प्रकारका पुण्यात्माहरू मेरो भजन गर्दछन्। यी चार प्रकारका भक्तहरूमध्ये पनि म वाहेक अरू केही कुराको चिन्तन नगर्ने निष्काम बुद्धियुक्त ज्ञानी सर्वश्रेष्ठ हो, यस्ताले ममा अति प्रेम राख्ने हुनाले मेरा पनि यिनीहरू हद प्यारा हुन्छन्। यी चारै प्रकारका भक्त असलै हुन् तापनि ज्ञानी चाँहि मेरो स्वरूप हो। सो ब्रह्मज्ञानीले मलाई नै सर्वोत्तम गति ठहराएको हुन्छ। अनेकौं जन्ममा खारिएपछि 'यो संसार जे छ सो सबै परमात्माकै स्वरूप हो' भन्ने जान्ने ज्ञानी ममा पुग्दछ तर यस्तो महात्मा हुन भने दुर्लभ छ। आफ्नो आफ्नो प्रकृतिको नियमानुसार स्वर्गादिफलको काम वासनाले पागल झैं भएका लाखौं मूर्खहरू अनेक देवताको पूजा गर्दछन्। भक्तले श्रद्धाले जस्तो मूर्ति वा स्वरूप पूजा गर्न चाहन्छ त्यसको निश्चल श्रद्धालाई म पुन्याइदिन्छु। यस्तो श्रद्धालुले पूजन गरेको कामबाट मैले

चार प्रकारका भक्त

स्वर्ग प्राप्ति र मोक्षको भेद

दिएको फल पाउँछ । तर यस्ता अल्पबुद्धि भएकाहरूले पाएको फल नाशिने हुन्छ । देवभक्त गर्ने देवलोकमै जान्छन्, केवल ममा भक्ति गर्नेले मात्र मोक्ष पाउँछन् ।

" मलाई सर्वश्रेष्ठ, सितिमिति जान्न नसकिने, ननाशिने भन्ने नजानेर अल्प बुद्धि भएका व्यक्ति सहजै प्राप्त गर्न सकिने ठान्दछन् । योगमायाले ढाकिएको हुँदा मलाई सबैले देख्न सक्तैनन् । झन् कम बुद्धि भएकाहरूको त कुरै भएन । म कहिल्यै नजन्मने र अविनाशी पनि छु भन्ने कुरो मूर्खहरू बुझ्दैनन् । अघि भएका, हाल भैरहेका र पछि हुने सबै प्राणीलाई म चिन्दछु तर मलाई चिन्न कसैले सक्तैन ।

" इन्द्रियहरूको कामना र द्वेषले उठेको सुखदुःख, मायामोहले यस सृष्टिका सबै प्राणी अलमलिएका छन् । पाप नाश भई द्वन्द्व मोह छुटेका धर्मात्माहरू दृढ भै मेरै भक्ति गर्दछन् ।

" जन्म मृत्युको चक्रबाट छुट्न ममै आश्रित भै प्रयत्न गर्नेले यो 'ब्रह्म' कर्म र अध्यातम पनि बुझेका हुन्छन् । म नै अधिभूत, अधियज्ञ र अघिदैव सहित हुँ भन्ने जान्ने कर्मयोगीले मलाई मरणकालमा स्वत संझन्छन् ।"

-०-

गीता–बोध

अध्याय–८

अक्षर र ब्रह्मयोग

अर्जुनको मनका तरंग अझ शान्त भएका छैनन् अनि अर्जुन प्रश्न गर्दछन्–

"मधुसूदन ! ब्रह्म कुन वस्तु हो ? अध्यातम भनेको के हो ? कर्म केलाई भन्ने ? अधिभूत, अधिदैव को हुन् ? अधियज्ञ भनेको को हो ? अन्तकालमा इन्द्रिय नियन्त्रण गर्नेले हजूरलाई कसरी पाउँछन्, मलाई सबै बताउनुहोस् ।"

अक्षर श्री कृष्ण अर्जुनलाई सम्झाउनु हुन्छ–

ब्रह्म "अर्जुन ! अक्षर अर्थात् अविनाशी तत्व नै ब्रह्म हो ।

कर्म अध्यातम भनेको प्रकृति हो या मूल भाव हो । अक्षर (नाश नहुने) ब्रह्मबाट हुने चराचर जगत्‌को सृष्टि गरिने काम "कर्म हो"। 'अधिभूत' नाश हुने वस्तु हो, प्राण पुरुष ईश्वर नै अधिदैव हो, अधियज्ञ या सबै यज्ञको अधिपति मै हुँ, देहधारी मध्येको सर्वश्रेष्ठ अधिदेह पनि मै हुँ । तसर्थ अन्त्यमा जसले मलाई सम्झेर देह छाड्दछ निःसन्देह त्यो ममै मुक्त (मोक्ष) भै मिल्नेछ ।

"प्राणी जन्मभर जो जस्तोमा रङ्गिएको हुन्छ अन्तकालमा त्यो सम्झेर देह त्याग गर्ने हुनाले मरेपछि त्यही भावमा मिल्न जान्छ । त्यसैले, युद्ध गर्दा पनि मलाई नै सम्झेर गर, मन बुद्धि सबै ममै अर्पण गर्‍यौ भने तिमी ममै मिल्नेछौ । अभ्यासद्वारा एकाग्र चित्तले ईश्वरको आराधना गर्दागर्दा ईश्वरमै पुग्न सकिन्छ ।

"सबै ज्ञाता, संसारलाई नियमित सञ्चालन गर्ने, सूक्ष्मभन्दा सूक्ष्म मनले पनि चिन्तन गर्न नसकिने, सबैभन्दा पुरानो, सबैलाई पालन गर्ने, अज्ञानको अन्धकार भन्दा टाढा रहेको, सूर्य समान उज्यालो यस्तो देदीप्यमान म ब्रह्मलाई, इन्द्रिय नियन्त्रण गरी निश्चल भई प्राणलाई योगको सहायताले आँखीभौंको बीचमा केन्द्रित गरी संझने दिव्य पुरुष ममा मिल्छ ।

योग बाट ब्रह्म प्राप्ति

"वेद जान्नेहरूले भनिने अक्षर (ननाशिने) वैरागी मुनीहरूले प्राप्त गर्न चाहेको अक्षर, ब्रह्मचर्य पालन गरेर चाहना गरिने अक्षर, त्यही ॐकार पद म तिमीलाई बताउँछु, सुन–

ॐकार पद

"शरीरका सबै बाटाहरू (नौ ओटा दुला) बन्द गरी मनलाई हृदयमै एकत्रित गरेर श्वास प्रश्वास मस्तकमा राखेर योग धारण गरी "ॐ" यो एकाक्षरी ब्रह्म जप्तै मलाई (ईश्वरलाई) सम्झँदै जो देह परित्याग गर्दछ, त्यो पुरुष मोक्षपद (कैवल्य) पुग्दछ ।

कैवल्य प्राप्ति

"एकाग्र भई मेरो सधैं चिन्तन गर्ने कर्मयोगीले मलाई सजिलै प्राप्त गर्दछ, मलाई प्राप्त गरेर ठूलो सिद्धि पाएका ज्ञानीहरूको दुःखको गुंड ठहरिएको अनित्य पुनर्जन्म हुँदैन ।

"स्वर्ग लोकदेखि ब्रह्मलोकसम्म पुगे पनि भोग सकिएपछि पुनर्जन्म लिनु पर्दछ तर ममा पुगेपछि भने पुनर्जन्म हुँदैन ।

"सत्य, त्रेता, द्वापर, कलि यी चार युगलाई एक काल सम्झनु र यस्ता हजार काल बराबर ब्रह्मका एक दिन र त्यस्तै हजार काल बराबरको एक रात हुन्छ । यो कुरो बुझने व्यक्ति अहोरात्र बुझने तत्वज्ञानी हो ।

"ब्रह्माजीले दिनमा अव्यक्तबाट व्यक्त वस्तुको सृष्टि गर्दछन् अनि रातमा ती व्यक्त वस्तु पुनः अव्यक्तमै मिल्दछन् (अर्थात् प्रलय हुन्छ); संपूर्ण प्राणीहरूको सृष्टि दिनमा देखिने र रातमा प्रलय भै विलीन हुने प्रक्रिया बारंबार भई नै रहन्छ।

"अव्यक्तभन्दा पर रहेको त्यो कहित्यै ननाशिने सधैं रहिरहने वस्तु अक्षर हो, यसलाई परम गति पनि भनिन्छ र यस स्थानमा पुगे पछि फर्केर आउनु पर्दैन (जन्म लिनु पर्दैन)।

अक्षर र ब्रह्म

"सर्व प्राणीलाई आफूभित्र अटाउने, सर्वव्यापी परमात्मा (सबै भन्दा पर रहेको ब्रह्म) लाई एकाग्र भै भक्ति गर्नाले मात्र मिलन सक्तछ।

"कुन समयमा योगीहरूको मृत्यु भयो भने यस संसारमा जन्मन आउँदैनन् वा कुन समयमा मर्नाले पुनर्जन्म हुन्छ त्यो बताउँछु, सुन –

"अग्नि रूप ज्योतिको प्रकाशमा, दिनमा, शुक्ल पक्षमा, उत्तरायण छ मैनामा मर्ने ब्रह्मज्ञानीहरू ब्रह्ममै पुग्दछन् फेरि जन्मनु पर्दैन। घूवांले ढाकेको आगो, रात्री, कृष्णपक्ष र दक्षिणायनमा मर्ने कर्मयोगी चन्द्रलोकमा रही पुण्य सकिए-पछि पुनः जन्म लिन्छन्।

"जगतमा शुक्ल र कृष्ण दुई मार्ग अथवा प्रकाशमय र अन्धकारमय दुई बाटा छन्❟ यी बाटावाट जाने पुरुष मध्ये एकले पुनर्जन्म लिनु पर्दैन, अर्कालि पर्दछ।

❟ शुक्ल मार्ग अर्थात् देवयान मार्ग मृत्यु पछि अग्निमा जलाउना साथै शुरु हुन्छ तसर्थ क्रमैसँग अग्निको प्रकाश, दिनको प्रकाश, शुक्ल पक्षको प्रकाश, उत्तरायणको प्रकाश, हुँदै जाने योगीले परब्रह्म प्राप्त

"यी दुई मार्गका गति जान्ने योगी मोहमा फस्तैन, तसर्थ तिमी पनि सदासर्वदा कर्मयोगी वन ।

"अहिलेसम्म बताएको तत्व बुझेपछि वेदमा बताइएका तप, यज्ञ, दान, बाट पाइने मुख्य फल समेतलाई नाघेर कर्मयोगीले मुक्ति प्राप्त गर्दछन् ।"

गर्दछ । कृष्ण मार्ग अर्थात् पितृमार्ग या अंधकारपूर्ण मार्ग –यो मार्ग अन्धकारमय भएकाले धूँवा, रात्रीको अन्धकार, कृष्णपक्षको अन्धकार दक्षिणायनको अँध्यारो छमहीनाको बाटाबाट जाने कर्मयोगी अन्त्यमा चन्द्रलोकमा रही पुण्य सकिएपछि यस लोकमा जन्मन आउँछन् ।

–६–

गीता-बोध

अध्याय-९

गोप्यराज विद्या योग

श्री कृष्ण भगवान् भन्नुहुन्छ-

"विज्ञान सहित यो अति रहस्यमय अथाह ज्ञान म तिमोलाई बताउँछु, दोषदृष्टि नराखी यसलाई लेऊ, यो जान्नाले सबै पाप छुट्तछन् । यो विद्यामा सर्वश्रेष्ठ राज-विद्या गुह्य (अथाह) पदार्थको पनि राजा मानिएको, पवित्र, कहिल्यै नाश नहुने, तत्काले सुख र ज्ञान दिने प्रकारको र धर्मयुक्त छ ।

"मैले मेरो अव्यक्त रूपले यो संसार ढाकेको छु, यी समग्र प्राणी ममा छन् म तिनमा रहेको छैन ।

"यो ईश्वरीय लीला अपार छ, संपूर्ण प्राणी मैमा छन्, म यिनलाई पैदा गर्छु, धारण गर्छु तर पनि म तिनी-हरूमा छैन ।

"सर्वत्र वहने वायु आकाशमा भएझैं समस्त प्राणीहरू

प्रलय र प्राणी

ममा छन् भन्ने बुझ्नु पर्दछ, प्रलय हुँदा यी समस्त प्राणी मेरो प्रकृतिमा विलीन हुन्छन् अनि कल्पको (सृष्टिको) शुरूमा म पुनः तिनको सिर्जना गर्दछु ।

कर्म बन्धन

" प्रकृतिलाई साथ लिएर आ-आफ्नो प्रकृति (आफ्नो कर्मले बाँधिएको) अनुसार गुण लिएका अर्थात् आ-आफ्नो कर्मले बाँधिएको चराचर जगत बराबर सृष्टि

गर्दछु । यी संम्पूर्ण रचाना गर्ने काममा म समभाव गरी वस्तछु, म आसक्त हुन्न, त्यसैले यो रचना–नाश गर्ने कामको कर्मवन्धन मलाई लाग्दैन ।

"मेरो स्वामित्वमा प्रकृतिवाट जगत्‌को सृष्टि र संहार वरावर भै रहन्छ। मलाई (कृष्णलाई) यो मानिसै त हो नि भनी अवहेलना गर्ने मूर्खहरू पनि छन्, यिनीहरू मेरो परमस्वरूपलाई चिन्दैनन् त्यस्ता मूढ, अज्ञानी, राक्षसी–आसूरी भाव लिनेहरूले गरेको आशा, ज्ञान, कर्म सबै निरर्थक हुन्छन् र तिनीहरूको चित्त भ्रष्टं भएको हुन्छ ।

"सत्वगुणी प्रकृतिका महात्माहरू मलाई नै सवभन्दा पहिलो (आदि पुरुष) नाश नहुने भन्ने संझी एकचित्त भै भज्दछन् । दृढव्रत गर्ने कर्म योगीहरू अनेक प्रयत्न साथ कीर्तन र नमस्कार गर्दै भक्तिभाव देखाएर मेरो उपासना गर्दछन् । विश्व भरि नै मुख भएको मलाई कोही कर्मयोगी ज्ञानयज्ञले सेवा वा पूजन गर्दछन् भने अरू ईश्वर एउटै मात्र छ भनेर पुज्दछन् अरू अरू विविध रूप (पृथक रूपमा) मा अर्चना गर्दछन् ।

ईश्वर सर्व रूप

"मै परमेश्वर क्रतु (श्रौत यक्ष), यज्ञ, स्वधा (पितृलाई अर्पण गरेको अन्न), औषधि, मन्त्र, आज्य (होम गरिने घीउ आदि), अग्नि, होम, यो लोकको पिता, माता, बाजे, धाता (पाप पुण्य कर्मफल दिने), पवित्र वेद्य (जान्न लायक), ॐकार (ॐ रूप), ऋक्, यजु, साम वेदहरू र सबै श्रेष्ठ वस्तु हुँ ।

"साक्षी, पोषक, सबैको गति, मालिक, रक्षा गर्ने मित्र वासस्थान, उत्पत्ति र प्रलयको स्थान, ननाशिने, कारण र बीजस्वरूप पनि मै हुँ । गर्मी दिने, वर्षा रोक्ने, वृष्टि गर्ने, अमृत, मृत्यु, नाशिने र ननाशिने सबै मै हुँ ।

"वेदज्ञाता (तीनै वेद जान्ने र अनुसरण गर्ने) यज्ञको पूरा (शेष) पान गरी, पापरहित भएर यज्ञद्वारा मेरो पूजा गरी स्वर्गलोकको प्राप्तिको कामना गर्नेहरू स्वर्ग प्राप्त गर्दछन् औ अनेक देवताले भोग गरेको भोग पाउँछन्।

"यस्तो पुण्यको भोग स्वर्गलोकमा गरेर पुण्य शेष भएपछि पुनः मर्त्य लोक आउने क्रम बराबर भइरहन्छ, वेदमा उल्लेख भएझैं कामेच्छा राखी दैवी पूजाको विधि गर्नेहरूले यस्तै क्रममा पर्नुपर्दछ।

"तर एकत्व भै मेरो भजन चिन्तन गर्ने कर्मयोगी लाई म योगक्षेम (योग = अप्राप्य वस्तु पाउनु, क्षेम = यसरी पाएको वस्तुको रक्षा गर्नु वा सधै जुठाई दिनु) को साधन अर्थात् सांसारिक नित्य निर्वाह गर्न चाहिने वस्तु जुटाइ दिन्छु। (ईश्वर को अनुग्रह)

"हे अर्जुन, अरू देवताहरूको श्रद्धापूर्वक पूजन गर्नेले पनि मेरै पूजा गरेको ठहर्दछ, यद्यपि यस्तो पूजा, मेरो विधि पूर्वकको पूजा होइन।

"संपूर्ण यज्ञको भोग गर्ने स्वमी म हुँ भन्ने नजान्नेहरू फलइच्छा राखी गरिएको कर्मद्वारा पतन भएर जान्छन्। देवपूजन गर्नेहरू स्वर्गलोकमा, पितृपूजन गर्ने पितृलोकमा, भूतहरूलाई पूजा गर्ने भूत लोकमा र मेरो पूजा गर्ने बैकुण्ठ जान्छन्। (देव पूजन र कर्म नाश)

"भक्तले अर्पण गरेको पात, फूल, फल, जल जे होस् म यो भक्तिको भेट संकी खुसी साथ लिन्छु। तिमी जो गर्छौं, खान्छौं, दिन्छौ, वा होम गर्छौं, तप गर्छौं त्यो सबै ममै अर्पण गर, अर्जुन! यसो गर्नाले कर्मबन्धनबाट उम्केर योगले अंतस्करण शुद्ध भै ममै सरासर मिल्नेछौ।

"मेरो निमित्त कुनै प्रिय अप्रिय छैनन्, म सबैमा समान छु तापनि जो भक्तिले मेरो भजन गर्दछ म तिनमा पनि एकत्व छु र ममा तिनीहरू छन्। यदि दुराचारी पुरुष छ भने पनि एकत्व लिई मेरो भक्ति गर्ने भयो भने त्यसलाई असल बाटो अपनाएको साधु संझनुपर्दछ। यस्तो व्यक्ति चाँडै नै धर्मी मन भएको व्यक्ति हुन्छ र यस्ताले सधैं शान्ति पाउनेछ। अर्जुन, यो संझ, भक्तको विनाश कहिल्यै हुँदैन।

मुक्तिको बाटो

"मेरो आश्रय गरेपछि धर्मातमा, ब्राह्मण, राजर्षी र क्षेत्रीयको त के कुरा वैश्य, शूद्र सबैले पापबाट मुक्त भै परमगति पाउँछन्, यो दुःखी अनित्य चोलामा मेरो भजन सधैं गर!

"ममा मन देऊ, ममा भक्ति राख, मेरै यज्ञ र वन्दना गर यही योगका कारणले अन्त्यमा ईश्वर-प्राप्ति गर्नेछौ।"

-०-

गीता-बोध

अध्याय-१०

विभूति योग

संजय धृतराष्ट्र महाराजलाई बिन्ती गर्दछन्-

"श्री कृष्ण भगवान् भन्नुहुन्छ-

"अर्जुन, मेरो कुराबाट संतुष्ट भएका तिमीलाई हित हुने अरू उत्तम कुरा भन्दछु, सुन । देवता र ऋषिहरू सबैको आदि जगत्पिता मैहुँ । मेरो उत्पत्ति न देवता जान्दछन् न ऋषि नै ।

"ईश्वरभन्दा पहिले कोही भएन, यो जन्मदैन, यो विश्वको मालिक हो भनेर जो ज्ञानी-जान्दछ त्यो सबै पापबाट मुक्त हुन्छ ।

"बुद्धि, ज्ञान, संमोह (बेहोश नहुनु), सुख, सत्य, क्षमा, दम (इन्द्रिय दमन), दुःख, सृष्टि, नाश,डर-निडर, शान्ति,कीर्ति-अकीर्ति, समता, खुसी, दान, तप, अहिंसा, यी सबै प्राणीका अलग-अलग गुण मैबाट उत्पन्न हुन्छन् ।

"आदिकालका चार महर्षि~ र त्यसपछिका

~ १. आदिकालका चार (ब्रह्मचारी) महर्षि-सनक, सनन्दन, सनतकुमार सनातन ।

२. त्यसपछिका सप्त (सन्तान उत्पत्ति गर्ने) महर्षि- भृगु, मरिचि, अत्रि, पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ ।

३. चौध मनुहरू-(सन्तान उत्पत्ति गर्ने)-स्वयंभुव, स्वारोचिस, उत्तम, तामस, रैवत, चाक्षुस, वैवश्वत, सावर्णि, दक्षसावर्णि, ब्रह्मसावर्णि, धर्मसावर्णि, रुद्रसावर्णि, देवसावर्णि, इन्द्रसावर्णि ।

सात महर्षि औ चौध मनुहरू मेरै मनबाट उत्पन्न भएका हुन् र यिनीहरूबाट नै यी सारा प्रजावर्ग उत्पन्न भएका हुन् । अर्थात् यिनीहरूकै सन्तान् हुन् ।

"यी मेरा विभूति योग सामर्थ्यको तत्व जसले सहीतवरले बुझदछ, त्यस पुरुषलाई स्थिर कर्मयोग प्राप्त हुन्छ ।

भक्त प्रति ईश्वरको प्रेम

"मै सारा जगतको जन्मस्थान हुँ, सबै मैबाट संचालित हुन्छन्, यही कुरो जान्ने बुद्धिमान् व्यक्ति मलाई भक्ति-भावले भज्दछन् । यस्ता व्यक्तिहरू मेरो गुण अरूलाई बुझाउँदै, मेरै भक्तिमा तन्मय भई मेरै भक्तिमा रमाउँछन् । प्रेमपूर्वक मलाई भज्ने भक्तलाई समबुद्धि प्राप्त हुने योग म दिन्छु अनि यसै योगद्वारा उनीहरू ममा लीन हुन्छन् । उनीहरूउपर दया गरी उनीहरूको भित्री आत्मामा बास गरी ज्ञानरूप उज्यालो बत्ती बालेर अज्ञानताको अँध्यारो हटाइदिन्छु ।"

अर्जुनको जिज्ञासा मेटिएको छैन अनि उनी सोद्धछन्–

"कृष्ण ! हजूर नै परब्रह्म, सर्वोच्च स्थान, परंपवित्र वस्तु पनि हजूर, अजन्म, सर्वोपरि देवता पनि (आदि देव) हजूर, अविनाशी सबैमा व्यापक भैरहने पनि हजूर भनेर भृगु, देवर्षि नारद र व्यास आदि ऋषिले भनेका थिए ऐले हजूरले पनि त्यस्तै आज्ञा गर्नुभयो । मलाई बताएका सबै कुरा साँचा ठान्दछु । हजुरको मूल-तत्व देव दानव कसैलाई थाहा छैन ।

"जगत्का सृष्टिकर्ता ! चराचरका स्वामी ! देवताका सर्वश्रेष्ठ देवता ! सर्वश्रेष्ठ पुरुष ! हजुर आफूलाई आफैं जान्नुहुन्छ, तसर्थ यो चराचर जगत्मा

व्यापक भै ढाकेर रहने हजूरले मलाई यो विभूतिरूप बताइदिनु पर्‍यो । म हजूरलाई कुन वस्तुमा चिन्तन गरी भजूँ । हजूरको अमृतरूप ती वाणीले म अघाएको छैन तसर्थ यो विभूतिरूप पनि विस्तार-पूर्वक आज्ञा होस् ।"

परमेश्वरको विभूतिरूप ज्ञान पाउने प्रियभक्त अर्जुनको आकांक्षा देखेर श्री कृष्णबाट आज्ञा हुन्छ–

विभूतिका अनेक रूप

"लौ हुन्छ, सुन, म मेरा केही मुख्य दिव्यरूप बताउँछु तर तिनको विस्तार भने अगम्य भएकोले बताउन सकिंदैन । अन्तरयामि (ज्ञान दृष्टिले मात्र जानिने) सबैका हृदयमा रहने आत्मा मै हुँ प्राणीको शुरू, मध्य र अन्त्य पनि मै हुँ । बाह्र आदित्य [१] मध्ये म विष्णु हुँ, प्रकाशमा सूर्य, उनन्चास वायुमा मरिचि हुँ नक्षत्रमा चन्द्र हुँ, वेदमा सामवेद, देवतामा इन्द्र, इन्द्रियमा मन, [२] प्राणीको चेतना हुँ, एघार रुद्रमा शंकर हुँ । यक्ष र राक्षसमा कुवेर हुँ, अष्टवशुमा पावक (अग्नि), सात पर्वतमा सुमेरू हुँ, पुरोहितमा बृहस्पति, सेनापतिमा स्कन्द (देवताका सेनापति स्वामी कार्तिक), तलाउमा समुद्र हुँ, मर्हषिमा भृगु, वाणीमा ॐ । यज्ञमा जप हुँ, स्थिर वस्तुमा हिमालय हुँ, देवर्षिमा नारद, वृक्षमा पीपल, गन्धर्भमा चित्तरथ, सिद्धहरूमा कपिलमुनि, घोडामा उच्चैश्रवा हुँ (अमृतमन्थन गर्दा उत्पन्न भएको),

---

१. आदित्य– अदितिका छोराको नाम आदित्य हो, यिनैमध्ये एकको नाम वावन हो ।

२. एघार इन्द्रिय– सुन्ने कान, स्पर्श गर्ने छाला, हेर्ने आँखा, स्वाद लिने, सुँघ्ने, वोली, हात, पाउ, पायु (मलमूत्र त्याग्ने), उपस्थ (आनन्द लिने) र मन ।

हात्तीमा ऐरावत, मानिसमा राजा हुँ, हतियारमा वज्र, गाईमा कामधेनु, सर्पमा वासुकी, नागमा शेषनाग, जलप्राणीमा वरुण, पितृहरूमा श्रेष्ठ पितृ अर्यामा, हुकूम गर्ने यमराज मै हुँ, दैत्यमा प्रह्लाद, ग्रास गर्नेमा काल, मृगमा मृगेन्द्र (सिंह), पंक्षीमा गरूड, शस्त्रधारीमा राम, वेगवानमा वायु, माछामा गोही, नदीमा गंगा म हुँ, सृष्टिमा आदि मध्य र अन्त हुँ, विद्यामा आत्मा विवेचना गर्ने वेदान्त अध्यात्म विद्या हुँ, झगडाको बाझ्ने कुरो म हुँ, अक्षरको समासमा द्वन्द्व म हुँ, चारमुखी ब्रह्म म हुँ, ननाशिने काल पनि मै हुँ, नाश गर्ने मृत्यु हुँ, जन्मलिनेको उत्पत्ति स्थान, स्त्राहरूमा कीर्ति, श्री वाणी, स्मृति, मेधा, धृति, क्षमा पनि मै हुँ, वैदिक स्तोत्रमा सामवेदको स्त्रोत्र, छन्दमा गायत्री, ऋतुमा वसन्त, मैनामा मार्गशीर्ष, कपटीमा जूवा हुँ, तेजस्वीमा तेज, जय हुँ, निश्चय हुँ, सत्वगुणीको सत्व हुँ, पाण्डवमा अर्जुन, यदुवंशमा कृष्ण हुँ, मुनिमा व्यास, कविमा उशना (शुक्राचार्य) हुँ, बस गर्नेमा दण्ड हुँ, जीत चाहनेको न्याय, गुप्ति कुरामा मौन, ज्ञानीहरूको ज्ञान हुँ । संपूर्ण भूत-प्राणीको बीज मै हुँ, म विना यो चराचर बन्दैन, मेरो यो विभूतिको कुनै अन्त्य पनि छैन । मेरा विभूतिको छोट्करी बयान मात्र तिमीलाई सुनाएँ । वास्तवमा जे जस्तो विभूति बलयुक्त, ऐश्वर्ययुक्त, शोभायमान देखिन्छन् तिनीहरूले मेरै अंश पाएको हुन्छ भनेर जान । सारांश त यही हो, संपूर्ण जगत्लाई मैले नै ढाकेको छु ।"

गीता-बोध

अध्याय-११

विश्वरूप दर्शन योग

विभूतिरूपको विवरण सुनेपछि अर्जुन विन्ती गर्दछन्-

"ममाथि करुणा राखी परमगोप्य आध्यात्म (प्रत्येकमा आत्मा रहेको) ज्ञान निगाहपूर्वक आज्ञा भयो, यसले गर्दा मेरो मोह पनि हटेर गयो, प्राणीको नाश र उत्पति कसरी हुन्छ विस्तार पूर्वक सुनें, प्रभूको कहिल्यै ननाशिने माहात्म्य पनि सुनें, प्रभूले आफ्नो अनेक रूपको जस्तो वर्णन गरेको हो सो सबै ठीक ठान्दछु । प्रभू! म हजूरको त्यही ईश्वरीय रूप हेर्न चाहन्छु । योगेश ! यदि हजूरको त्यो अव्यय संसारमय रूप मैले हेर्न सक्तछु भने देखाइ-दिनुहोस्!"

अर्जुनको आकांक्षा बुझेर भगवान् भन्नुहुन्छ-

अर्जुन लाई दिव्य दृष्टि

"मेरा यी अनेक वर्ण, आकार थरीथरीका दिव्य रूप लाखौं छन्, ती रूप हेर ! आदित्य, वसु, रुद्र, मरू, अश्विनीपुत्रलाई हेर, अनि यसभन्दा अघि तिमीले कहिल्यै नदेखेका धेरै आश्चर्यलाई हेर ! मेरो यो एक रूपमै सबै चराचर हेर र अरू तिमी जे जे हेर्न चाहन्छौ त्यो पनि सबै मेरै स्वरूपमा हेर !

"तिम्रो सामान्य दृष्टिको भरमा मलाई हेर्न सक्तैनौ तसर्थ, म तिमीलाई दिव्यदृष्टि दिन्छु । त्यसैमार्फत् यो अलौकिक योग सामर्थ हेर ।

युद्ध मैदानमा कृष्ण अर्जुनको संवादको प्रत्यक्ष वर्णन महाराज धृतराष्ट्रलाई बताइराखेका संजय भन्दछन्–

"राजन् ! महायोगी श्री कृष्णले यी सबै कुरा अर्जुनलाई बताएर कुट्ट ईश्वरको दिव्य विश्वस्वरूप देखाउनु भयो । यो विश्वरूप अनेक आँखा मुख भएको, अनेक अद्भूत दृश्य देखिने, दिव्य आभूषण लगाएको थरीथरीका शस्त्रास्त्र लिएको, सुन्दरमाला वस्त्रधारी चन्दन लगाएको, अन्त नपाइसक्नु, आश्चर्यजनक, देदिप्यमान तेजिलो, सर्वत्र मुख भएको, हजारौं सूर्यको तेजभन्दा पनि प्रकाशमय, बेग्लाबेग्लै स्वरूप भएका सारा जगत् श्री कृष्ण भगवान्कै शरीरमा अर्जुनले देखे ।

"आश्चर्यचकित भएका अर्जुनले रोमाञ्चित हुँदै भगवानलाई नमस्कार गरेर स्तुती गर्न लागे–

"हजूरको विश्वरूपमा म देवताहरू र लाखनलाख जीवजाति, ब्रह्म, महेश, विष्णु सबैलाई देखिरहेछु, वासुकी नाग, ऋषिहरू पनि देख्तछु । अनेक आँखा, मुख, हात, अनन्तरूप छन्, आदि र अन्त्य केही देख्तिन, किरीट लगाएका गदाचक्र लिएका प्रकाशमान तेजको पुञ्ज, सर्वत्र फैलिएको बल्दो अग्नि र सूर्यका प्रकाशवान् हजूरको शरीर चारैतर्फ देखिने बडो कष्टसाथ देखिरहेछु ।

"हजूर नै अक्षर, वेद्य (जान्न लायक), सर्वोच्च जगत्कै वास, सनातन धर्मको रक्षक, हजूर नै आदिपुरुष र निरविकारी हुनुहुन्छ, हजूरको रूपको न शुरू न मध्य न अन्त नै छ । अनन्त शक्ति र हात भएको, सूर्य चन्द्र नै आँखा भएको, बलेको आगो झैं मुख भएको, लोकैलाई उज्यालो पार्ने प्रभुलाई भयंकर रूपको देख्छु ।

"प्रभुवाट दशै दिशा ढाकिएका छन्, आकाश पृथ्वीको बीचको अन्तर सबै ढाकेको छ यस्तो अद्भुत रूप देखेर तीनै लोक आकुल र बेहोश भएझैं लाग्छ ।

"देवताहरू तपाईंभित्र पस्तैछन्, कोही डराएर हात जोडिरहेका छन्, कोही महर्षिहरू 'स्वस्ती' भनिरहेका छन्, कोही स्तोत्र जपेर स्तुति गरिरहेका छन् ।

"आदित्य, रूद्र, अश्विनी कुमार, साध्यगण (देवताहरू) मरूत, विश्वे (विश्व देव), बसु, पितृ, गन्धर्भ, यक्ष, राक्षस, सिद्धगण (कपिलदेव आदि) र अरू सबै भित्र दंग भएर हेरिरहेका छन् ।

"आकाश छुने ठूलो पेट, जाज्वल्य आँखा, अनेक जाँघ, बाहु र खुट्टा, विकराल दारा देखेर म व्याकुल भएको छु । आकाशमय मुख र अनेक रंगका रूप देखेर म व्याकुल छु, अहिले मलाई शान्ति र धैर्य पनि छैन ।

"ती ठूला भयंकर दाराहरू भएको मुखभित्र प्रलयकालको आगो दन्किरहेको छ, यस्तो हजूरको मुख देख्ता मेरो होश-हवाश गुम भएजस्तो छ प्रभु ! प्रशन्न हुनुहोस् ।

"दुर्योधनतर्फका राजाहरू, कर्ण, भीष्म, द्रोणचार्य र हाम्रातर्फका पनि प्रधान योद्धाहरू हतार-हतार गरी प्रभुका ती विकराल मुखमा विवश भई पस्तैछन्, तिनीहरू मध्ये कोही दाँतमा अड्केका छन् र कसैको मस्तिष्क नै फुटेको छ ।

"अथाह समुद्रमा मिसिने नदीहरू प्रवाह बेगले बहेझैं यी नरलोलका वीरहरू पनि धपधप बलेको त्यो मुखमा प्रवेश गर्न तँछाडमछाड गरिरहेका छन् ।

" जस्तो विनाशका निमित्त उत्कण्ठ भएका पुतली-हरू बल्दो बत्तीमा होमिन्छन् त्यस्तै ती वीरहरू पनि हजूरकै मुखमा मर्नका निमित्त होमिरहेका छन् । यो सारा जगत्लाई हजूरले प्रज्वलित मुखमा हालेर गाँस झैं खानु हुन्छ, अनि संसारलाई प्रभावका तेजले ढपक्कै ढाकेको छ ।

" यस्तो उग्ररूप लिने हजूर को हुनुहुन्छ ? म पाउ पर्दछु र खुशी हुनुहोस् भनी विन्ती गर्दछु, प्रभु ! तपाईं सबैभन्दा पहिलो (आदि) हुनुहुन्छ । त्यसैले म जान्न चाहन्छु, हजूरले यो रूप किन धारण गरेको हो, मलाई थाहा छैन ।"

अर्जुनको प्रार्थना सुनेर श्री भगवान् भन्नुहुन्छ–

विराट रूप लिनु पर्ने कारण

" म लोकलाई विनाश गर्ने काल हुँ, र नाश गर्न-लाई तत्पर भएको छु । तिमीले केही नगरे पनि यी पराक्रमी वीर कोही बाँकी रहने छैनन्, तसर्थ तिमी उठ, वैरी जितेर ठूलो राज्य चलाऊ, यस युद्धमा मैले सबैलाई पहिले नै मारिसकेको छु, तिमी निमित्त मात्र बन, सव्य-साची (निशानावाज)!

" श्री भीष्मजी, द्रोण, कर्ण, जयद्रथ आदि शूर वीरहरू पहिले नै मरिसके । तिमी लडाइँ लडेर शत्रु-लाई मार ।"

संजय धृतराष्ट्रलाई भन्दछन्–

" महाराज ! कृष्णको दिव्य कुरो सुनेपछि डरले काँप्न लागेका अर्जुनले गद्‌गद् हुँदै विनम्र भै विन्ती गरे–

" प्रभु ! जगतै खुशी भई हजूरको कीर्तन गरि-रहेछ, राक्षसहरू हजूरलाई देखेर डरले भागिरहेका छन्, साधु सन्तहरू विनयपूर्वक नमस्कार गरिरहेछन्, प्रभु !

हजूर ब्रह्माजीको पनि आदि कारण हुनुहुन्छ, नमान्ने त कुरै छैन 'सत्' र 'असत्' अनि यी दुबैभन्दा परका 'अक्षर' पनि हजूर नै हो, लोकको अन्तस्करण पनि हजूर नै हो। हजूर नै आदिदेव, पुरातन, पुरुष, जगत्को आधार, वेत्ता, वेद्य, पवित्र स्थान र सर्वव्यापी हुनुहुन्छ, वरुण, वायु, यम, अग्नि, चन्द्र, ब्रह्मा, सबैका प्रपितामह (वराज्यू) यस्ता हजूरलाई हजार पल्ट नमस्कार गर्दछु।

"अनन्त शक्ति र बल भएका सर्वव्यापी हजूरलाई अगाडिबाट, पछाडिबाट र चारै तिरबाट प्रणाम गर्दछु। भगवन्! साथी सम्झेर प्यारो भई वा बेहोशी भई हजूरको यो महिमा नजानेरै 'कृष्ण'! 'यादव'! वा साथीभनी संवोधन गरें, खानपिन गर्दा, सुत्तावस्ता एकान्तमा वा साथीहरूसँग पर्दा ठट्टा वा हेला गरें, यो सबै मलाई माफ गरिदिनु होस्।

"संसारको पूज्य पिता हजूर, सबैको गुरु पनि हजूर, हजूर बराबर तीनै लोकमा अरू कोही छैन, हजूरभन्दा बढ्ता-अरू को छ र! विनम्र भई हजूरको स्तुति गर्दछु, साथीले साथीको र बाबुले छोराको कसूर माफ गरेझैं मेरो कसूर पनि माफ गरिदिनुहोस्!

"नाथ! यो कहिल्यै नदेखिएको रूप देखें, यो देखेर, मेरो मन डराएको छ, प्रभु! प्रशन्न भई त्यही पुरानै रूपको दर्शन म पाऊँ।

"स्वयं गदा चक्र लिएको, किरिटले झल झल भएको, त्यो अत्यन्त सुन्दर चार बाहु सहित शरीरको दर्शन पाऊँ।"

श्री कृष्ण भगवान् भन्नु हुन्छ-

"मैले प्रशन्न भएर तिमीलाई यस अघि कसैले

नदेखेको तेजोमय अनन्त, विश्वरूप, पहिलो स्वरूप, मेरो ईश्वरीय योग सामर्थ्यबाट देखाएँ ।

"तिमीलाई अहिले देखेको रूप ता वेद, यज्ञ, स्तुति, दान, पाठ कर्म, तपस्या, जे जति गरे पनि कसैले देख्न सक्तैनन्, मेरो यस्तो स्वरूप देखेर दिग्दारी नलेऊ, मन संतुलन राख, खिन्न नभई, शंका पनि नमानी खुशी भएर, यो शान्त मेरो उही पुरानो रूप हेर ।"

यो संपूर्ण घटना सन्जयले धृतराष्ट्र महाराजलाई बिन्ती गर्दै भने–

"महाराज ! अर्जुनलाई यसरी भगवान् कृष्णले सान्त्वना दिएपछि पुनः आफ्नो स्वरूपमा प्रकट हुनुभयो, शान्तियुक्त राम्रो स्वरूपमा प्रकट हुनु भएका कृष्णले डराएका अर्जुनलाई फुल्याउनु भयो ।"

त्यसपछि अर्जुन बिन्ती गर्दछन्–

"माधव! यो सौम्य मनुष्य रूप देखेर कल्यास्स भई ब्यूझें, अब म आफ्नै ठेगानामा आएको छु ।"

श्री भगवान् भन्नु हुन्छ–

"अर्जुन ! यो देख्न नपाइने जो विश्वरूप तिमीले देख्यौ यो रूपको देवता पनि सधैं दर्शन गर्न चाहन्छन् । यो रूप ता वेद पाठ, तपस्या, दान, यज्ञ, केही गर्नाले पनि देख्न पाइन्न ।

"अर्जुन! केवल एकत्व भक्तिले मात्र मलाई देख्न वा जान्न सकिन्छ भन्ने बुझ !

"फलको आसक्ति छोडेर जो भक्त मलाई सम्झी कर्म गर्दछ, जो सबमा समभाव राख्तछ त्यही भक्त ममा मिल्न आउँछ ।"

-६-

गीता-बोध

अध्याय-१२

भक्ति योग

अर्जुन सोद्धछन्-

"कृष्ण ! योग युक्त भएर सगुण ब्रह्मको उपासना गर्ने र निर्गुण निराकार ब्रह्मको आराधना गर्ने भक्तहरू-मध्ये कुन भक्त श्रेष्ठ हो आज्ञा होस् ।"

श्री कृष्ण भन्नुहुन्छ-

"निष्काम कर्मले चित्तलाई समालेका कर्मयोगी जो श्रद्धापूर्ण भक्ति गर्दछन् तिनीहरू नै कर्मयोगी जान्ने उत्तम योगी हुन् ।

"जो देख्न नसकिने, वर्णन गर्न नसकिने, इन्द्रियहरूले छुन नसक्ने, मूल, स्थिर, सर्वव्यापी, अक्षर ब्रह्मलाई नित्य भज्दछन् ती सबै इन्द्रिय रोक्ने, सर्वत्र समबुद्धि राखी सबैको हित गर्ने कर्मयोगी सबै ममै आइपुग्दछन् ।

ब्रह्म को वर्णन

"तर अव्यक्त अर्थात् निर्गुण निराकार ब्रह्मको उपासना गर्न कष्टदायक हुन्छ; तसर्थ देहधारी मनुष्य-लाई निराकारब्रह्म प्राप्त गर्न धेरै गाहारो पर्दछ ।

"सबै कर्महरूलाई मैमा अर्पण गरी अन्यत्र नगएको एकाग्रमनले मेरो ध्यान उपासना गर्ने भक्तलाई विलम्ब नगरीकनै म जन्म मरणको यो ठूलो समुद्रबाट उद्धार गर्दछु ।

"ममै मन बुद्धि राख, पछि निश्चय नै तिमी ममै वस्नेछौ । यदि ममा चित्त स्थिर गर्न सक्तैनौभने

कर्म योग ईश्वर प्राप्ति

बरावर अभ्यास गर । यदि यस्तो अभ्यास पनि गर्न सक्तैनौ भने कर्म गर, कर्म गरेर पनि योगसिद्ध चाडै पाइन्छ । यो पनि गर्न सक्तैनौभने कर्मयोगको आश्रय गरी निष्काम भै सबै कर्मफल त्याग ।

"ममा चित्त राख्ने अभ्यास, ज्ञान, ध्यान र फल त्याग गरेको कर्ममध्ये एकभन्दा त्यसपछिको उत्तम हो तापनि फलको त्याग गरिएको कर्मले तुरुन्त शान्ति पाइन्छ ।

ईश्वर को परम भक्त, का गुण

"कसैमा डाह नगर्ने, दयावान्, सबैलाई क्षमा गर्ने, अहंकार नभएको सुख दुःखमा एकै समान रहने, संतोषी नित्य कर्मयोगमा संलग्न, इन्द्रिय रोक्ने, दृढ मन बुद्धि ममै राख्ने भक्त मेरो अति प्रिय हुन्छ ।

"दुनियाँलाई दुःख नदिने वा दुनियाँबाट दुःख पनि नसंक्ने डर र हर्ष दुबै शून्य भएको—मेरो प्रिय भक्त हो, निरपेक्ष (विना प्रयत्न प्राप्त वस्तुको पनि ईच्छा नराख्ने), पवित्र, दक्ष, उदासीन (कुनै कुरा ग्रहण नगर्ने), कर्मफल त्याग गर्ने अरूले पोडा दिए पनि सहने, यस्तो भक्त मेरो प्रिय हुन्छ ।

"जो न खुशी हुन्छ, न रीस राग वा शोक गर्दछ, न कुनै कुराको इच्छा राख्तछ नै, जसले कर्मका शुभाशुभ फल छोडेको छ त्यहीं भक्त मेरो प्यारो ठहर्दछ ।

"शत्रु र मित्रमा एकै देख्ने, सर्दीगर्मी एकै संक्ने, सुखदुःख एकनास लाग्ने, निन्दा र स्तुतीमा मान अपमान एकै ठान्ने, आसक्तिरहित, स्थिर चित्त, संतोषी, कर्मफल त्याग्ने मेरो प्यारो भक्त हो ।

"यो बताएको धर्म रूप अमृतलाई श्रद्धापूर्वक सधै अनुसरण गर्ने परं भक्त मेरो अति प्रिय हुन्छ ।"

गीता-बोध

अध्याय-१३

क्षेत्र क्षेत्रज्ञ विचार योग

ञ्जय धृतराष्ट्र महाराजलाई बिन्ती गर्दछन्–

"श्री कृष्ण भगवान् भन्नुहुन्छ–

"कुन्तीपुत्र ! यो शरीरलाई क्षेत्र भनिन्छ र शरीरको तत्त्व राम्ररी बुझ्नेलाई क्षेत्रज्ञ भन्दछन् । सब क्षेत्रहरूमा क्षेत्रज्ञ मलाई नै सम्झ । क्षेत्र र क्षेत्रज्ञको ज्ञान मेरै ज्ञान हो यो निश्चित छ ।

"अब म संक्षेपमा क्षेत्र भनेको के हो ? यो कस्तो छ ? यस्का विकार के हुन् ? यस्तै क्षेत्रज्ञ को हो सबै बताउँछु सुन–

क्षेत्रको निरूपण "क्षेत्र र क्षेत्रज्ञको स्वरूप ऋषिहरूले र ब्रह्मसूत्र पद (उपनिषद) ले पनि घेरै प्रकारले निरूपण गको छ ।

इन्द्रियका विभेद "पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु आकाश) अहंकार, बुद्धि, प्रकृति, दश इन्द्रिय [देख्ने, सुन्ने, सुंघ्ने, स्वादलिने, छाला, हात चल्ने, खुट्टा चल्ने, पायु (मल-त्यागने), उपस्थ(आनन्द लिनु), वचन], ज्ञानेन्द्रियका पाँच सूक्ष्म विषय (रूप, शब्द, गन्ध, रस, स्पर्श), इच्छा, द्वेष, सुख, दु:ख, संघात (स्थूल देहको पिण्ड), चेतना, मन, धृति (धैर्य) समेत जम्मा ३१ तत्वको समूहलाई सविकार क्षेत्र मानिन्छ ।

"स्तुती आदिवाट रहित हुनु, घमण्ड नलिनु, शरीर वचन, मनले अरूलाई पीर नगर्नु, क्षमा गर्नु, अरूलाई दुःख नदिनु, कमलो मनको हुनु, अरूको सेवा गर्नु, पवित्र रहनु, निश्चल बन्नु, आत्माको निग्रह गर्नु (मनलाई वस गर्नु), इन्द्रियलाई नियन्त्रण गनी बैराग्य भाव लिनु, अहंकाररहित हुनु, जन्म मृत्यु बुढ्याई र रोगलाई पछि लाग्ने दोष सम्झनु, घरबार छोरा र पत्नीमा आसक्त नहुनु, सुख दुःखमा सुखी वा दुःखी नहुनु, इष्ट अनिष्टमा समचित्त हुनु, एकचित्तले अटल भक्ति गर्नु, एकान्त बास गर्नु, आत्म-ज्ञानबाट विमुख भएका (अज्ञानी) हरूको संगत नगर्नु, अध्यात्म ज्ञान-लाई (आत्मा संबन्धी ज्ञान) नित्य संझनु र तत्व ज्ञानको मनन गर्नु यी सबै ज्ञान हुन्, यस वाहेक अरू अज्ञान हुन् ।

ज्ञान र अज्ञान

"पार्थ ! 'ज्ञेय' भनेको के हो, यस विषयमा पनि बता-उँछु, 'ज्ञेय' राम्ररी जान्नाले मोक्ष पाइन्छ, यस्तो जान्न योग्य वस्तु अनादि परमब्रह्म हुन, ती न 'सत्' हुन् न 'असत्' । यी परम ब्रह्मका हात, खुट्टा, कान, मुख आँखा, सर्वत्र फैलिएका छन् सबै जगत् ढाकेका छन् अर्थात् सर्वव्यापी छन् । यसमा सबै इन्द्रियका भाव भए पनि भोगी इन्द्रिय छैन । सबैबाट अलग भएर पनि सबै धारण गर्ने सत्व–तम– रज गुणरहित छ तापनि (निगुर्ण) गुणको भोग गर्ने त्यही चराचर हो र प्राणीको भित्र रहने र शरीर बाहिर रहने हो; त्यो नजीक छ पर रहने पनि त्यही हो, यसको विषयमा अति सूक्ष्म भएकोले केही जानिन्न ।

ज्ञेयको स्वरूप

ज्ञेय रूप ब्रह्म

"यो परमब्रह्म एउटै भएर पनि सबै प्राणिमा भिन्ना-भिन्नै भैरहेको छ, सबै प्राणीलाई धारण गर्ने, पालन गर्ने, संहार गर्ने, सृष्टि गर्ने ज्योतिको पनि ज्योति अन्धकार-

बाट टाढा रहेको ज्ञानले मात्र जानिने त्यै ज्ञान ज्ञेय हो यो सबैको हृदयमा रहेको हुन्छ ।

" मेरो भक्तले यो क्षेत्र, ज्ञान र ज्ञेय सबै जाने पछि मैमा मिल्न आउछ ।

प्रकृति र पुरुष

"पुरुष-प्रकृति (परमात्मा र तिनको माया) दुबै अनादि (सबै भन्दा पहिलेका) हुन्, विकार या संसारका यावत् वस्तु र सत्व, तम, रजगुणहरू प्रकृतिबाट बन्दछन् ।

"देहका इन्द्रियहरू चल्दा प्रकृति कारण बन्दछे अनि सुखदु:खादि भोग गराउने कारण चाहिं पुरुष मानिन्छ ।

"तसर्थ पुरूष (परमात्मा) प्रकृति (गुण या माया) मा अवस्थित भई, प्रकृतिका सुखदु:खादी गुणको (कर्मानुसारको) भोग गर्दछ, असल र खराव योनिमा जन्मनु यिनै प्रकृतिका गुणहरूको संयोगबाट हुन्छ ।

साक्षी रूप ईश्वर

"शरीर र मनले गर्ने, मान्ने भोग्ने, सल्लाह दिने, प्रकृतिका गुण बढाउने इत्यादि नगीचै बसी साक्षीको रूपमा भित्र रहनेलाई 'परमात्मा', 'परपुरुष' र 'महेश्वर' भनिन्छ ।

"यसरी प्रकृति र पुरूषको गुणको ज्ञान भएका आत्मालाई निर्गुण र प्रकृतिलाई सगुण भनी जान्ने व्यक्ति जे जस्तो आचरण गरे पनि पुनर्जन्मबाट मुक्त हुन्छ ।

आत्म ज्ञान-का मार्ग

"कसैले ध्यानयोग गरी, कसैले सांख्य (ज्ञान) योगलाई र कसैले कर्मयोग गरी आत्मालाई आफ्नै अन्तस्करणभित्र देख्तछन् । यी तिनै मार्ग नजान्नेहरू अरूबाट सुनेर परमेश्वरको भजन गर्दछन्, वा अरूबाट सुनेरै सत्य मानेर भज्नेहरू पनि मृत्युबाट तर्दछन् ।

"भरतश्रेष्ठ ! यावत् जो चल-अचल (जंगम, स्थावर) छन् ती सबै क्षेत्र (प्रकृति) र क्षेत्रज्ञ (जीव) को संयोगवाट वनेका हुन् भन्ने संझ ।

"सबै प्राणीमा एकैनास रहने, नाश पनि नहुने ती परमेश्वर हुन भन्ने बुझने व्यक्ति तत्वज्ञानी हो ।

"जो मानिस सबैमा एउटै ईश्वर बस्तछन् भनी बुझदछ र आफ्नो आफैं हानी गर्दैन, त्यसले परमगति पाउँछ ।

गुण जन्य कर्म

"सबै कर्महरू प्रकृति (सत्व, रज, तम)का प्रभावले गरिन्छन्, आत्माले केही गर्दैन भन्ने कुरो जान्ने, तत्वज्ञानी हो ।

"पार्थ ! सबै प्राणीहरू एउटै ईश्वर, एकै ईश्वर अनेक प्राणीहरूमा देख्ने भएपछि इन्द्रियहरूका गतिभन्दा धेरै पर रहेको परमब्रह्म प्राप्त हुन्छ ।

"परमात्मा गुणरहित, अविनाशी र अनादि भएकोले शरीरभित्र नै रहेर पनि कुनै कुरा गर्नु गराउनु गर्दैन, तसर्थ कर्मबन्धनको लेप लाग्दैन ।

"आकाश भरिभराउ भए पनि यो अति सूक्ष्म भएकोले लेप टाँसिदैन, त्यस्तै आत्मा शरीरभित्रै रहेर पनि यसलाई कर्मवन्धनको लेप लाग्दैन ।

"एउटै सूर्यले लोकलाई प्रकाश दिएझैं क्षेत्रज्ञ (आत्मा) ले संपूर्ण क्षेत्र (शरीर का भाव, इन्द्रिय, स्थूल) लाई प्रकाश गर्दछ ।

"क्षेत्र क्षेत्रज्ञको भेदलाई ज्ञान दृष्टिले देख्ने, तथा मूल–प्रकृतिबाट मोक्ष पाउने बाटाको ज्ञान जान्नेहरूले ब्रह्म पाउँछन् ।"

-०-

गीता-बोध

अध्याय-१४

त्रिगुण विभाग योग

श्री कृष्ण भगवान् भन्नुहुन्छ-

"मुनिहरूले जुन श्रेष्ठ ज्ञान जानेर परमसिद्धि पाए त्यही ज्ञान म तिमीलाई वताउँछु, पार्थ ! यही ज्ञानको कारणले ममै सम्मिलित भएका मुनिहरू न सृष्टिकालमा जन्मन्छन्, न प्रलयकालमै नाश हुन्छन् ।

"महत्ब्रह्म (प्रकृति) मेरो योनि हो, त्यसैमा म गर्भ धारण गर्छु, अनि त्यसै गर्भबाट प्राणीको जन्म हुन्छ, सारा चराचर त्यही योनिवाट उत्पन्न हुन्छन्, यस उत्पत्तिको म वीज दिने पिता हुँ, प्रकृति आमा हो ।

"प्रकृतिबाट निस्केका सत्व, रज र तम गुणका कारणले गर्दा निर्विकारी, नित्य आत्मा पनि जड शरीरभित्र बाँधिएर रहन्छ ।

सत्व गुण — " यी तीन गुणमध्ये सत्व गुण दोष नभएको निर्मल र ज्ञानको प्रकाश दिने हुन्छ, यसले ज्ञान र सुखद्वारा यो प्राणीलाई बाँध्दछ ।

रज गुण — "रजोगुण प्रेम, लालचा र आसक्ति वढाउने खालको हुन्छ, रज गुणका प्रभावले कर्ममा आसक्ति वढाई बन्धन गर्दछ ।

तम गुण — "तमगुण अज्ञानवाट उत्पन्न हुन्छ, सबै प्राणीलाई भ्रान्ति, आलस्य, निद्रा र बेहोश (प्रमाद) गरी कर्म बन्धनमा बाँध्दछ ।

"सत्व गुणले सुखप्राप्ति तिर मन लगाउँछभने रजले कर्मप्रति र तमले ज्ञानलाई छोपेर बेहोश बनाई क्षति गर्दछ।

तीन गुणका मात्रा

"रज र तमगुणलाई दवाए सत्वगुण अधिक हुन्छ, यस्तालाई 'सात्विक' भनिन्छ; रज र सत्व गुणलाई दवाए तमगुणको 'तामस' वृद्धि हुन्छ, यस्तालाई 'तामस' भन्दछन्; अनि तम र सत्व गुण दवाएमा रजगुण प्रधान हुने हुनाले यस्तालाई 'राजस' भनिन्छ।

"शरीरका संपूर्ण ढोका (इन्द्रियहरूमा) जब प्रकाशमय ज्ञान उत्पन्न हुन्छ तब सत्व गुणको वृद्धि भएको मान्नुपर्छ।

"रजोगुण बढेको अवस्थामा कर्ममा आसक्ति हुने लोभ वड्ने, मनमा सधैं अशान्ति फैलने, इच्छा वड्ने हुन्छ।

"तमगुणको वृद्धि हुँदा अज्ञान, आलश्य (केही नगर्ने इच्छा), बेहोश (कर्तव्य बिर्सने) र मोह (आसक्ति) वढ्दछन्।

सत्व रज तम गुणीको गति

"सत्वगुण बढेको बखतमा कसैको मृत्यु भयोभने ज्ञानीले पाउँने स्वर्गादि लोकको भोग प्राप्त हुन्छ। रजोगुणी अवस्थामा मऱ्यो भने कर्म आसक्तहरू भएकै ठाउँमा जन्मन्छ तर तामस अवस्थामा मर्ने भनें पशुपंक्षी आदि मूढ योनिमा जन्मन्छ।

"सात्विक सुकर्मको फल निर्मल हुन्छ, रजको फल दुःख हो र तमको फल अज्ञान हो। सत्वले ज्ञान, रजले लोभ अनि तमले प्रमाद-मोह-अज्ञान उब्जाउँछ।

"सत्वमार्गी स्वर्गलोक जान्छन्, रजमार्गी यही मनुष्य लोकमा जन्मन्छन् भने तामसी अधोगति (क्रन् क्रन् तल क्रदैं) जान्छन्।

"प्रकृतिका गुण वाहेक अरू कोही कर्ता छैन भन्ने बुझी यसभन्दा परको तत्वमा वा परमेश्वर (ब्रह्म) लाई जान्ने व्यक्ति ममै मिल्दछ ।

"प्राणीले, प्राणी सृष्टि गराउने त्रिगुण (सत्व रज तम)लाई जितेपछि जन्ममरण बुढ्याइँका दुःखवाट छुटकारा पाएर मोक्ष पाइन्छ ।"

यसरी त्रिगुणसंवन्धी ज्ञान पाएपछि अर्जुन श्री कृष्ण भगवान्संग पुनः बिन्ती गर्दछन् –

"यसरी गुण जित्नेको लक्षण कस्तो हुन्छ, प्रभु ! त्यस्ताको चालचलन कस्तो हुन्छ अनि गुणलाई कसरी पार गर्दछ ?"

श्री भगवान्बाट आज्ञा हुन्छ –

गुण जित्ने को लक्षण

" प्राकाश (सत्वगुण), प्रवृत्ति (रजोगुण), मोह (तमगुण), यी तीन गुणका काम वा फल पाउँदा आसक्ति पनि नहुने, नपाउँदा चाहना पनि नगर्ने, सत्व आदि गुणले डगाउन नसक्ने आसक्तिहीन भैरहने अनि यी गुण आपना कर्म आफैं गरिरहन्छन् भन्ने जान्ने मनमा विकार नभएको, सबै सुख दुःख सुन माटो एकै ठान्ने, मीठो नमीठो स्तुति र निन्दालाई पनि समभाव लिने, स्थिर स्वस्थ पुरुष, मान अपमानलाई वराबर लिने, मित्र शत्रुमा सम हेर्ने, कर्म फलको इच्छा नराख्ने, त्यागी, गुण जितेको मुनि हो ।

"मेरो जो सधैं भक्तिले भजन गर्दछ त्यसले त्रिगुण नाघेर ब्रह्मरूप धारण गर्दछ ।

"अर्जुन ! अविनाशी अमृत रूप ब्रह्मको स्थान मै हुँ, अनन्त सुख र सनातन (शाश्वत) धर्मको स्थान पनि मै हुँ, वुझ्यौ ।"

गीता–बोध

अध्याय–१५

पुरुषोत्तम योग

संजय महाराज धृतराष्ट्रलाई बिन्ती गर्दछन्–

"श्री कृष्ण भगवान् भन्नुहुन्छ–

"वृक्षरूपी ब्रह्मको यस्तो रूप छ–मूलजरो आकाशमा छ (सृष्टिको मूल कारण ब्रह्म), हाँगाहरू तलतिर फैलिएका छन् (चराचर जगत् तल संसारमा फैलिएको छ), वेदका छन्द रूप पातले (वेदमा बताइएका कर्म-हरूले) यो जगत्लाई छोपेको छ । यस्तो नित्य रहने पीपल वृक्ष(ब्रह्म रूप)बुझनेले वेद बुझेको ठहर्दछ ।

"त्यस वृक्षका तल माथि फैलिएका हाँगाहरू सत्व तम रजगुण हुन्; रूप, रस, गन्ध र स्पर्श आदि विषय-वासना त्यसका पालुवा हुन्, यसै रूखका कर्म रूपका जराहरू पृथ्वी लोकमा गाडिएका छन् ।

"यस्तो वृक्षको न ता रूप देखिन्छ, न शुरू न अन्त्य न कुनै आधर स्थान । बलिया जरा धसिएको पीपल वृक्षरूपी संसारलाई, आसक्ति र त्याग रूपको तरवारले काट्नु पर्दछ । यसरी यस वृक्षलाई काटेपछि संसार सृष्टि गर्ने सनातन आद्यपुरूष ममै जान्छु भन्ने भावना लिएर मोक्ष पद खोज्नु ।

"अभिमान , मोह, विषय वासना त्याग्ने, अध्यात्म ज्ञान (आत्मज्ञान) बुझेर कर्मफल त्याग्ने, सुखदुःखको

सबै द्वन्द्व पर्याँक्ने, ब्रह्मज्ञहरू, चन्द्रसूर्यको प्रकाश पनि नपुग्ने मेरो सर्वोच्च धाम अव्यय स्थान पुग्दछन्, यस स्थानमा पुगेपछि कोही फर्कंदैनन् ।

"यस मनुष्य लोकमा मेरै अविनाशी जीव अंश प्रकृतिका सूक्ष्म पाँच इन्द्रिय र मनलाई खिची आफू-तिर तान्छ । जीवले स्थूल शरीरमा प्रवेश गर्दा ती सूक्ष्म पंचइन्द्रिय र मनलाई लिएर प्रवेश गर्दछ अनि जब देहले स्थूल शरीरलाई छोड्दछ ती सबैलाई लिएर फूलबाट .हावाले वासना लिएर उडेझैं छोड्दछ ।

"कान, आँखा त्वचा, जिह्वा, नासिका यी सूक्ष्म पंचइन्द्रिय र मनलाई लिएर विषय-सेवन गर्ने, शरीरमा रहने र निस्कने, गुण (सत्व तम रज) हरूले युक्त भई भोग गर्ने यस्तो जीवलाई मूर्खहरू जान्दैनन् यसलाई ज्ञानका आँखाले मात्र देख्न सकिन्छ ।

"योगीहरू धेरै प्रयत्न गरेर आफूमै (हृदयमा) स्थित ईश्वरलाई चिन्दछन तर मन्द बुद्धि भएका, सुझबुझ नभएका मूर्खहरू जतिसुकै प्रयत्न गरे पनि चिन्न सक्तैनन् ।

"जगतलाई उज्यालो पार्ने सूर्य, चन्द्र र अग्निमा भएको तेजको प्रकाश मेरै प्रकाश हो; पृथ्वीमा प्रवेश गरी सबै प्राणीको धारण म गर्छु, रसरूप चन्द्रमा भै धान्यादि वनस्पति मै दिन्छु ।

"प्राण अपान वायु-युक्त भई प्राणीका देहमा जठराग्नि (शरीर भित्रको अग्नि) को रूप लिई चार प्रकारको अन्न (चपाइने, पिइने, चुसिने, चाटिने) पकाउँदछु (पचाउँदछु) ।

"सबैका हृदयमा रहने मै हुँ । संझनाको ज्ञान र नाश गर्ने पनि म हुँ, वेदले जानिने र वेद जान्ने पनि म हुँ अनि वेदान्त बनाउने र सबै कुराको ज्ञाता भनेको मै हुँ ।

'क्षर' 'अक्षर' र परमात्मा परमेश्वरको अन्तर

"पार्थ ! जगत्‌मा दुई प्रकारका पुरुष छन्–एउटा सर्व–प्राणीमा रहने 'क्षर' हो, यो नाश हुन्छ; अर्को रूप 'अक्षर' हो, यो नाश हुँदैन; सब प्राणीको मूल कुटमा रहने अव्यक्त तत्व यही हो । 'पुरुषोत्तम' यी 'क्षर' र अक्षर' भन्दा भिन्न छ यसलाई परमात्मा या ईश्वर भनिन्छ, यही ईश्वरले तीनै लोकमा पालन पोषण गर्दछ ।

"क्षर भन्दा पर अक्षर भन्दा उत्तम पुरुष भएकोले म वेदमा 'पुरुषोत्तम' भनिन्छु । मोह छोडेर मलाई पुरुषोत्तम भनी जान्ने सर्वज्ञ मैमा सबै भक्ति लगाएर भजन गर्दछन् ।

"यो मैले अैले बताएको गुह्यशास्त्र जानी बुद्धिमान्‌हरू अरू कर्तव्य गर्न बाँकी नरहेको पुरुष बन्नेछन् ।"

-०-

गीता-बोध

अध्याय-१६

दैवी सम्पत्ति विभाग योग

कृष्ण भगवान् भन्नु हुन्छ-

"अर्जुन! सात्विक वृत्ति लिनु, नडराउनु, ज्ञान-योग र कर्म-योग व्यवस्थाअनुसार चल्नु, तप गर्नु, दान दिनु, यज्ञ गर्नु, इन्द्रिय रोक्नु, सरलपन लिनु, स्वधर्मअनुसार पठनपाठन गर्नु, अहिंसा पालन गर्नु, साँचो बोल्नु, क्रोध नगर्नु, त्यागी हुनु, शान्त रहनु, कसैको अवगुण नगर्नु, सबै प्राणीमा दया गर्नु, तृष्णारहित हुनु, क्रुर स्वभाव-बाट रहित हुनु, स्थिर हुनु, नीच कर्म गर्न लाज मान्नु, तेजस्वी हुनु, क्षमा गर्नु, धैर्य हुनु, पवित्र रहनु, कसैमा बैर भाव नगर्नु, घमण्डी नहुनु यी उल्लेख गरिएका २६ गुण-हरू दैवी संपत्तिमा जन्मेका पुरुषहरूमा हुन्छन् ।

दैवी गुणका २६ लक्षण

"छल, सेखी, अभिमान, क्रोध, अज्ञान, निष्ठुर यी ६ गुण आसूरी संपत्तिमा जन्मेकाहरूले पाउँछन् ।

आसुरी गुणका लक्षण

"यी दुई संपत् मध्ये, दैवी मोक्ष दिन्छ भने आसूरी संपतले जन्म बन्धन गर्दछ, तिमी त अर्जुन! दैवी संपत्मा जन्मेका छौ केको चिन्ता गर्दछौ ?

"प्राणी सृष्टिमा 'दैव' र 'आसूर' दुई श्रेणीका (दुई प्रकारका संपत् युक्त) हुन्छन् । दैवीं संपत् युक्तको विषयमा विस्तार पूर्वक भनें अब आसूर श्रेणीको वर्णन गर्दछु ।

"यिनीहरू गर्ने नगर्ने छुटचाउन सक्तैनन्, अनि पवित्रता–सत्यतापूर्ण आचरण पनि गर्दैनन् । यिनीहरू यो

नास्तिक भाव जगत् झूटो हो, कसैको आधारमा रहेको छैन, परमेश्वर पनि छैनन्, यो लोक र अर्को लोकको कुनै संबन्ध पनि छैन, यो ठाउँ कामना र विषय वासना भोग गर्ने स्थान मात्र हो भन्ने ठान्दछन् ।

"नीच बुद्धि भएका, आत्मज्ञान नभएका यी दुष्ट मानवहरू क्रुर कर्म गर्दै जगत्मा नाश गर्न जन्मन्छन्; अपार आकांक्षा (कामना) लिंदै छल, अभिमान, मदले अन्धो भएको, जे मनमा आयो त्यही गरी सधैं दुष्कर्म गर्दछन् ।

"नमरुन्जेल विषय वासनाको चिन्ताले कामोपभोगमा डुबेका, यसैलाई सबै संपत्ति ठानी आशाको डोरीले बाँधिएका विषय वासना, रीस मात्र मुख्य स्थान भएका, मोजमज्जाका निमित्त अन्याय गरी धन उपार्जन गर्ने आसूरी हुन् ।

"मैले आज यति पाएँ, पछि यति पाउनेछु, अहिले मसँग यति छ पछि अरू थपिन्छ, मैले यो शत्रु मारें, अरू

राक्षस प्रवृत्ति पछि मार्छु भन्ने, मै मालिक हुँ, मै भोग गर्ने हुँ, सिद्ध पनि मै हुँ, बलवान् पनि म हुँ, सुखी पनि म नै छु, कुलीन धनवान् मै हुँ, मेरो बराबर को छ र? पुज्छु, दिन्छु, मोज गर्छु भन्ने ठान्ने मूर्खहरू राक्षस श्रेणीमा जन्मेका नीच हुन् ।

"अनेक प्रकारका कामना लिंदै मोहजालमा परेका सुख भोगादिमा लग्गु भएकाहरू नरक (दुःख) मा फर्दछन् ।

"आफ्नो प्रशंसा गर्ने हठी मान र धनले मातेका घमण्डीहरू विधिविनाको नाम मात्रको यज्ञ गर्दछन् ।

"बल-सेखी, अहंकार, रीस र कामनाले मातेका आसूरी सबैका हृदयमा बस्ने म परमेश्वरको पनि निन्दा गर्दछन् । यस्ता नीच क्रूर, रीस गर्ने नराधमहरूलाई म सधैं आसूरी योनि अर्थात् पशुपंक्षी-कीट योनिमा पुऱ्याई दिन्छु ।

"आसुरी योनि पाएर जन्मेका ती मूर्खहरू मलाई नचिनी जन्म जन्मान्तर अधोगति जान्छन् ।

"कामना, क्रोध, लोभ, यी तीन वस्तु आत्मनाश गर्दछन्, यिनलाई नरकद्वार संझेर त्याग गर्नु वेश हो ।

"यी तीन अज्ञानका ढोकाबाट छुट्कारा पाएपछि मात्र मानिस परंपद पाइने श्रेष्ठ बाटो अपनाउँछ । शास्त्र-को विधि त्याग गरेर आफू खुशी चल्नेले सिद्धि, सुख, ईश्वर प्राप्ति केही पाउँदैन ।

"अर्जुन ! कर्तव्य अकर्तव्य छुटचाउनलाई शास्त्रकै प्रमाण मान्नुपर्दछ । त्यसैले शास्त्रमा बताए कैं कुरा राम्ररी संझेर हिंड्ने गर, त्यसैअनुसार कर्म गर्नुपर्दछ ।"

-९-

गीता-बोध

अध्याय-१७

श्रद्धाका प्रकारहरू

अर्जुन श्री भगवान्‌सँग विन्ती गर्दछन् –

"भगवान् ! विधिवत शास्त्रको नियम छाडेर श्रद्धापूर्ण यज्ञ गर्नेहरू सात्विक, राजसी वा तामसी के हुन्, बताई दिनुहोस् ।"

श्री कृष्ण भगवान् अर्जुनको जिज्ञासा शान्त पार्न भन्नु हुन्छ –

"सुन ! सबै प्राणीहरूमा भावैले (पूर्व जन्मको कर्मअनुसार) सत्व, रज र तम तीन प्रकारका श्रद्धा या गुण हुन्छन् । मनुष्यमा यिनै तीन प्रकारका गुण मध्ये आफ्नो स्वभाव (संस्कार) अनुसारको गुण वा श्रद्धा प्रधान हुन्छ ।

"सात्विक पुरुष देवताको पूजाआजा गर्दछन्, राजसीहरू राक्षस र यक्षहरूलाई पूजा गर्दछन् भने तामसीहरू भूत प्रेतलाई पूजा गर्दछन् ।

"शास्त्रको विधिविनाको घोर तप गर्दै मलाई धर्मात्मा भनुन् भन्ने आकांक्षा राख्ने, अहंकारी, कामवासनाको लोलुपता राख्ने इन्द्रियलाई कष्ट दिएर शरीर

आसुरी तप

भित्रको आत्मारूप मलाई दुःख दिने, विवेकरहित पुरुष आसुरी हो ।

"सात्विकी, राजसी र तामसीहरूलाई खानपान पनि स्वभावअनुसार अलगै प्रकारको मन पर्दछ; यिनीहरूले गर्ने तप, यज्ञ र दान पनि तिनै प्रकारका हुन्छन् ।

सात्विक स्वभाव र भोजन

"सात्विक पुरुषलाई सात्विक विचार, आयु, बल, आराम योग्य सुख र प्रेम बढाउने खालको स्थिर, रसिलो, चिल्लो मनलाई आनन्द दिने प्रकारको भोजन मन पर्दछ ।

राजसी भोजन

"राजसीहरूलाई तीतो अमिलो, नुनिलो, तातो, पिरो, रूखो खाद्यवस्तु मन पर्दछ, यस्तो खाद्यवस्तु पोल्ने, दुःख दिने, शोक लगाउने र रोग ग्रस्त गराउने प्रकारको हुन्छ ।

तामसी भोजन

"तामसी पुरुषले मन पराउने भोजन चिसो, साह्रै गनाउने, रस नभएको सुक्खा, बासी, फोहर, जूठो, अभक्ष (खान निषेध गरिएको) हुन्छ ।

तीन यज्ञ

"फलको इच्छा नराखी यज्ञ गर्नु कर्तव्य सम्झी, शान्त चित्तले विधिपूर्ण गरिने यज्ञ, सात्विक यज्ञ हो ।

"भरत श्रेष्ठ ! स्वर्गको फलको कामना गरेर गरिने यज्ञ वा अरूलाई देखाउनका निमित्त गरिएको यज्ञलाई राजसी यज्ञ भनेर जान, अनि शास्त्र विधिविना अन्न दान नगरी, मन्त्र उच्चारण नगरी, दक्षिणाबिना र श्रद्धासमेत नराखी गरिएको यज्ञ तामसी यज्ञ ठहर्दछ ।

"देवता, ब्राह्मण (निष्ठा भएको), गुरू, प्राज्ञ (ज्ञानी) को पूजा गर्नु, शरीर शुद्ध राख्नु, नम्र हुनु,

तीन प्रकारका तप-हरू

ब्रह्मचर्य व्रतमा रहनु, हिंसा नगर्नु आदि कर्मलाई शरीरले गरिने तप भनिन्छ ।

"अरूलाई नघोच्ने, साँचो बोल्ने, अरूको भलो गर्ने, वेद पढ्ने वचन वा बोलीलाई बचनको तप भनिन्छ ।

"मन प्रसन्न राख्नु, बक्‌बक् नबोल्नु, अरूको हित सोच्नु, चित्त रोक्नुलाई मनको तप भनिन्छ ।

"तसर्थ, फलको इच्छा नराखी कर्मयोगमा लागेर गरिने उपरोक्त तीन प्रकारका तप सत्वगुणी हुन्छन् ।

"आफ्नै सत्कार, मान, पूजा र देहका निमित्त गरिने तप अस्थिर वा चंचल हुन्छ र यसलाई राजसी तप भनिन्छ ।

" अरूलाई हानी गर्ने हेतुले खराब इच्छा राखी वा शरीरलाई कष्ट दिई गरिएको यज्ञलाई तामसी यज्ञ भनिन्छ ।

तीन प्रकारका दान

"दान गर्नु कर्तव्य सम्झी देश (तीर्थ), काल (पूजा, दान गर्नुपर्ने समय), पात्र (सुपात्र) छानी, फलेच्छा नराखी गरिएको दान सात्विक हो ।

"यो दानको बदलामा मैले यस्तो फल पाउनु पर्दछ भनी दिइएको दान, अरूलाई बदला लिन गरिएको दान वा गाह्रो मानी – मानी दिइएको दान राजसी दान हो ।

"देश, काल, पात्र नपारी वा हेला गरेर दिएको दान तामसी हो ।

" 'ॐ तत्‌सत्' भन्ने परमब्रह्मको नाम तीनपल्ट लिने गर्नु, यही 'ॐ' नामका एकाक्षरी परब्रह्मकै निर्देशमा सृष्टिको शुरूमा ब्राह्मण, वेद र यज्ञ रचना गरिएका हुन् ।

त्यसकारण, ब्रह्मवादी ज्ञानीहरू 'ॐ' मन्त्रोच्चरण गरेर वेदमा बताइएको विधिअनुसार यज्ञ, दान, तप गर्ने गर्दछ। 'तत्' भन्ने शब्द उच्चारण गरेर मोक्ष चाहनेहरू अनेक यज्ञ, तप र दान कर्म गर्दछन् । 'तत्' भनेको ब्रह्मकै नाम हो ।

" 'सत्' पनि ब्रह्मकै नाम हो । सदभाव र साधु-भावमा अथवा शुभकर्मको शुरूमा 'सत्' शब्द उच्चारण गरिन्छ ।

"यज्ञ, तप र दानमा स्थिर भाव राख्नु, यज्ञ, तप र दानको कर्मगर्नु समेतलाई 'सत्' भनिन्छ ।

"अश्रद्धाले गरिएको होम, दान, तप आदि कर्म 'असत्' भनिन्छ, यस्तो कर्मले यसलोक र परलोक दुबै लोकमा हित हुन्न ।"

-०-

गीता-बोध

अध्याय-१८

मोक्ष सन्यास-योग

अर्जुन अरू विन्ती गर्दछन्-

"ऋषिकेश, अव म सन्यास र त्यागको तत्व भिन्न-भिन्नै गरी जान्न चाहन्छु, आज्ञा होस् !"

श्री भगवान् अर्जुनलाई संझाउनु हुन्छ-

"काम्य कर्मत्याग गर्नु (स्त्री, पुत्र, धन, घरवार त्यागी, नित्य प्रायश्चित कर्म मात्र गर्नु) लाई कुनै सूक्ष्म-दर्शीहरू सन्यास भन्दछन्, तर विचारवान् पुरुषहरू सबै प्रकारको फल त्याग गरिएको कर्मलाई त्याग भन्दछन् ।

सन्यास र त्याग "कुनै विद्वान् कर्म छोड्नाले दोष लाग्दछ वा कर्म-बन्धन मै परिन्छ भन्दछन् अरू विद्वानहरू, यज्ञ, दान, तप र कर्मलाई कहिल्यै छोड्नु हुँदैन भन्दछन् ।

"धनन्जय, त्यागको विषयमा मेरो मत सुन! ज्ञानी पुरुषले चित्त शुद्ध गराउने यज्ञ, तप र दान छोड्नु कदापि हुँदैन । सबै प्रकारको फलको आसक्ति छोडेर यी शुभ कर्महरू गरिरहनु पर्दछ भन्ने मेरो निश्चित मत छ । तीन प्रकारका त्याग हुन्छन् ती हुन्-

तामस त्याग "स्वधर्मअनुसारको नियम कर्म पालन गर्नुपर्दछ, अज्ञानताले यस्तो कर्मको पालन नगर्नु वा त्याग गर्नुलाई तामस भनिन्छ ।

राजस त्याग

"यदि शरीरलाई कष्ट हुन्छ भन्ने डरले कर्मत्याग गर्दछ भने त्यो त्याग राजसी हो, यस्तो त्यागबाट कुनै फल मिल्दैन ।

सात्विक त्याग

"फलको आसक्ति छोडेर स्वधर्मलाई कर्तव्य संझी जो कर्म गरिन्छ त्यही सात्विक त्याग हो ।

साँचो संन्यासी

"राम्रो हुने काममा आसक्त पनि छैन, नराम्रो हुने काममा न विरक्ति नै यस्तो बुद्धिमान संशय रहित (विषय वासना रहित) तत्व ज्ञानी साँचो संन्यासी हो ।

"देहवान् पुरुषले सबै कर्मत्याग गर्न सक्तैन तसर्थ, कर्मको फलको त्याग गर्ने नै साँचो त्यागी वा संन्यासी हो ।

"फलेच्छा राखी कर्म गर्नेहरूलाई मृत्युपछि कर्मगुण अनुसार तीन प्रकारका फल मिल्दछन्-असल, खराब र यी दुई गुणको संमिश्रण । कर्मफलको इच्छा नभएका योगीलाई यस्तो कर्मफलको बन्धन हुँदैन ।

कर्मका पाँच कारण

"महाबाहु ! कुनै कर्म हुनपर्ने साख्यमतअनुसार पाँच कारण बताइएका छन्, ती कारण बताउँछु, सुन! अधिस्ठान (शरीरको स्थूल रूप), कर्ता (मै सबै गर्ने कर्ता हुँ भन्ने अहंकार), करण (दश इन्द्रिय, मन र बुद्धि), चेष्टा (प्राण, पान, ब्यान, उदान, समान पाँच वायु र नाग, कर्म, कृकल, देवदत्त, धनन्जय पाँच उप-प्राण समेत वायुको समूह = स्वास-प्रस्वास), तथा दैव (अधिस्ठान, कर्ता, कर्म र चेष्टालाई अनुग्रह गर्ने) यी नै पाँच कारण हुन् ।

"मानिसको शरीर, वचन र मनले गरिने धर्म–अधर्म वा जुनसुकै कर्म शुरू गराउने यिनै पाँच कारण हुन् ।

"सर्व कर्मका पाँच अधिष्ठान आदि कारण हुन् ता पनि इन्द्रियादिवाट अलग, सुखभोग नगर्ने आत्मालाई कर्ता रूप ठान्ने मूर्ख, विवेकहीन पुरुषले कहिल्यै आत्मालाई देख्तैन ।

"अहंकार नभएको (म कर्ता हुँ भन्ने भावना नभएको), अलिप्त बुद्धि भएको ज्ञानीले लोकैलाई मरे पनि त्यो मर्दैन भन्ने बुझ्दछ अनि त्यस्तो बुझ्ने पुरुषलाई कुनै वन्धन पनि लाग्दैन ।

ज्ञान ज्ञेय र ज्ञाता

"कर्म गर्न प्रेरणा दिने 'ज्ञान, ज्ञेय र ज्ञाता' को स्वरूप तीन प्रकारको भएझैं कर्म संग्रह पनि तीन प्रकारका छन्– कर्ता, कर्म, करण ।

ज्ञानका तीन भेद

"सत्व रज तम गुणको भिन्नताअनुसार ज्ञान, कर्म र कर्ता पनि तीनै प्रकारका छन् भनी सांख्यमा बताइएको छ, जस्ताको तस्तै भन्दछु, सुन–

सत्व

"सबै प्राणीमा भिन्नाभिन्नै रहेको आत्मा वास्तवमा अविभक्त र अव्यय (न बाँडिने र ननाशिने) एउटै तत्व हो भन्ने कुरो जान्ने ज्ञान सत्व ज्ञान हो ।

रज

"सबै प्राणीहरूमा रहेको आत्मा अलग अलग हो भन्ने धारणा राख्ने ज्ञान राजसी ज्ञान हो ।[1]

---

१. राजसी ज्ञानले मानिस धनी, गरीब, सुखी दुःखी मूर्ख–पण्डित भएको कारण अलग पुरुषमा अलग आत्मा रहेर हो भन्ने विचार गर्दछ ।

तम "तत्वको कारण नबुझी लिंडे ढिपी गर्ने अल्पज्ञान-
लाई तामस ज्ञान भनिन्छ ।

कर्मका तीन भेद "फलको आसक्ति छोडेर रिस राग नलिई, कर्तव्य संझी गरिने कर्मलाई सात्विक भन्नु पर्दछ ।

राजस कर्म "अहंकारले गरिएको कर्म, फलको आशा राखिएर गरिएको कर्म, जीउलाई अनेक कष्ट दिएर गरेको कर्म-लाई राजसी कर्म भन्दछन् ।

तामस कर्म "गर्ने लागेको कर्मले के कस्तो नाश वा हिंसा होला? यसको नतिजा कस्तो हुन्छ? आफ्नो सामर्थ्यले भ्याउँछ कि भ्याउँदैन यो सब विचारै नगरी मोहले गरिने कर्म तामसी हो ।

सात्विक कर्ता "सफलता र विफलतामा आसक्त नभएको, 'म' 'मेरो' भन्ने अहंकार छुटेको, धैर्य भै कर्म गर्ने कर्तालाई सात्विक कर्ता भन्दछन् ।

राजसी कर्ता "फलको इच्छा राख्ने, विषयमा आसक्त, लोभी अरूको विगार गर्ने, अपबित्र, हर्ष र शोक व्यक्त गर्ने पुरुष राजसी कर्ता हो ।

तामसी कर्ता "काममा मन नलगाउने, चंचल, विवेकरहित बुद्धि भएको, मूर्ख, अशिष्ट, ठग, अर्काको जीविका हरण गर्ने अरूलाई अपमान गर्ने, लोभी, क्षणको कामलाई पनि धेरै समय लगाउनेलाई तामसी कर्ता भनिन्छ ।

बुद्धि र धैर्यको भेद "धनन्जय, बुद्धि र धैर्यको पनि गुण अनुसार तीन प्रकारका भेद छन्, ती पनि भन्छु, सुन !

सत्व बुद्धि — "के कर्म गर्नु (प्रवृत्ति), के नगर्नु (निवृत्ति), कार्य र अकार्य (गर्नु नहुने काम) छुट्याउनु, केबाट डराउनु, केबाट नडराउनु, के कार्य गर्नाले जन्म मरणको बन्धनबाट मोक्ष पाइन्छ इत्यादि छुट्याउन सक्ने सात्विक बुद्धि हो ।

राजसी बुद्धि — "धर्म अधर्म, कर्म अकर्म छुट्याउन नसक्ने राजसी बुद्धि हो ।

तामसी बुद्धि — "अधर्मलाई धर्म ठान्ने, अज्ञानताले विवेक गुम्सिएको सबै कुराको उल्टो खेद्ने तामस बुद्धि हो ।

सात्विक धृति — "योगका कारणले (कर्मफल त्याग गरी) मन प्राण र इन्द्रियलाई निश्चल गरी धारण गरिने धैर्यलाई सात्विक धृति भनिन्छ ।

राजसी धृति — "प्रसंगअनुसार धर्म कर्म अर्थ प्राप्तिको कामना गरी लिएको धैर्य राजसी धृति भनिन्छ ।

तामसी धृति — "शोक, स्वप्न, भेद, विषाद मदलाई त्याग्न नसक्ने दुर्बुद्धिले धारण गरेको धृति तामसी हो ।

"अर्जुन ! अब तीन प्रकारका सुखका विषयमा पनि सुन! सात्विकी सुखको अभ्यासमा मरण भयो भने मोक्ष पाउँछ ।

सात्विक सुख — "आफ्नै बुद्धिलाई आत्मनिष्ठले शुद्धीकरण गरी प्राप्त भएको सुख आरम्भमा विष जस्तो कटु भए पनि पछि अमृत झैं सुखमय हुन्छ, यस्तो सुखलाई सात्विक सुख भनिन्छ ।

राजसी सुख

"इन्द्रियहरूले पाएको भौतिक सुख शुरूमा अमृतमय भए पनि अन्त्यमा विषतुल्य हुन्छ, यस प्रकारको सुख राजसी सुख भनिन्छ ।

तामसी सुख

"आलस्य, निद्रा तथा प्रमाद (मोह) बाट उत्पन्न भएको सुखले शुरूमा र अन्त्यमा पनि बुद्धिलाई मोह-जालले भ्रष्ट गर्दछ, यस्तो सुख तामसी हो ।

"पृथ्वी र आकाशमा (देवलोकमा) यस्तो कुनै वस्तु छैन जो सत्व रज तम गुणदेखि बाहिर रहेको होस् ।

चार वर्ण भेद

"ब्राह्मण, क्षेत्री वैश्य र शूद्र भनेर जातको विभाजन र कर्म यही सत्व रज, र तम गुणको आधारमा हुन्छ ।

ब्राह्मणले गर्ने नौ कर्म

"ब्राह्मणले शम (शुद्ध अंतस्करण), दम (इन्द्रिय नियन्त्रण गर्नु), तप (शरीर, वचन मनले गरिने कर्म), शौच (शारीरिक र मानसिक पवित्रता), क्षमा (क्रोध नगर्नु), आर्जव (कुटिल कर्मरहित हुनु), ज्ञान, विज्ञान तथा ईश्वरवादी हुनु नौ कर्म गर्नु पर्दछ ।

क्षत्रीयले गर्ने कर्म

"शूरो हुनु, बाठो हुनु, तेजस्वी हुनु, धीर हुनु, चतुर हुनु, दान दिनु, प्रजाको पालन गर्नु, युद्धबाट नभाग्नु क्षत्रीय कर्म हुन् ।

"खेती गर्नु, गाई वस्तु पाल्नु, व्यापार गर्नु वैश्य स्वभावजन्य कर्म हो अनि अन्य जातिहरूको सेवा गर्ने शूद्रको स्वभाविक कर्म हो ।

"यसरी आफ्ना आफ्ना स्वधर्ममा रही कर्म गर्नाले सिद्धि प्राप्त हुन्छ । प्राणीको सृष्टि गर्ने सर्वव्यापी परमात्मालाई स्वधर्मको कर्मले पूजा गर्ने प्राणीले पनि सिद्धि पाउँदछ ।

"आफ्नो धर्म भन्दा अरुले मानेको धर्मको आचरण सजिलो होस् तापनि पर–धर्मको आचरण गर्नु हुँदैन । आफ्नो धर्म दोषयुक्त छ भने पनि स्वधर्म पालन गर्दा केही पाप लाग्दैन ।

स्वधर्म श्रेष्ठ

"आगोमा धूँवा भएझैं सबै उद्योगमा, कर्ममा दोष हुन्छन् तापनि स्वधर्म नछोड्नू ।

"कुनै कुरामा आसक्ति नभएको, मन जितेको इच्छा-रहित कर्म गरी उच्च त्याग देखाउने पुरुषले नैष्कर्म सिद्धि (मोक्ष) पाउँछ ।

ब्रह्म भाव प्राप्ति

"अर्जुन ! ज्ञान प्राप्तिको सर्वोत्तम उपाय म बताउँछु, सुन, यस्तो ज्ञानद्वारा सिद्धि पाएका पुरुष ब्रह्ममा जान्छन् । शुद्ध बुद्धि भएको, सात्विक धैर्य धारण गर्ने, मन नियन्त्रण गर्ने, शब्दादि विषय वासना त्याग पर्ने, रीस राग नभएको पुरुष ब्रह्मभाव अथवा ईश्वरमा पुग्दछ । एकान्तमा रहने, थोरै भोजन गर्ने, वचन–मन शरीरलाई जित्ने (शरीर जन्य सबै इन्द्रिय जित्ने), सधैं ईश्वरको आराधनामा तन्मय रहने, वैराग्य लिने, पुरुषलाई ब्रह्म साक्षात्कार हुन्छ, अहंकार, वल, घमण्ड, काम क्रोध परिग्रह (स्त्री, पुत्र, घर सम्पत्तिको वन्धन) आदि सबै वन्धन छाडी मनलाई शान्त राख्ने ब्रह्मभावमै पुग्छ ।

परम भक्त

"म स्वयं ब्रह्म हुँ भन्ने दृढ निश्चय भएको सम्पूर्ण जीव प्राणीलाई समान देख्ने, चित्त शुद्ध भएको, वितेका कुरामा शोक नगर्ने, चाहना पनि नभएको पुरुषले मेरो परम भक्ति पाउने छ ।

"म, परमात्माई सर्वव्यापी, प्रकाशमय, अद्वितीय, अकर्ता, अभोक्ता, अज (नजन्मने), अमर, अखण्ड,

मोक्ष प्राप्ति

आनन्द, चैतन्य स्वरूप, शुद्ध छु भन्ने तत्व ज्ञानको यथार्थ बुझेको व्यक्ति मरेपछि ममै मिल्न आउँछ ।

"मेरै आश्रय लिएर सबै कर्महरू गर्ने पनि मेरो अनुग्रहले नै मोक्ष प्राप्त गर्दन् ।

अर्जुन-लाई चेता-वनी

"अर्जुन, सबै कर्म ममै प्रेमपूर्वक समर्पण गर, अनि ज्ञानयोगको आश्रय गरी ममा सदा चित्त दियौभने यो भवसागरको दुःखवाट पार पाउनेछौ, मेरो कुरा नमानी अहंकार गऱ्यौभने नाश हुनेछौ ।

गुणको बन्धन-ले कार्य गराउँछ

"हेर ! यदि तिमीले 'म युद्ध गर्दिन' भन्ने अहंकार लियौ भने पनि तिम्रो यो जिद्दी पुग्दैन किनभने यो सबै कुरो गर्ने गराउने प्रकृति गुण नै हो (सत्व, रज तम) अनि तिमोले नचाहेर पनि यो युद्ध हुने नै छ अनि तिमी लड्ने नै छौ ।

"जन्मँदा तिमीसँगै जन्मेका कर्मले बाँधिएका छौ, अर्जुन ! मोहबश तिमी जो कुरो गर्दिन भन्दछौ प्रकृतिका अधीनमा परी त्यही कुरो नगरी छाड्दैनौ ।

"सबै प्राणीका हृदयभित्र रहेको ईश्वरीय योग-मायाले यावत् जगत्लाई यन्त्रवत् घुमाइराखेको हुन्छ ।

"तसर्थ, भारत ! ईश्वरकै शरण पर ! ईश्वरकै प्रतापले तिमीलाई परम शान्ति र परमधाम (मोक्ष) मिल्ने छ ।

"तिमीलाई मैले यो अति गोप्य ज्ञान बताएँ । सबै कुरा विचार गरेर तिमी जो कुरो ठीक ठहऱ्याउछौ त्यही गर ।

"तर तिमी मेरो अत्यन्तै प्यारो भएको हुनाले तिम्रै हित हुने सबैभन्दा गुप्त ज्ञान बताउँछु, सुन !

"ममा नै मन, भक्ति राख, मेरै अर्चना र पूजा गर; यसरी ममै अर्पण गरी सबै गरेपछि ममै लीन हुनेछौ । सबै धर्महरू छोडी तिमी मेरै शरणमा पर, शोक छाड, म सबै पापमोचन गरिदिउँला ।

"भक्ति, तप नगर्ने; भक्तिको कुरो सुन्न पनि इच्छा नराख्ने अनि मेरो निन्दा गर्ने व्यक्तिलाई यो रहस्य कदापि नभन्नू । यो ज्ञानको रहस्य भक्तहरूलाई बताउने पुरुषको मप्रति भक्ति अरू बढ्नेछ र अन्त्यमा ममा नै मिलन आउनेछन् । यस्ता भक्त पुरुषहरूले मलाई प्रिय ठान्ने हुनाले, म पनि यिनीहरूभन्दा प्रिय अरूलाई संझन्न

गीता पाठको फल "यो तिम्रो र मेरो बीचमा भएको धर्मसम्वाद मन लाएर पढ्ने पुरुषले ज्ञान यज्ञ गरी म ईश्वरको पूजा गरेको ठाने हुन्छ, कुबुद्धि छाडी श्रद्धापूर्वक यो सबै सुन्ने पुरुष मुक्त भै धर्मात्माले पाउने लोकमै पुग्दछ ।

चेतावनी "धनन्जय ! यो संपूर्ण कुरो एकाग्र भई सुन्यौ कि सुनेनौ ? तिम्रो अज्ञानरूपी मोह नाश भयो कि भएन ?"

यी संपूर्ण ज्ञानका कुरा सुनिसकेपछि अर्जुनले आफ्नो कर्तव्य गर्ने दृढ निश्चय गरी श्री भगवान्सँग विन्ती गर्दछन् –

कर्तव्य पालन गर्ने संकल्प "जनार्दन ! यस भक्त उपरको अपार करुणाले गर्दा मेरा सबै मोह छुटेका छन्, म मेरो कर्तव्य गर्न तयार भएको छु, म हजूरको दिव्य उपदेशअनुसार युद्ध गर्नेछु ।"

उप संहार

महाभारतको युद्ध भूमिमा दुई पक्षका वीचमा भएको युद्धको तयारी अनि श्री कृष्ण भगवान् र अर्जुनका वीचमा भएको संवादको प्रत्यक्ष वर्णन महाराज धृतराष्ट्र-लाई बताई रहेका संजय, अर्जुनले युद्ध गर्ने संकल्प गरेपछि, विन्ती गर्दछन् –

"महाराज ! यो अद्भुत रोमान्चकारी संवाद (गीता), श्री वेदव्यसका कृपाले मैले दिव्य चक्षु पाएको हुँदा.श्री कृष्णकै मुखारविन्दवाट उत्तम कर्मयोगको अति गोप्य ज्ञान सुने । श्री कृष्ण भगवान् र अर्जुनको वीचमा भएको यो अद्भुत धर्मसंवाद संझदा म साह्रै हर्ष भइ-रहेको छु, राजन्! ती परम् परमात्मा हरिको विश्व–रूप सम्झेर कहिले छक्क पर्छु, कहिले खुशी हुन्छु । म ठान्दछु, यस युद्धमा जहाँ मुक्तिका स्वामी कृष्ण छन्, जहाँ धनुर्धारी अर्जुन छन् त्यहीं विजयश्री, अविनाशी ऐश्वर्य र साँचो न्याय र नीति पनि छ ।"

यो अन्तिम वाक्य संजयले महाराज धृतराष्ट्रलाई दिएको पाण्डव पक्षको संभाव्य विजयको संकेत थियो । उता युद्ध मैदानमा युद्ध गर्न तत्पर भएका अर्जुन जुर्मुराएर उठ्नेसाथ कुरूक्षेत्रमा कोलाहल छायो, सर्बनाशको कालो वादल सर्वत्र देखिन लाग्यो ।

समाप्त

सन्दर्भ ग्रन्थ – सूची

१. अधिकारी, कोमलनाथ, **कोमल गीता**, सर्वहितैषी कंपनी, २०३४

२. ईश्वरानन्द, स्वामी, **गीता तात्पर्य**, गीता प्रचार आश्रम, २०१५

३. गीता प्रेस, गोरखपुर, **श्रीमद्‌भगवद् गीता**, २००६

४. चक्रवर्ती, क्षितीशचन्द्र, **गीतामृत**, हीरालाल श्यामकृष्ण प्रधान, २०२०

५. चालिसे, चक्रपाणी, **संक्षिप्त महाभारत**, साझा प्रकाशन, २०३५

६. थपलिया, मु. हरिलाल, **श्रीमद्‌भगवद् गीता**, देवीप्रसाद थपलीया, २०२७

७. पौड्याल, कविशिरोमणि लेखनाथ, **गीतासार** (संक्षिप्त महाभारतको पेटमा परेको)

८. शर्मा, पं. धरणीधर, **श्रीमद्‌भगवद् गीता**, सनातन धर्म सेवा समिति, २०३५

९. शर्मा, ज्यो. पं. कमलनाथ, **श्रीमद्‌भगवद् गीता**, पं. कमलनाथ, २०३५

10. Sivananda, Swami, **The Bhagavad Gita**, The Devine Life Society, 1979.

पाना	हरफ	अशुद्ध	शुद्ध
क	३	लेखको	लेखकको
घ	७	क्रर	क्रूर
ङ	१२	वीजय	विजय
ञ	२४	नाउने	नाउले
ट	१६	निष्ठवान	निष्ठावान्
ठ	८	अनुर्विद्यामा	धनुर्विद्यामा
ठ	२६	रोख्न	रोक्न
ण	१५	वीजय	विजय
१	१३	सुर	शूर
१३	२२	पुषरूको	पुरूषको
१३	२८	मक्ष	मोक्ष
२२	१०	अर्जुलाई	अर्जुनलाई
२५	१३	तथ	तथा
२९	३	आज्ञात	आज्ञा त
३८	३	गोप्यराज	गोप्य राज
४२	१३	संमोह	असंमोह
४३	६	सहीतवरले	सही तवरले
४५	१२	स्त्राहरूमा	स्त्रीहरूमा
५४	१५	गको	गरेको
५६	१८	‘परपुरुष’	‘परंपुरुष’
६१	२२	अमिमान	अभिमान
७२	१७	साख्य	सांख्य
८०	९	वेदव्यस	वेदव्यास



ग्रन्थकार

जन्म : पूर्वी नेपाल ताप्लेजुङ आठराईको निघुरादिन गाउँ ।

शिक्षा : ताप्लेजुङ (क ख रा), दार्जीलिङ (स्कूल, तथा कलेज), ढाका (चिकित्सा) र लण्डन (प्याथोलजी) ।

सेवा : करीब १५ वर्ष स्वास्थ्य सेवाको क्षेत्रमा चिकित्सक तथा प्याथोलजीष्ट । हाल ४ वर्ष-यता प्राध्यापन ।

.... गीता मानिसलाई कर्ममा होम्ने यज्ञ हो । युद्धको बीचमा धनु त्यागेर "बन्धु मार्नुभन्दा बरू आफैं मारिन्छु, युद्ध गर्दिन" भनी कर्म त्याग्न तत्पर भएका अर्जुनलाई उठाउने, जगाउने, कर्तव्य-अकर्तव्य बोध गराउने, ज्ञान-अज्ञान बुझाउने, परमात्माको अनन्त सुखमय अविनाशी रूप चिनाउन समर्थ पार्ने दिव्य उपदेश यही गीता हो । गीताले आत्म-विश्वासको अजय शक्ति सृजना गर्दछ । ....

मुखपृष्ठ मुद्रक : जोर गणेश प्रेस प्रा. लि.,